# बृहस्पति सूत्र

अर्थात्

# बार्हस्पत्य राजार्थशास्त्र



प्रा. डा. बाबुराम ज्ञवाली

*किरण पुस्तकालय प्रकाशनमालाको उन्नाइसौं पुष्प*

# बृहस्पति सूत्र
# अर्थात्
# बार्हस्पत्य राजार्थशास्त्र

डा. बाबुराम ज्ञवाली

**किरण पुस्तकालय**
रेसुङ्गा नगरपालिका-८, चिदीचौर
तम्घास, गुल्मी, नेपाल
२०७७

# बृहस्पति सूत्र अर्थात् बार्हस्पत्य राजार्थशास्त्र

**Brihaspati Sutra or Political Economy of Brihaspati School of Thought**


**लेखक** : प्रा. डा. बाबुराम ज्ञवाली (Dr. B.R. Gewali) Cell: 9847038095

**प्रकाशक** : किरण पुस्तकालय
रेसुङ्गा नगरपालिका-८, चिदीचौर, तम्घास, गुल्मी, नेपाल
०७९-५२०२८७

**इमेल** : hamropurushartha@gmail.com

**वेभसाइट** : www.kiranpustakalaya.com

**संस्करण** : प्रथम, वि.सं. २०७७ (2021 A.C.E.)



**सर्वाधिकार** : प्रकाशकमा



**मूल्य** : १५०/-

ISBN : 978-9937-0-8321-8

Funded by : Rundhati Trust, Jyotinagar, Manigram, Rupandehi

*मुद्रणः फास्ट प्रिन्ट पब्लिकेशन, बुटवल, रूपन्देही*

*मो.: ९८५७०५७६६७, इमेल : fastprint.butwal@gmail.com*

# प्रकाशकीय

किरण पुस्तकालयबाट प्रा. डा. ज्ञवालीद्वारा लिखित बार्हस्पत्य राजार्थशास्त्रको यो पुस्तक प्रकाशित गर्न पाउँदा हामीलाई अत्यन्त प्रसन्नता भएको छ । यो एक शोध कृति हो । देवताका आचार्य गुरू बृहस्पतिले देवराज इन्द्रलाई राज्य सञ्चालनका लागि दिएको उपदेश नै बार्हस्पत्य नीति हो । कौटिल्यले आफ्नो विशाल ग्रन्थ अर्थशास्त्र लेख्दा यसबाट धेरै कुरा सिकेको स्वीकार गरेका छन् । राजनीतिशास्त्रका अन्य ग्रन्थमा पनि यस नीतिको प्रभाव देखिन्छ । यी सबै कुरा ज्ञवालीजीले तथ्य सहित यस पुस्तकमा प्रस्तुत गर्नु भएको छ ।

यस अघि उहाँको साहित्यिक कृति आधा जिस्ता पनि यस पुस्तकालयद्वारा प्रकाशित भएको थियो । पुस्तक प्रकाशन गर्ने अभिभारा यस पुस्तकालयलाई दिनु भएकोमा पुस्तकालय परिवार आभार व्यक्त गर्दछ । यसका साथै पुस्तक प्रकाशनको खर्च बेहोर्ने रून्धती ट्रष्टलाई यस परिवारले हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

विगतका प्रकाशन झैं यो पुस्तक पनि पाठकहरूद्वारा प्रशंसित हुनेछ भन्ने आशा गर्दछौं । यसका साथै विद्वान् समालोचकज्यूहरूबाट समुचित मूल्याङ्कन हुने छ भन्ने आशा समेत किरण पुस्तकालयले गरेको छ । हाम्रा नयाँ प्रकाशन तथा हाम्रो पुरूषार्थका अङ्कहरू वेभसाइट www.kiranpustakalaya.com मा पढ्न सकिने जानकारी पनि हाम्रा पाठकहरूलाई जानकारी गराउँदछौं ।

**किरण पुस्तकालय**
तम्घास, गुल्मी
वि.सं. २०७७

# किरण पुस्तकालयबाट हालसम्म प्रकाशित पुस्तक

१. बृहस्पति सूत्र अर्थात् बार्हस्पत्य राजार्थशास्त्र (शोध ग्रन्थ), २०७७
प्रा.डा. बाबुराम ज्ञवाली

२. गजल चालिसा (गजल संग्रह), २०७७ — मनबहादुर खत्री मनु

३. अमृतपान (प्रबन्ध संग्रह), २०७६ — वष्णु खनाल

४. हुटिट्याउँको मन (निबन्ध संग्रह), २०७६ — दीन पन्थी

५. आधा जिस्ता- कागजी पुस्ताका लागि (साहित्यक लेख संकलन), २०७६
प्रा.डा. बाबुराम ज्ञवाली

६. काव्यमालिका (जीवनदर्शनम्, कविताराशिः), २०७५ — डा. लक्ष्मीकान्त पन्थी

७. ग्रह विमर्श (ज्योतिषीय लेख संकलन), २०६८ — अर्जुनप्रसाद भट्टराई

८. तपोभूमि रेसुङ्गाधाम (रेसुङ्गाको परिचय), २०६७ — परशुराम उपाध्याय पन्थी

९. अर्वाचीन रेसुङ्गा (रेसुङ्गा प्रभुका समयको सांस्कृतिक इतिहास), २०६४
डा. टीकाराम पन्थी

१०. सांस्कृतिक चिन्तन (सांस्कृतिक लेख संकलन), २०६२
डा. टीकाराम पन्थी

११. मानवताको कलङ्क : जातपात र छुवाछुत, २०५८
मोदनाथ प्रश्रित

१२. गुल्मीको ऐतिहासिक झलक, २०५५ — डा. राजाराम सुवेदी

१३. मेरो देश नेपाल, २०५४ — मुकुन्दहरि ज्ञवाली

१४. बुद्धस्मरणम् (संस्कृत खण्ड काव्य), २०५४ — डा. टीकाराम पन्थी

१५. नेनेपालः (संस्कृत काव्य), २०४४ — डा. टीकाराम पन्थी

१६. रूरूक्षेत्र (रूरूक्षेत्रको धार्मिक परिचय), २०४३ — केशवप्रसाद पौडेल

१७. केही जनश्रुतिहरू (पाल्पा, अर्घाखाँची र गुल्मीका जनश्रुतिहरूबारे सोध) २०४२
डा. टीकाराम पन्थी

१८. रेसुङ्गाका आध्यात्मिक कृति (तीन आध्यात्मिक कृति), २०३६
महाप्रभु लक्ष्मीनारायण,
योगकुमार,
लीलाम्बर भुसाल

१९. सन्त शशिधरको बाणोपनिषद्, (निर्गुण भजन र उपदेश संग्रह), २०३३
स्वामी शशिधर

# मन्तव्य

प्रा. डा. बाबुराम ज्ञवालीद्वारा संस्कृत भाषाको पुस्तिका बार्हस्पत्य अर्थसूत्रको नेपाली अनुवादको पुस्तक हाम्रो अगाडि छ । यसमा धेरै अघि संकलन गरिएका बृहस्पतिले रचना गरिएको भनिएका सूत्रहरू छन् । कौटिलीय अर्थशास्त्र र शुक्रनीतिका आधारमा पौरस्त्य आर्थिक चिन्तनबारे अनुसन्धान गर्नुभएका ज्ञवालीले त्यस यता पौरस्त्य अर्थशास्त्रको विषय वस्तुलाई नेपाली समाजमा ल्याउने काममा निरन्तर लाग्नु भएको छ । जुन मेरोलागि अत्यन्त खुशीको कुरा हो । उहाँले नेपाली र अङ्ग्रेजी दुवै भाषामा पौरस्त्य अर्थशास्त्रको विषय वस्तु र त्यसको सान्दर्भिक महत्त्वलाई आफ्नो लेखनको आधार बनाउनु भएको मैले पाएको छु ।

यस अघि उहाँले कौटलीय अर्थशास्त्र र शुक्रनीतिका अर्थव्यवस्थाहरू, पूर्वीय अर्थशास्त्र- प्राचीनतम तथ्य आधुनिकतम जानकारी, ओरिएन्टल इकोनोमिक्स रिभिजिटेड तथा कौटिलीय अर्थशास्त्र एन्ड बार्हस्पत्य अर्थसूत्र विषयक ग्रन्थ प्रकाशित गरेर पौरस्त्य सिद्धान्तलाई लोकप्रिय बनाउन परिश्रम गर्नु भएको छ । सोही क्रमको निरन्तरतामा यो नयाँ पुस्तक आएको हो ।

डा. ज्ञवालीजीको निरन्तरतामा थप भएको यो प्रयास विद्वान्हरूबाट समुचित मूल्याङ्कन हुने छ भन्ने आशा गर्दछु ।

वि.सं. २०७७ मंसिर ३

**प्रा. दिनेशराज पन्त**
धुम्बाराही, काठमाडौं

# भूमिका

पूर्वीय अर्थशास्त्रको यस ग्रन्थमा यहाँलाई स्वागत छ । यस पुस्तकको पृष्ठभूमि वि.सं. २०६७ मा त्यसबेला तैयार भएको थियो जब मैले कौटिल्य र शुक्रका आर्थिक विचारहरूको तुलनात्मक विषयमा शोध ग्रन्थ तयार गर्दै थिएँ । कौटिलीय अर्थशास्त्रको सुरूमा नै उनले  बृहस्पति र शुक्र प्रति आफ्नो सम्मान व्यक्त गरेका छन् । त्यसैले बृहस्पतिका विचारहरूलाई मैले महत्त्वपूर्ण ठानेको छु ।

बृहस्पतिको एउटा पर्याय हो गुरू । यसको अर्थ के हो भने बृहस्पति पछि नै गुरू शिष्य परम्परा अथवा  सम्प्रदाय (school of thought) को विधिवत् प्रारम्भ भएको हो । सम्प्रदायको अर्थ हो प्रत्यक्ष र अप्रत्यक्ष शिष्य परम्परा । बृहस्पतिको यस परम्परालाई बार्हस्पत्य भनिन्छ ।

बृहस्पतिका आर्थिक राजनीतिक विचारहरूबारे जानकारी लिने क्रममा इन्टरनेटमा खोजी गर्दा बृहस्पति सूत्रको पि डि एफ प्रति भेटाएँ । कौटिलीय अर्थशास्त्र (तेस्रो शताब्दी वि.सं.पू.) देखि राजनीतिरत्नाकरसम्म (विक्रमको चौधौं शताब्दी) का रचनाहरूमा आचार्य बृहस्पतिको ससम्मान उल्लेख पाइन्छ । तथापि बृहस्पतिको नामले अर्थशास्त्र नाम गरेको त्यस्तो विशाल ग्रन्थ फेला पर्दैन जस्तो चर्चा नीतिकारहरूले गरेका छन् । एफ डब्लु थोमसद्वारा सन् १९२१ मा प्रकाशित गरिएको एक मात्र सानो संकलन उपलब्ध छ जसलाई संकलनकर्ताले बार्हस्पत्य अर्थशास्त्र नाम दिएका छन् । तर विद्वान्हरूले यसलाई कुनै विशाल ग्रन्थको सानो भाग हुनसक्ने अनुमान भने गरेका छन् । यद्यपी बृहस्पतिको नामले अर्को स्वतन्त्र ग्रन्थ बृहस्पति स्मृति पनि छ । तर पनि यस पुस्तकमा केवल बृहस्पति अर्थसूत्र लिइएको छ ।

बृहस्पति अर्थसूत्रमा त्यस समयका अनेक सार्वभौमसत्ता सम्पन्न, स्वतन्त्र देशको नाम सूचीमा उल्लिखित नेपालको नाम पनि यस पुस्तकको

नेपाली अनुवाद तर्फ रूचि बढाउने एउटा कारण बनेको हो । तर त्यस अनुवादलाई पूर्णता दिने अवसर कोविड १९ को महामारीले जुटाइदियो । महामारी नियन्त्रण गर्न विश्व स्वास्थ्य संगठनको सिफारिश अनुरूप नेपाल सरकारले शैक्षिक संस्था, पसल, सार्वजनिक भेलाका कार्यक्रम सबै बन्द गर्दै देशवासीहरूलाई अर्को सूचना प्राप्त नहुञ्जेल सबैलाई अत्यावश्यक कार्य बाहेक घर बाहिन ननिस्कन (लकडाउनमा) अनुरोध गर्‍यो । वि.सं. २०७६, चैतको दोस्रो सातादेखि सुरू भएको लकडाउन आठ महिना पछि विस्तारै खुकुालो हुँदै गयो । यातायात, कार्यालय, पसल, शैक्षिक संस्था, भेला बैठक आदि विस्तारै सञ्चालन हुन थाले ।

लकडाउनको यस अवधिमा मलाई पूर्वीय आर्थिक सिद्धान्त, त्यसको उपयोग, व्यावहारिकता र सान्दर्भिकता विषयमा चैतन्य इन्स्टीट्युट अफ् म्यानेजमेन्ट, काठमाडौं सत्सङ्ग प्रतिष्ठान, देवघाट, गण्डकी प्रज्ञा सभा, पोखरा, काली गण्डकी ज्ञानविज्ञान प्रतिष्ठान, स्याङ्जा, गणेशमान सिंह बहुमुखी क्याम्पस, काठमाडौं, विपद् व्यवस्थापन समिति गुल्मी काठमाडौं सम्पर्क समिति, नेपाली कांग्रेस गुल्मी, प्राध्यापक बहस चौतारी, काठमाडौं, प्रगतिवादी युवा समाज नेपाल, आध्यात्मिक पत्रकार समाज नेपाल लगायतका लगभग एक दर्जन औपचारिक र अनौपचारिक संगठनहरूले आयोजना गरेका भेलाहरूमा विचार विमर्श गर्ने अवसर प्राप्त भयो ।

हुन त, यस अघि मैले वि.सं. २०७० मा भारत स्वाभिमान पतञ्जलि योग पीठ, हरिद्वारमा, वि.सं.२०७१ मा नेपाल भारत मैत्री संघको दुई देशीय समितिको संयुक्त कार्यक्रम, नौतनवाँमा, वि.सं. २०७१ इनर व्हील रोटरी क्लब अफ बुटवल, वि.सं. २०७२ मा रोटरी क्लब अफ् तिलोत्तमा बुटवल, वि.सं. २०७३ मा रोटरी क्लब अफ् डाउन टाउन बुटवल, तथा वि.सं. २०७५ मा प्राज्ञिक विद्यार्थी परिषदद्वारा आयोजित सभाहलका कार्यक्रममा पूर्वीय अर्थशास्त्र शीर्षकहरूमा व्याख्यानहरू प्रस्तुत गरिसकेको थिएँ भने बुटवल उद्योग वाणिज्य संघ, तिलोत्तमा उद्योग वाणिज्य संघ, लुम्बिनी साकोस, सावियो साकोस, नेपाल जेसीज, वैदिक धर्म परिषद लगायतका संस्थाहरूले आयोजित गरेका कार्यक्रमहरूमा पनि पूर्वीय आर्थिक सिद्धान्त बारे पावर

प्वाइन्ट कार्य पत्र प्रसतुत गरेको थिएँ । तर पनि वेबिनारहरूको पहुँच क्षेत्र अलि विस्तृत र तुलनात्मक रूपमा सरल प्रस्तुतीकरण तुलनात्मक रूपमा सरल अनुभव भयो। वेबिनारहरूमा सहभागीहरूको पूर्वीय अर्थशास्त्रमाथिको रूचि देखेर मैले आचार्य बृहस्पति सूत्रको अनुवादलाई तत्काल पुस्तकाकार रूप दिने प्रयास गरेको हूँ ।

निश्चित रूपमा, यस पुस्तकमा उल्लेख गरिएका सूत्रहरू थोमसको संकलनबाट प्राप्त गरिएका छन् तर त्यसमा उल्लेख गरिएका सूत्र संख्याले गर्दा कुनै कुनै सूत्रको अर्थ अस्पष्ट हुन गएको ठानी सूत्रहरूलाई अन्य निकटतम सूत्रसंग जोडेर वा छुट्टयाएर थोमसको सूत्र संख्या तथा अनुवादमा अलिकति संशोधन गरेको छु ।

कौटिलीय अर्थशास्त्रका विपरीत अर्थसूत्रको सोध अध्ययन अत्यन्त कम भएको छ त्यसैले यसमा अध्ययन, अनुसन्धान र सम्पादन गर्नेलाई प्रशस्त ठाउँ छ भन्ने आधारमा त्यसो गर्नु स्वाभाविक ठानिएको छ ।

थोमसको अनुवाद पनि कतिपय स्थानमा मलाई अस्पष्ट लागेकोले कतिपय सूत्र र सो को अर्थ स्पष्ट गरीदिनु हुने संस्कृत भाषाका विद्वान् आदरणीय गुरू प्रा. दिनेशराज पन्तलाई हार्दिक आभार व्यक्त गर्दछु। उहाँले प्रत्येक सूत्र र त्यसको अर्थबारे मलाई उपयोगी सुझाव दिएर कृतार्थ गर्नु भएको छ। संस्कृत भाषाको शुद्धाशुद्धिका लागि विश्व हिन्दु महासंघबाट नियमित प्रकाशित हुने पत्रिका ॐ ज्ञानज्योतिका सम्पादक श्री कृष्णप्रसाद कोइराला तथा नेपाली भाषाको शुद्धाशुद्धिका लागि राममणि क्याम्पसमा नेपाली विषयका सहप्राध्यापक गोपाल पन्थीसँग सहयोग प्राप्त गरेको छु । यसका लागि उहाँहरू दुवैलाई धन्यवाद दिन चाहन्छु ।

यो बृहस्पति सुत्रका सामान्य अनुवाद होइन । शोधपूर्ण अनुवाद हो। जसमा अनेक सन्दर्भ टिप्पणीहरू छन्। सान्दर्भिक टिप्पणीका लागि मुख्यतः कौटिलीय अर्थशास्त्र, शुक्रनीति, महाभारत, मनुस्मृति, कामन्दकीय नीतिसार, पञ्चतन्त्र तथा राजनीति रत्नाकर ग्रन्थको सहयोग लिएको छु। यी सबै विशेषताले गर्दा भावी शोध अनुसन्धानका लागि समेत यो पुस्तक उपयोगी हुनेछ भन्ने विश्वास लिएको छु ।

बृहस्पति अर्थसूत्रको नेपाली अनुवाद अहिलेसम्म नभएकोले पनि यस कार्यलाई सान्दर्भिक ठानेको छु । महाभारत, कौटिलीय अर्थशास्त्र, कामन्दकीय नीतिसार, राजनीतिरत्नाकर, बृहस्पति स्मृति, भविष्य पुराण, गरूड पुराण लगायतका विभिन्न ठाउँमा छरिएर रहेका आचार्य बृहस्पतिका विचारको समन्वयात्मक अध्ययन भएको छैन । यी सबैको एक मुष्ट अध्ययन हुन सकेमा बार्हस्पत्य अर्थशास्त्रका विस्तृत विषय वस्तुबारे केही अनुमान गर्न सकिने छ । पूर्वीय अर्थशास्त्रमाथि शोधको क्रममा वृद्धि भएको तथा अर्थशास्त्र विषयका उच्च पाठ्यक्रममा पूर्वीय अर्थशास्त्रको पाठ्यवस्तु समावेश भएकोले यस विषयमा भावी शोधकर्ताहरूले विशेष योगदान गर्ने छन् भन्ने आशा गर्न सकिन्छ ।

अन्तमा यो पुस्तक मेरा १०८ वर्षीय पिता र विं.सं. २०३५ मा स्वर्गीय हुनु भएकी माता रून्धतीलाई समर्पण गर्दछु ।

प्रकाशनमा रूचि लिनुहुने किरण पुस्तकालय तथा हाम्रो पुरूषार्थ प्रकाशन परिवारलाई आभार व्यक्त गर्दछु । विगतमा जस्तै यस पुस्तकबारे पाठकहरूका राय मेरालागि अत्यन्त मूल्यवान् हुने छन् किनभने सुधारको पथ अन्तहीन छ ।

वि.सं. २०७७ (सन् २०२१)
तिलोत्तमा नगरपालिका-८, ज्योतिनगर, मणिग्राम
९८४७०३८०९५

# विषय सूची


| | | |
|---|---|---|
| . | राजार्थशास्त्रको पौरस्त्य परम्पराः संक्षिप्त परिचय | १ |
| | बृहस्पति अर्थ-सूत्र संक्षेपमा | ११ |
| १. | राजवृत्त निरूपण | १३ |
| २. | राजकर्तव्य | २६ |
| ३. | मन्त्रदेशकाल | ३६ |
| ४. | शुभाशुभ | ४९ |
| ५. | उपाय | ५४ |
| ६. | नाना प्रकरण | ५८ |
| | उपसंहार | ६१ |
| | सन्दर्भ सूची | ६३ |
| | परिशिष्ट | ६९ |
| | तालिका १ समानान्तर वाक्यांश | ९ |

**देवानां च ऋषीणां च गुरूं काञ्चनसंनिभम् ।**
**बुद्धिभूतं त्रिलोकेशं तं नमामि बृहस्पतिम् ॥**

सम्पूर्ण देवता तथा ऋषिहरूलाई ज्ञान प्रदान गर्ने, सुन जस्तो चमक भएका, बुद्धिका अधिष्ठाता र तीनलोकका स्वामी बृहस्पतिलाई नमन छ ।

# राजार्थशास्त्रको पौरस्त्य परम्परा : संक्षिप्त परिचय

सन् १९०२ मा प्रकाशित विलियम आर्कीबाल्ड डनिङ्गको पुस्तक 'अ हिष्ट्री अफ पोलिटीकल थ्योरिज- एन्शेन्ट एन्ड मेडिएभल' मा उनले पौरस्त्य विचारकहरूले राजनीतिक चिन्तनको क्षेत्रमा कुनै योगदान दिन नसकेको उल्लेख गरेका छन् ।[१] संभवतः उनलाई कामन्दकीय नीतिसारको अङ्ग्रेजी अनुवादको जानकारी थिएन । जुन सन् १८९६ मा प्रकाशित भएको थियो । सन् १९०९ मा कौटिलीय अर्थशास्त्रको पुनरूद्धार पछि भने पाश्चात्त्य विद्वान्हरूले पौरस्त्य राजनीतिक चिन्तनको उच्चतालाई स्वीकार गरेका हुन् । अर्थशास्त्र[२] विषयको उत्पत्ति सम्बन्धमा महाभारतमा यस्तो वर्णन पाइन्छ- 'धेरै अघि न कुनै राज्य थियो, न राजा । समस्त प्रजाले धर्मद्वारा एक अर्काको रक्षा गर्दथे । पछि लोभ र मोहले ग्रस्त भई ज्ञान शून्य भएर उनीहरूले एक अर्कालाई दुःख दिन थाले । उनीहरू स्वार्थी हुँदै गए ।

[१]राघवेन्द्र वाजपेयी, बार्हस्पत्य राज्य व्यवस्था, (वाराणसी : चौखम्बा विद्याभवन, वि.सं.२०२३), आमुख पृ. ९ ।

[२]आधुनिक समयको अर्थशास्त्र (इकोनोमिक्स) विषय धन आर्जन र खर्चमा केन्द्रित हुन्छ भने पौरस्त्य अर्थशास्त्रमा धन आर्जन र खर्च बाहेक अन्य विषय वस्तु पनि समेटिएको हुन्छ । अर्थशास्त्रलाई परिभाषित गर्दै आचार्य शुक्रले भनेका छन्- 'श्रुतिस्मृति अन्तर्गत रहेर जुन शास्त्रमा राजवृत्त, शासन, तथा असल युक्तिपूर्वक धन आर्जनका विधिहरू वर्णन गरिएको हुन्छ, त्यस विषयलाई अर्थशास्त्र भनिन्छ ।' शुक्रनीति सार, अनुवादक जगदीश्वरानन्द सरस्वती, (सोनीपत, हरियाणा : रामलाल कपूर ट्रष्ट), वि.सं. २०६५, अध्याय ४ प्रकरण ३ श्लोक ५६ । कौटिल्यका अनुसार- 'मानिसहरूको वृत्ति-जीविका नै अर्थ हो । मानिसहरू भएको भूमि, त्यस भूमिलाई प्राप्त गर्ने र त्यसको रक्षा गर्ने उपायहरू निरूपण गर्ने शास्त्र नै अर्थशास्त्र हो ।' कौटिल्यको अर्थशास्त्र, अनुवादक केशवराज अर्याल तथा सम्पादक सोमनाथ शर्मा, काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०२४, अधिकरण १५ अध्याय १ । अमरकोशमा अर्थशास्त्रलाई आन्वीक्षिकी, दण्डनीति र तर्कशास्त्रको पर्यायवाची बताइएको छ । राजनीतिरत्नाकरमा यसलाई राजार्थशास्त्र भनिएको छ । पञ्चतन्त्रका रचनाकारले भने यसलाई नयशास्त्र भनेका छन् ।

समाजमा अशान्ति र अराजकताको चरम भए पछि देवताहरू जम्मा भई पितामह कहाँ गए । पितामह ब्रह्माले तिनीहरूको कुरा सुनेर लोक कल्याणका लागि एक लाख श्लोकको नीतिशास्त्र रचना गरे । यस पैतामह तन्त्रमा अर्थ, काम, र धर्मको विस्तृत वर्णन गरिएको थियो । त्यसैले यसको एक नाम त्रिवर्ग पनि हो ।'[३] यस त्रिवर्गले प्रजामा पुनः सुखशान्ति स्थापना गएको हो । यस विवरणमा दुई प्रकारका राज्यविहीन समाजको विवरण दिइएको छ– पूर्णतया सुखशान्ति सहितको राज्यविहीनता तथा मात्स्यन्याय भएको राज्य विहीनता ।

पितामह ब्रह्माले रचना गरेको यस ग्रन्थमा निम्नलिखित विषयवस्तुको विवरण रहेको बताइएको छ[४]–

१. त्रयी– ऋग्वेद, यजुर्वेद र सामवेद
२. आन्वीक्षिकी– न्यायशास्त्र जसमा कार्यकारण सम्बन्धको व्याख्या गरिएको हुन्छ
३. वार्ता– कृषि, पशुपालन र पण्यशास्त्र
४. दण्डनीति– राजनीति र व्यवहारशास्त्र

तर यो ग्रन्थ ज्यादै विस्तृत भएकोले मानिसहरूलाई बुझ्न सरल होस् भनेर यसलाई विशालाक्ष, बाहुदन्तीपुत्र, बृहस्पति र शुक्रले क्रमशः संक्षिप्त र सरल बनाउँदै पुनः प्रस्तुत गरेका हुन् ।[५]

**वैशालाक्ष तन्त्र**[६]

महाभारत (५९.८१) अनुसार, सृष्टिकर्ता ब्रह्माजीद्वारा रचना गरिएको अर्थ, काम, धर्म, र मोक्ष चार पुरूषार्थ भएको विशाल ग्रन्थलाई सर्वप्रथम वैशालाक्षले ग्रहण गरे । विशालाक्ष शङ्करको पर्याय हो । विशालाक्षको अर्थ हो ठूला आँखा भएका अर्थात् जसले धर्म, अधर्म, नीति अनीति, सबैलाई

---

[३]दण्डनीति उत्पत्तिको सम्बन्धमा महाभारतसँग मिल्दोजुल्दो प्रसङ्ग शुक्रनीति १.३-४ र बृहस्पति स्मृति १-११, मा पनि पाइन्छ ।

[४]महाभारत शान्ति पर्व, (गोरखपुर : गीताप्रेस, वि.सं. २०६०), ५९.३३ ।

[५]कौटिलीय अर्थशास्त्रको प्रारम्भमा 'नमो शुक्रबृहस्पतिभ्याम्' भनेर महाभारतको यस परम्परालाई अप्रत्यक्ष रूपमा समर्थन गरिएको छ ।

[६]कल्याण नीतिसार अङ्क ७०, (गोरखपुरः गीताप्रेस, वि.सं. २०६४), पृ. ३१-३५ ।

देख्छन् । आफ्नो प्राणलाई जोखिममा हालेर पनि संसारलाई जोगाउनु पर्छ भन्ने नीतिका प्रतिपादक विशालाक्षका राजधर्म सम्बन्धी नीतिहरू यस प्रकार छन्– राजोचित, व्यवहारको पालन, गुप्तचर नियुक्ति, सत्य प्रतिज्ञ रहनु, प्रसन्न रहनु, कार्य व्यस्ततामा कुपित नहुनु, भृत्य र आश्रितको पोषण गर्नु, योद्धाहरूको सत्कार गर्नु, धर्मपूर्वक प्रजाको पालन गर्नु पर्छ । जसले धर्मको रक्षा गर्छ उसको धर्मले रक्षा गर्छ । राजाले आफूलाई विनयसम्पन्न बनाएर सेवक र प्रजाहरूलाई विनयको शिक्षा दिनु पर्छ ।

विशालाक्षले अनुमोदन गरेका मानिसको सामाजिक व्यवहारका नीतिहरू यस प्रकार छन्– मानिसले जस्तो कर्म गर्छ, सोही अनुसारको फल प्राप्त गर्छ । त्यसैले मन, वाणी र क्रियाद्वारा पाप गर्नु हुँदैन । शुभ-अशुभ कर्ममा आफूलाई साक्षी ठानेर कर्म गर्नु पर्छ । सुखदुखमा सम रहनु पर्छ । आसक्तिबाट बच्नु पर्छ । यसका लागि बढी आासक्ति हुने कुरामा दोष दृष्टि गर्नु पर्छ । तृष्णा बराबर अर्को ठूलो दुख केही छैन । अर्थ नै सबै अनर्थको मूल हो । यसको आर्जनमा मात्र होइन रक्षा, व्यय र नाश सबै काममा दुख छ । गाईको सेवा गर्नु पर्छ किनभने तिनीहरू सौम्य, पुण्यप्रदायक र कामना पूरा गर्ने हुन्छन् ।

प्रत्येक गृहस्थ शील सदाचार सम्पन्न इन्द्रिय नियन्त्रण गर्ने हुनु पर्छ । संसारमा सर्वाधिक आश्चर्य के छ भने मानिसका इन्द्रिय प्रतिक्षण शिथिल हुँदै गइरहेका छन्, आयु नष्ट हुँदै गएको छ तर पनि संसारमा मानिसहरूलाई सांसारिक भोगमा सुखको भ्रम भइरहेको छ ।

**बाहुदन्तक नीतिशास्त्र**

विशालाक्षले दस हजार श्लोकमा संक्षेपीकरण गरेको शास्त्रलाई इन्द्रले पाँच हजारमा संक्षेपीकरण गरे, जसलाई बाहुदन्तक भनिन्छ ।[७] देवराज इन्द्रलाई दैवी नीतिका संरक्षक मानिसन्छ । दैवी नीति भनेका असल गुणहरू हुन् जसले मानिसलाई श्रेष्ठता तर्फ लैजान्छन् । इन्द्रलाई व्यक्ति र पद दुई रूपमा व्याख्या गरिन्छ । देवताहरूले आफूमध्येबाट एक जना छनौट गरी शासकको रूपमा नियुक्त गर्छन्, त्यो नै इन्द्र पद हो । सुधर्मा नाम

[७]पूर्ववत्, पृ. ३६ ।

गरेको इन्दसभा अत्यन्त विशिष्ट मानिन्छ । यस सभामा नीति र न्यायको हरेक अवस्थामा रक्षा गरिन्छ ।

इन्द्रले कस्तो मानिसलाई सम्मान गर्नु पर्छ सो कुरा स्पष्ट गर्दै भनेका छन्- अर्थ, काम र धर्मको चिन्तन गर्दा जसको बुद्धि कहिल्यै अधर्ममा लाग्दैन, आफूलाई प्राप्त भोगहरूबाट जो सन्तुष्ट छ र अरूका भोगहरू देखेर इच्छा बढाउँदैन, जसले मधुर बोल्छन्, बोल्न सिपालु छ, अहंकार र कामनाको अभाव छ र जो सबैबाट पूजनीय छ, कुनै कुरामा आसक्ति नभएका, धर्ममा तत्पर, इन्द्रियवशमा राख्ने, पर्वत समान अचल निष्ठा भएका मानिसहरूको मैले मनैमन सधैं पूजा गर्छु ।

तपस्या श्रेष्ठ कर्म हो तर गार्हस्थ धर्म अझ श्रेष्ठ छ किनभने यसमा सबै प्रकारका तपस्याहरू छन् । जुन गृहस्थले अतिथि, देवता, र पितर्लाई दिएपछि मात्र खान्छ उसले यज्ञबाट बचेको पवित्र अमृतमय अन्न खाएको भनिन्छ ।

**कौटिलीय अर्थशास्त्र**

राजार्थशास्त्रका ग्रन्थहरूमा कौटिलीय अर्थशास्त्र सर्वाधिक विशिष्ट मानिन्छ । चन्द्रगुप्तका प्रधानमन्त्री आचार्य कौटिल्यले वि.सं.पू. ३०० मा यसको रचना गरेको मानिएको छ । जायसवालका मत अनुसार, कौटिलीय अर्थशास्त्रमा जुन नामहरूलाई सामान्य व्यक्तिको रूपमा उल्लेख छ महाभारत शान्तिपर्वमा तिनीहरूलाई देवरूपमा प्रतिष्ठित गरिएको हुनाले शान्तिपर्वको यो खण्डभन्दा कौटिलीय अर्थशास्त्रको विषयवस्तु पुरानो हुनसक्छ ।[८] कौटिलीय अर्थशास्त्र लेखिने समयसम्म अर्थशास्त्रका अनेक ग्रन्थहरू उपलब्ध थिए । त्यसैले उनले भनेका छन्- 'पृथ्वीको पालनका लागि मभन्दा अगाडिका आचार्यहरूले जे जति अर्थशास्त्र ग्रन्थहरू (अर्थशास्त्राणि) रचना गरेका छन्, ती सबैको अध्ययन गरेर मैले यो ग्रन्थ रचना गरेको छू ।'[९] अर्थशास्त्रको विषय वस्तु व्याख्या गर्ने क्रममा आचार्य कौटिल्यले ११२ स्थानमा पूर्वाचार्यहरूको

---

[८]के पी जायसवाल, हिन्दु पोलिटी, (फिफ्थ एडिशन), (बेंगलोर : द बेंगलोर प्रिन्टिंग एन्ड पब्लिशिंग कम्पनी लिमिटेड, सन् १९७८), पृ. ६ फुटनोट ।

[९]पृथिव्या लाभे पालने च यावन्त्यर्थशास्त्राणि पूर्वाचार्यैः प्रस्थापितानि प्रायशस्तानि संहृत्यैकमिदमर्थशास्त्रं कृतम् ।

कथन, सिद्धान्त, विश्लेषण, र उदाहरणहरू प्रस्तुत गरेका छन् । उनले सम्प्रदायको रूपमा बार्हस्पत्य छ पटक, औशनस सात पटक, पराशर छ पटक, मानव पाँच पटक र आम्भीको एक पटक उल्लेख गरेका छन् । व्यक्तिगत आचार्यको रूपमा भारद्वाजलाई सात पटक, वैशालाक्षलाई छ पटक, वातव्याधिलाई पाँच पटक, पिशुनलाई पाँच पटक, कौणपदन्तलाई चार पटक र बाहुदन्तीपुत्रलाई एक पटक उद्धरण गरेका छन् । बाँकी ५९ उद्धरणहरूमा उनले मेरो आचार्य, आचार्य वा अन्य भनी उल्लेख गरेका छन् ।[१०] यस बाहेक उनले आफू विशेष रूपमा सहमत वा असहमत भएका उद्धरणलाई इति कौटिल्य र नेति कौटिल्य भनी उल्लेख गरेका छन् ।

**बृहस्पति स्मृति र बार्हस्पत्य अर्थसूत्र**

कौटिलीय अर्थशास्त्रको प्रारम्भमा नै बृहस्पति र शुक्र प्रति कृतज्ञता प्रकट गरिएको छ ।[११] स्पष्टतः बार्हस्पत्य परम्परा कौटिल्य अघि एक स्थापित परम्परा थियो । बृहस्पति एक स्थापित नाम भएको कुरा ऋग्वेदबाट पनि स्पष्ट हुन्छ । जसमा उनीलाई देवताहरूको पुरोधा र सल्लाहकार बताइएको छ । ब्राह्मण ग्रन्थको समय आइपुग्दासम्म उनी वाणीको देवता र अपूर्व मेधावी देवको रूपमा स्थापित भइसकेको देखिन्छ । बृहस्पतिको नामबाट पाइने बृहस्पति स्मृति एक सानो ८१ श्लोकको ग्रन्थ हो । यसमा शासन प्रणालीको चर्चा नभएर सामाजिक संरचनाको सुस्थिरतालाई विषय वस्तु बनाइएको छ । यसको उद्धार रङ्गास्वामी आयङ्गर, फुहरर तथा जोली आदि विद्वान्हरूले गरेका हुन् । यसका विभिन्न संस्करण भए तापनि गायकवाड ओरिएन्टल सिरीजबाट प्रकाशित बृहस्पति स्मृति अरूभन्दा प्रामाणिक मानिन्छ ।

---

[१०]कौटिलीय अर्थशास्त्रका विषयवस्तुबारे मैले 'कौटिल्य र शुक्रको राजनीतिक अर्थशास्त्र' (वि.सं. २०७१) पुस्तकमा विस्तारले चर्चा गरिसकेको छु ।

[११]कौटिल्यले जस्तै नीतिवाक्यामृतका टीकाकारले अङ्गिरस (बृहस्पति) लाई प्रणाम गरेर नीति ग्रन्थको रचना गरेका छन्-

वाचा कायेन मनसा प्रणम्याङ्गिरसं मुनिम् ।

नीतिशास्त्रं प्रवक्ष्येऽहं भूपतिनां सुखावहम् ॥ नीति वाक्यामृत पृ. ७ ॥ राघवेन्द्र वाजपेयी, पूर्ववत्, आमुख ।

यस स्मृतिको संस्कार काण्डमा राज्यको निर्माण हुनु अघिको धर्माधर्म तथा युग पतनको वर्णन गरिएको छ । राज्यका लागि ज्येष्ठ उत्तराधिकारको महत्त्व यसमा व्याख्या गरिएको छ । आपद्धर्म काण्ड र विपदाको स्थितिमा शासक र शासितका कर्तव्यको तालिका प्रस्तुत गरिएको छ ।

व्यवहार काण्डमा राज्यव्यवस्था सम्बन्धी सामग्री दिइएको छ । यस बाहेक दुर्ग निर्माण, अन्तर राज्य राजनीतिको मण्डलयोनि सिद्धान्त, राजाको कर्तव्य र सेना तथा व्यवहार सम्बन्धी वर्णन छ । यसमा सबभन्दा विस्तृत रूपमा दिइएको न्याय प्रणाली नै हो । जसमा अपराध अनुसारको दण्ड निर्धारण गरिएको छ । यसबाहेक सामान्य सामाजिक र प्रादेशिक आधारमा विभेदको वर्णन गरिएको छ । जोलीले यसको समय पहिलो शताब्दीदेखि सातौं शताब्दीसम्म अनुमान गरेका छन् । काणेले अर्थशास्त्रका रचयिता र स्मृति रचयिता दुई जना बृहस्पति भएको विचार व्यक्त गरेका छन् । उनले गरेको अनुमान अनुसार स्मृति रचयिता बृहस्पतिको समय २५७ देखि ५५७ वि.सं. तथा बार्हस्पत्य अर्थशास्त्रको रचना काल ३०० देखि ५०० वि.पू. हुनपर्छ ।[१२] भागवतदत्तका विचारमा अर्थशास्त्रको विचारक, विख्यात तर्कशास्त्री (चार्वाक) तथा संहिता लेखक बृहस्पति । यी तीन जना अलग अलग विचारकहरू हुनुपर्छ । तर बार्हस्पत्य एक स्थापित सम्प्रदाय भएकोले सो सम्प्रदायसँग नै यी तीनजना सम्बन्धित हुनसक्छन् ।[१३]

यस सम्बन्धमा बार्हस्पत्य राज्य व्यवस्थाका लेखक राघवेन्द्र वाजपेयीको मत के छ भने बार्हस्पत्य अर्थशास्त्र तथा धर्मशास्त्रीय शाखाहरूको बारेमा समाज विभाजित थिएन र दुवैलाई समान मान्यता प्रदान गरिएको थियो अर्थात् दुवैको स्रोत एउटै थियो ।[१४] पं.जयदेवले बृहस्पति सूत्रको रचना कालिदास भन्दा पूर्व हुनुपर्ने तर्क अघि सारेका छन् । कौटिलीय अर्थशास्त्र मात्र होइन बृहस्पतिलाई भोजको युक्तिकल्पतरू, सोमदत्तको नीतिवाक्यामृत, अश्वघोषको बुद्धचरित र भासको प्रतिमा नाटकमा ससम्मान उल्लेख गरिएको

---

[१२]राघवेन्द्र वाजपेयी, उही ।

[१३]बृहस्पति सूत्र, सम्पादक एफ डब्लु थोमस, (लाहौर : द पंजाब संस्कृत बुक डिपो, लाहौर संस्कृत सीरिज, सन् १९२१), पृ. १० ।

[१४]राघवेन्द्र वाजपेयी, उही ।

छ ।[१५] कामन्दकीय नीतिशास्त्र, नीतिवाक्यामृत र निर्णयसागर ग्रन्थहरूमा बृहस्पति सूत्रसँग जस्ताको तस्तै मिल्ने वाक्यांशहरूको प्रयोगले बृहस्पति सूत्रको महत्व र प्रभावका साथै प्राचीनतालाई व्यक्त गर्छ । प्रो.थोमसद्वारा संकलित बार्हस्पत्य सूत्र वा बृहस्पति अर्थशास्त्रको एक सानो पुस्तिका पाइन्छ । यसको स्वरूप हेर्दा यो कुनै प्राचीन ग्रन्थबाट लिइएको छ भन्ने कुराको अनुमोदन काशीप्रसाद जायसवाल र भागवतदत्तले गरेका छन् ।

**लोकायत, चार्वाक र बृहस्पति**

बार्हस्पत्य अर्थशास्त्रको अध्याय दुईमा राज्य सञ्चालनका लागि लोकायत शास्त्र हरेक तरिकाले निकै उपयोगी छ भनेर प्रशंसा गरिएको छ । यस बाहेक पनि विभिन्न सूत्रहरूमा विविध सन्दर्भमा लोकायत मतको उल्लेख गरिएको छ । अध्याय तीनमा लोकायत शास्त्रलाई क्षपणक र बौद्ध मतसँग तुलना गरिएको छ । लोकायतको अर्थ हुन्छ– यस लोकको सुन्दरतामा विश्वास गर्ने दर्शन । अर्थशास्त्रमा प्रयुक्त सुखवादी दर्शन (हेडोनिज्म) ले झैं लोकायत र चार्वाकले पनि भौतिक सुख, मानवीय आनन्द र प्रसन्नतालाई नै जीवनको एक मात्र उद्देश्य ठान्दछन् ।

चारू (सुन्दर) र वाक् (बोली) यी दुई शब्द मिलेर चार्वाक शब्द बनेको छ तर पछि कुनै कारणले यस शब्दको नकारात्मक प्रयोग हुँदै गयो र यो शब्द यस्ता व्यक्तिको लागि प्रयोग हुन थाल्यो जसले मिठा मिठा कुरा गरेर समुदायलाई झुक्याउँछन् । कौटिलीय अर्थशास्त्र र बौद्ध पिटकहरूमा पनि लोकायत शब्दको उल्लेख गरिएको छ । सर्वदर्शनसङ्ग्रहमा लोकायत शास्त्रलाई चार्वाक दर्शन भन्दै यस दर्शनका प्रतिपादक बृहस्पति बताइएको छ ।[१६] अमरकोशमा पनि बृहस्पति र चार्वाकलाई पर्याय बताइएको छ । तर बृहस्पतिसूत्र लेख्ने र चार्वाक दर्शनका प्रणेता बृहस्पति एउटै हुन् वा फरक भन्नेमा विद्वान्हरूबीच गम्भीर मतभेद पाइन्छ । एउटै नाम भएका दुई जना हुन सक्छन् भनी तर्क गर्नेहरू पनि छन् ।

कौटिल्यले भने साङ्ख्य, योग र लोकायत यी तीनलाई स्वतन्त्र र प्रतिष्ठित शास्त्र हुन् भनेका छन् । चार्वाक दर्शनले वैभाषिक जस्तै प्रत्यक्ष

[१५]बृहस्पति सूत्र, पूर्ववत्, पृ. ३ ।

[१६]दयानन्द सरस्वती, सत्यार्थ प्रकाश, (दिल्ली : आर्ष साहित्य प्रचार ट्रष्ट), सन् २००७, पृ. ३२७ ।

प्रमाण बाहेक अन्य कुनै पनि तर्कलाई अस्वीकार गर्छ । जुन कुरा प्रत्यक्ष इन्द्रियले जानिन्छ त्यो मात्र सत्य हुन्छ । यस अनुसार अनुमान विधि ज्ञानका लागि प्रमाण हुन सक्दैन किनभने यसबाट केवल सम्भावना उत्पन्न गर्न सकिन्छ । अनुमान भनेको प्रत्यक्ष ज्ञानलाई भूतकाल वा भविष्यकालमा गरिएको विस्तार मात्र हो । यस्तो विस्तार असम्भव र निरर्थक हुन्छ ।

कौटिल्यले अर्थशास्त्र ग्रन्थका एक आचार्यको रूपमा सम्मान दिए जस्तै वात्स्यायनले कामसूत्रमा प्रजापतिले रचना गरेको वृहत ग्रन्थ प्राजापत्यशास्त्रबाट धर्म र अर्थका अंशलाई क्रमशः मनु र बृहस्पतिले छुट्टयाएको[१७] भन्दै उनले बृहस्पतिले त्यसको अर्थशास्त्रको अंश व्याख्या गरेको बताएका छन् ।[१८] कौटिलीय अर्थशास्त्र र कामसूत्रमा आदर सहित नाम लिइएको भए तापनि बृहस्पतिले रचना गरेको अर्थशास्त्र नामको कुनै वृहत् ग्रन्थ पाईदैन । यो अझै खोजी हुन बाँकी रहेको ग्रन्थ हुन सक्छ अथवा अर्थवेद[१९] र पैतामह तन्त्र जस्तै यो मूल ग्रन्थ लोप भैसकेको हुनसक्छ ।

**बार्हस्पत्य अर्थशास्त्रको प्राचीनता र प्रभाव**

बृहस्पति सूत्रसँग मिल्दाजुल्दा वाक्यांश विविध ग्रन्थमा पाइन्छन् । यस कुराले पनि यसको प्राचीनता पुष्टि हुन्छ । बार्हस्पत्य अर्थशास्त्रको प्रभावलाई तालिका १ मा दिइएको बृहस्पति अर्थसूत्र र सँगै प्रस्तुत गरिएको त्यसको समानान्तर वाक्यांशले पनि स्पष्ट गर्दछ ।[२०]

---

[१७]कामसूत्र ५.७ । बृहस्पति सूत्र, उही, पृ. ३ ।

[१८]प्रजापतिर्हि प्रजाः सृष्ट्वा तासां स्थितिनिबन्धनं त्रिवर्गस्य साधनमध्यायानां शतसहस्रेणाग्रे प्रोवाच ॥५ ॥
तस्यैकदेशिकं मनुः स्वायंभुवो धर्माधिकारिकं पृथक्कार ॥६ ॥ बृहस्पतिरर्थाधिकारिकम् ॥७॥ बृहस्पति सूत्र, उही ।

[१९]अर्थवेदका चार ठूला र दुई साना ग्रन्थको उल्लेख पाइन्छ । अर्थवेदका ठूला ग्रन्थ हुन्- अर्थोपवेद, अर्थवेद, अर्थचन्द्रोदय र सम्पत्तिशास्त्र, जसको श्लोक सङ्ख्या क्रमशः एक लाख, ३० हजार, २० हजार तथा एक लाख २० हजार छ । अर्थवेदका दुई साना ग्रन्थ हुन् नीतिप्रभा र काश्यपेय दण्डनीति, जसको श्लोक सङ्ख्या क्रमशः २७ हजार र २४ हजार छ । अर्थोपवेद सम्बन्धमा विभिन्न ग्रन्थमा उल्लेख भए तापनि अर्थवेद सम्बन्धी कुनै स्वतन्त्र पुस्तक प्राप्त हुंदैन । रामदास गौड, हिन्दुत्त्व, (काशी : शिवप्रसाद गुप्त, वि.सं.१९९५), पृ.१०२ ।

[२०]बृहस्पति सूत्र, उही, पृ. १०, राघवेन्द्र बाजपेयी, उही, पृ.१५-१६, राजनीतिरत्नाकर, वि.सं २०२६, पृ. १०४ ।

**तालिका १. केही समानान्तर वाक्यांश**

| बृहस्पति सूत्र | समानान्तर वाक्यांश |
|---|---|
| आत्मवान् राजा ॥१.१॥ | आत्मवान् नृपः । कामन्दकीयनीतिसार ।२.३६। विद्याविनीतो राजा ।अर्थशास्त्र १.५। लोकवृत्ताद्राजवृत्तमन्यदाह बृहस्पति । राजनीति रत्नाकर पृ. १०४ । |
| आत्मवन्तं मन्त्रिणामादयेत । १.२॥ | अमात्यसम्पत् । अर्थशास्त्र ६.१। |
| दण्डनीतिरेव विद्या ॥१.३॥ | तस्माद्दण्डनीति मूलास्तितस्रो विद्या : । अर्थशास्त्र १.१९। |
| नीतेः फलं धर्माथकामावाप्ति : ॥२.४३॥ | धर्माधर्मौ त्रय्याम । अर्थानर्थौ वार्तायाम् । नयानयौ दण्डनीत्याम् । अर्थशास्त्र १.२ । |
| नाडिका ॥१.५९॥ | नालिका । अर्थशास्त्र १.१९। |
| अर्थमर्थेन ॥२.४६॥ | अर्थेनार्थोपार्जनम् । नीतिवाक्यामृत, पृ. ११६ । |
| गुरू वचनमलङ्घनीयम् ॥२.७३॥ | गुरू वचनमनुलङ्घनीयम् । नीतिवाक्यामृत, पृ. ४४। |
| कालिकाभिधानपाखण्डी ॥२.१३॥ | पाखण्डी । नीतिवाक्यमृत पृ.८२ । यसको टीकामा भनिएको छ- कापालिक पाखण्डीनम् । |
| अष्टादशतीर्थानि निरूपयेत् ॥३.२२॥ | सेनापतिर्गणको राजश्रेष्ठी दण्डाधिपो मन्त्री महत्तरो बलवत्तरश्चत्वारो वर्णश्च तुरङ्गबलं पुरोहिताऽमात्यो महामात्यश्चेत्यष्टादश राज्ञां तीर्था भवन्ति । श्रुतसागरीमा उद्धरित पृ. ९१ यशस्तिलक निर्णयसागर संस्करण |

| | |
|---|---|
| ब्राह्मे मुहुर्त उत्थानं धर्ममर्थञ्च चिन्तयेत् ॥४.१॥ | मनुस्मृति ४.९२ र अन्यत्र पनि यो वाक्यांश पाइन्छ । |
| शत्रुपक्षादागतं न विश्वसेत् ॥४.१९॥ | बृहस्पतेरविश्वासः इति॥ चण्डेश्वरविरचित राजनीति रत्नाकर, पृ. १०३ । बृहस्पतेरविश्वासो नीति ॥पञ्चतन्त्र, २.४७ । |
| गजोऽगजनेव ॥६.९॥ | गजेन गजबन्धमिव । नीतिवाक्यामृत पृ. ११९ । |
| धनमूलं जगत् ॥ ६.१० ॥ | धनमार्जय काकुत्थ धनमूलमिदं जगत् । नीति शतक ३१ निर्णयसागर संस्करण सन् १९१७ । |

**स्रोत :**

बृहस्पति सूत्र, सन् १९२१, पृ. १०,

बाजपेयी, वि.सं. २०२३, पृ.१५-१६,

चण्डेश्वरविरचित राजनीतिरत्नाकर, वि.सं २०२६, पृ. १०४,

विष्णुशर्मा प्रणीत पञ्चतन्त्र्, सन् १९७९, पृ. २५७ ।

# बृहस्पति अर्थ-सूत्र संक्षेपमा

वर्तमानमा उपलब्ध बार्हस्पत्य अर्थशास्त्र वा बार्हस्पत्य नीतिसार एक सानो ग्रन्थ हो जसमा ससाना छ अध्याय छन् । यसको प्रारम्भमा 'नीति सर्बस्व' उल्लेख गरिएको छ । यसको तात्पर्य के हो भने अर्थ, धर्म, काम, र मोक्ष चारवटै पुरूषार्थ प्राप्त गर्नका लागि चाहिने नीतिहरू यसमा उपदेश गरिएको छ । यस भनाईले यो ग्रन्थ निकै विस्तृत थियो होला भन्ने संकेत दिन्छ । हुनत, कुनै कुनै स्थानमा सुरेन्द्राचार्य भनेर रचनाकारलाई देवताहरूको राजाका आचार्य भनेर पनि सम्बेधित गरिएको छ । तर पहिलो अध्यायमा सूत्रकर्तालाई देवताका गुरू भनिएको छ भने अध्याय दुई, चार, र छ मा उनको पदवी 'गुरू' ले सम्बोधित गरिएको छ । अध्याय तीनमा सूत्रकर्तालाई आचार्य भनेर सम्बोधन गरिएको छ । अध्याय पाँचमा सूत्रकर्तालाई आचार्य र बृहस्पति दुवै नामले सम्बोधन गरिएको छ । तथापि यस ग्रन्थको सामान्य सम्बोधन भनेको गुरू हो । जसले ग्रन्थका रचनाकार राजा इन्द्रका सल्लाहकारको रूपमा मात्र थिएनन् बरू समाजमा स्थापित गुरूको रूपमा थिए भन्ने संकेत दिन्छ अर्थात् गुरू परम्पराका संस्थापक आचार्य नै बृहस्पति हुन् ।

अध्याय एक यस ग्रन्थको विषय प्रवेश हो । यसलाई राजवृत्ति निरूपणको अध्याय भन्न सकिन्छ । किनभने यसमा राजाको व्यक्तिगत व्यवहार र उसको अनुशासनसँग सम्बन्धित नीतिहरू बताइएको छ । यस अध्यायमा मन्त्रीहरूको योग्यता पनि बताइएको छ । राजाले व्यक्तिगत रूपमा समाजमा र प्रशासनिक व्यक्तिहरूसँग व्यवहारमा ध्यानमा राख्नु पर्ने सूत्र दिइएको छ । यति मात्र होइन जसले यी सूत्र अनुसार व्यवहार गर्छ उसको उन्नति हुन्छ तथा जसले यी कुरालाई बेवास्ता गर्छ त्यो बत्तीमा पुतली परेर नष्ट भए झैं नाश हुनजान्छ भनेर चेतावनी समेत दिइएको छ । अध्याय दुईमा राज्य सञ्चालनका नीतिहरू छन् । यसमा राज्यमा निवास गर्ने मानिसहरूका विशेषता पनि बताइएका छन् । जसमा विभिन्न सम्प्रदाय र उनीहरूको व्यवहारको वर्णन छ । यस अध्यायले त्यस बेलाका विविध

सम्प्रदायबारे पनि जानकारी दिएको छ । यो अध्याय पहिलो अध्यायभन्दा केही ठूलो छ ।

अध्याय तीन सबभन्दा बढी सूत्र भएको अध्याय हो । यस अध्यायमा विभिन्न विषयहरू समेटिएका छन् । राजाले ज्ञान प्राप्त गर्ने तरिका बताउनुका साथै राज्य सञ्चालकको रूपमा राजाले गर्नु पर्ने व्यवहार बताइएको छ । स्वस्थ रहन र शौर्य प्राप्त गर्ने कुराका सूत्र छन् । यस बाहेक राज्यका छ प्रकृति र १८ तीर्थहरू बताइएका छन् । प्रकृति र तीर्थको यो प्रसंग बृहस्पति पछिका प्रचलनभन्दा फरक छ । यस बाहेक अध्याय तीनमा प्राकृतिक भूगोल तथा सांस्कृतिक भूगोलको वर्णन छ । किनभने यसमा नदी, पर्वत र अनेक देशको नाम उल्लेख गरिएको छ । यसमा उल्लेख गरिएका पर्वत, नदी, क्षेत्र र देशको संख्या गरी ८५ छ । यति धेरै देशहरूको नाम एक सानो पुस्तिकामा हुनु यो बृहस्पति अर्थसूत्रको विशेषता हो ।

अध्याय चार सङ्कटकालीन सरसल्लाहका लागि उपयोगी नीति भएको अध्याय हो । संकटबाट मुक्त रहनका लागि प्रातःकाल जाग्नु आवश्यक हुन्छ भन्ने सुझाव दिइएको छ । यस अध्यायमा राजाका लागि स्वामी शब्द प्रयोग गरिएको छ । यस्तै शब्द कौटिलीय अर्थशास्त्रमा उपयोग गरिएको छ । राजासँग उसका सहायकले गर्ने व्यवहार पनि सूत्ररूपमा बताइएको छ ।

अध्याय पाँच उपायहरूसँग सम्बन्धित छ । यो अध्याय अलि सानो छ । यसमा राज्य सञ्चालकले अपनाउनु पर्ने चार नीतिहरू साम, दाम दण्ड भेदको जानकारी दिइएको छ । उनले तीनवटा नीति थप दिएका छन् मामा, उपेक्षा र वध । यस बाहेक मानिसहरूलाई चिन्ने तरिका र को कोसँग सतर्क रहनु पर्छ सो कुरा बताइएको छ ।

अध्याय छ सबभन्दा सानो अध्याय हो । यसमा छुटपुट सूत्रहरू समावेश छन् । जसको प्रकृति मिश्रित स्वरूपको छ । नीति अनीति निरूपणमा केन्द्रित धनको महत्त्व, सतर्क रहनु पर्ने कुरा, मन्त्रीहरूसँग व्यवहार यस अध्यायमा तथा मन्त्रणाको महत्त्व देखाएका छन् ।

अन्तमा दोहोर्‍याएर के भनिएको छ भने सबभन्दा महत्त्वपूर्ण कुरा ज्ञान हो ।

प्रथमोऽध्यायः

# राजवृत्त निरूपण

**अथ बार्हस्पत्यसूत्रम् ॥**

अब बार्हस्पत्य सूत्र

बृहस्पतिरथाचार्य इन्द्राय नीतिसर्वस्वमुपदिशति ॥[१]

आचार्य बृहस्पतिले इन्द्रका लागि अर्थ, धर्म र काम- सम्पूर्णनीतिहरूको उपदेश गर्नु हुन्छ ।

**आत्मवान् राजा ॥१॥**[२]

राजा आत्मवान् हुनुपर्छ ।

**आत्मवन्तं मन्त्रिणामापदयेत् ॥२॥**

मन्त्रीहरू पनि आत्म संयमी र ज्ञानी हुनुपर्छ ।[३]

---

[१]अमरकोशमा अर्थशास्त्रका पर्यायवाचीमा आन्वीक्षिकी, दण्डनीति र तर्क विद्या बताइएको छ । राजनीति रत्नाकरमा भनिएको छ- राजनीति भनेको नै राजार्थशास्त्र हो । चण्डेश्वर, राजनीति रत्नाकर, (वाराणसी : चौखम्बा विद्याभवन, वि.सं. २०२६), पृ. २ ॥ पञ्चतन्त्रमा नय शास्त्र भनेका छन् भने कामन्दकले नीतिसार नाम उल्लेख गरेका छन् । बृहस्पति र कौटिल्यको ग्रन्थलाई अर्थशास्त्र भनिन्छ ।

[२]मनुस्मृतिमा भनिएको छ- इन्द्रियलाई वशमा राख्ने राजाले मात्र प्रजालाई वशमा राख्न सक्छ । जुन राजा कामबाट उत्पन्न दशवटा व्यसनका वशमा हुन्छ उसले अर्थ र धर्म दुवै गुमाउँछ । क्रोधबाट उत्पन्न आठ व्यसनको वशमा परेको राजाले आफ्नो शरीर नै गुमाउँछ । मनुस्मृति ७.४५-४६ ।

कौटिल्यले अर्थशास्त्रमा राजाका काम, क्रोध, लोभ, मान, मद, र हर्ष यी छवटा दुर्गुणको त्याग गर्नुका साथै विद्वान्हरूको संगत गरेर बुद्धिको विकास गर्नु पर्ने, चञ्चलता, असत्य भाषण, अविनीत व्यवहार त्याग गर्नु पर्ने सुझाव दिएका छन् । कौटिलीय अर्थशास्त्र , संकलक र अनुवादक आर पी काङ्ले, (बनारस : मोतीलाल बनारसी दास, सन् २००६), १.६.१,१२ ।

[३]यद्यपि राज्य सञ्चालनका लागि राजा नै सर्वेसर्वा बताइएको छ तर राजाले एक्लै निर्णय नगर्नु भन्ने सुझाव दिंदै मन्त्री परिषद गठन गर्ने सुझाव दिइएको छ । जसमा विभिन्न क्षेत्रका योग्य मानिसहरूको नियुक्ति गर्ने सुझाव दिंदै उचित राज्य सञ्चालनको आधार यस मन्त्रणा शक्तिलाई मानिएको छ । कौटिलीय अर्थशात्र, पूर्ववत्, १.७ ।

**दण्डनीतिरेव विद्या ॥३॥**[४]

दण्डनीति अनुरूप शासन गर्नु नै श्रेष्ठ विद्या हो ।

**धर्ममपि लोकविक्रुष्टं न कुर्यात् ॥४॥**

धर्मानुसार नै भए पनि लोकविरूद्ध कार्य गर्नुहुँदैन ।[५]

**करोति चेदाशास्यैनं बुद्धिमद्भिः ॥५॥**

यदि गर्नुपर्‍यो भने बुद्धिमान् र विद्वान्को समर्थन प्राप्त गर्नुपर्छ ।

**समानैः सेव्यः ॥६॥**

आफ्नो समान उमेर, विद्या र अलङ्कारयुक्त मानिसहरूद्वारा राजा सेव्य हुन्छ ।

**स्त्रीबालवृद्धैः सह न वदेद्धर्मनीतिकृत्यानि ॥७॥**

स्त्री, केटाकेटी, वृद्ध मानिससँग धर्मनीति र राजकीय कृत्यबारे छलफल गर्नुहुँदैन ।

**ऐन्द्रजालिकं न कुर्यात् ॥८॥**

---

[४]कामन्दकका अनुसार, वार्ता र दण्डनीति दुई विद्या हुन्छन्– कामन्दकीय नीतिसार अध्याय २, श्लोक ४, कलकत्ता, सन् १८९६, इन्टरनेट आर्काइव ।

मनुका अनुसार, त्रयी, वार्ता र दण्डनीति तीन अलग अलग विद्या छन् । आचार्य शुक्रले पनि वृहस्पतिले झैं केवल दण्डनीतिलाई विद्या मानन्छन् । तर कौटिल्यका अनुसार, आन्वीक्षिकी, त्रयी, वार्ता र दण्डनीति यी चार अलग विद्या हुन्छन् ॥ कौटिलीय अर्थशास्त्र, उही, १.१ ।

[५]अर्थशास्त्र ग्रन्थहरूमा धर्म भनेको ती सबै प्रयासहरू हुन् जसबाट निश्रेयस र अभ्युत्थान प्राप्त हुन्छन् । यो लौकिक र पारलौकिक दुवै उपलब्धिका लागि उपयोगी छ । बृहस्पति स्मृति संस्कार काण्ड सात अनुसार, धर्मले शान्ति, सहयोग, प्रेम, सहृदयता प्राप्त हुन्छ तथा यसका विपरीत मत्सर-द्वेष भनेको अधर्म कृत्य हो । राघवेन्द्र वाजपेयी, बार्हस्पत्य राज्य व्यवस्था, (वाराणसी : चौखम्बा विद्याभवन, वि.सं. २०२३), पृ. २४५ ।

छलकपट पनि गर्नुहुँदैन ।

**मन्त्रवादोत्सवौ च ॥९॥**

मन्त्रको उत्सव मनाउनु हुँदैन ।[६]

**आमयविषध्वंसनानि च ॥१०॥**

रोग वा विषको प्रयोग जस्तो विध्वंस गर्नुहुँदैन ।[७]

**न भस्मधारणम् ॥११॥**

भस्म धारण गर्नुहुँदैन ।

**नाग्निहोत्रवेदपाठादीनि च ॥१२॥**[८]

अग्निहोत्र (हवन), वेदपाठ आदि गर्नुहुँदैन ।

**न तीर्थयात्रा ॥१३॥**

तीर्थयात्रा गर्नुहुँदैन ।

**न राजसेवा च ॥१४॥**

राजाको सेवा पनि गर्नुहुँदैन ।

**न स्त्रीसेवा च ॥१५॥**

स्त्री सेवा पनि गर्नुहुँदैन ।

**न मद्यं पिबेत् ॥१६॥**

मद्यपान गर्नुहुँदैन ।

---

[६]गोप्य मन्त्रणाको महत्त्व बताउँदै कौटिल्यले भनेका छन्–
गोप्य मन्त्रणा साथ काम गर्ने राजाका भाव कसैले जान्न पाउँदैन । तर उसले अरूका भावहरू थाहा पाउन सक्छ । कछुवाले आफ्ना अंग लुकाए जस्तै आफ्ना भाव राजाले लुकाउनुपर्छ । कौटिलीय अर्थशास्त्र, उही, १.१४ ।

[७]मन्त्रलाई उचित प्रयोग गर्नु अघिसम्म गोप्य राख्नुपर्छ । मन्त्रको महत्त्व बताउँदै चाणक्य नीति दर्पणमा भनिएको छ–

एकं विषरसं हन्ति शस्त्रेणैकश्च वध्यते ।
सराष्ट्रं सप्रजं हन्ति मन्त्र विप्लवः ॥

चाणक्यनीति इन्टरनेट आर्काइव, अक्टुबर २१, २०२०

[८]चार्वाक मतानुसार यो सब पाखण्ड हो ॥ बृहस्पति सूत्र, सम्पादक एफ डब्लु थोमस, (लाहौर : द पंजाब संस्कृत बुक डिपो, सन् १९२१), २.१४ ।

**ब्राह्मणं न हन्यात् ॥१७॥**

ब्राह्मणलाई मार्नु हुँदैन ।

**स्तेयं न कुर्यात् ॥१८॥**

चोरी गर्नुहुँदैन ।

**बहु न च स्रगनुलेपौ ॥१९॥**

अत्यधिक माला र सुगन्धित द्रव्य धारण गर्नुहुँदैन ।

**न विषीदेत ॥२०॥**

विषाद गर्नुहुँदैन ।[९]

**न चातिकुप्येत् ॥२१॥**

बढी क्रोध गर्नुहुँदैन ।

**अविषये लोभमदानसंज्ञं वर्जयते ॥२२॥**

अप्राप्य वस्तुमा लोभ तथा अदेय वस्तुमा सङ्ग्रह गर्नुहुँदैन ।

**केदारे बीजानि वापयेत् ॥२३॥**

उब्जाउ जमीनमा खेती गर्नुपर्छ ।

**दानं कर्तव्यम् ॥२४॥**

सुपात्रलाई दान दिनुपर्छ ।

**तदसहिष्णुता लोभः ॥२५॥**

(दान) सहन गर्न नसक्नु लोभ हो ।

**स्तेयं लोभश्च ॥२६॥**

चोरी गर्नु पनि लोभ हो ।

**स्वद्रव्यव्ययहेतुः काम : ॥२७॥**

आफ्नो द्रव्य खर्च गर्नाको जुन कारण बन्छ त्यो नै काम हो ।

**गुरूदेवप्राज्ञनृपादिहिंसाबुद्धिः क्रोधः ॥२८॥**

गुरू, देवता, प्राज्ञ, राजाप्रति गरिने हिंसाको भावना क्रोध हो ।

**स्वशिरस्ताडनं च ॥२९॥**

आफ्नै टाउको पिट्नु पनि क्रोध हो ।

---

[९]सम्भवतः अपराधीलाई दण्ड दिए पछि त्यसमाथि विषाद् गर्नु हुँदैन भनिएको हो ।

**बलादिषु च समं शत्रुं युद्धेन हन्यात् ॥३०॥**[१०]

सैन्य बल आदिमा समान शत्रुलाई युद्धमा सामना गर्नुपर्छ ।[११]

**अन्याभियोधी सामदानभेदमायोपेक्षादिभिः ॥३१॥**

अन्य योद्धाहरूलाई साम, दान, भेद, माया र उपेक्षा आदि विधिद्वारा वशमा गर्नुपर्छ ।

**मलवेषं न कुर्यात् ॥३२॥**

फोहोर पोशाक लगाउनु हुँदैन ।

**मृगयातिसङ्गं च नाचरेत् ॥३३॥**

शिकारमा अति आसक्त हुनुहुँदैन ।

**स्त्रीष्वतिसङ्गादयशो वर्धते ॥३४॥**

स्त्रीहरूप्रति अति आसक्तिले कीर्ति घट्छ ।

**आयुश्च क्षीयते ॥३५॥**

आयु पनि क्षीण हुन्छ ।

**द्यूतपरतापपरापवादपातकिसमागमे समन्त्रपदानि परच्छिद्राणि विद्यात्व्यसनमपि रहस्येन ॥३६॥**

जुआ, परताप, परापवाद र पातकीहरूसँग भेटघाट गरेर गोप्य मन्त्रणाबाट अरूका दोषको जानकारी लिनुपर्छ । व्यसनलाई पनि गोप्य विधिबाट थाहा पाइराख्नुपर्छ ।

---

[१०]यसबाट बृहस्पति अनावश्यक युद्ध गरेर हताहति गर्ने पक्षमा थिएनन् भन्ने बुझ्न सकिन्छ । समान बलयुक्त शत्रुसँग पनि सन्धि गर्नु उचित हुन्छ किनभने युद्धमा विजय सन्दिग्ध हुन्छ । त्यसैले साम, दाम, र भेदका नीति असफल भएमा मात्र युद्ध गर्नु पर्छ । विष्णुशर्माप्रणीत पञ्चतन्त्रम्, ३.११–१२ ।

कौटिलीय अर्थशास्त्र अनुसार, दुई राष्ट्रहरूबीच सन्धि, विग्रह, यान, आसन्, संश्रय, र द्वैधीभावका नीतिहरू लागू गरिन्छ । आफूभन्दा बलियो छ भन्ने अनुमानका आधारमा परिस्थिति हेरी सन्धि, यान (पलायन) वा संश्रयको नीति लिनुपर्छ भने आफूभन्दा कमजोर लाग्ने देशसँग विग्रह र यान (आक्रमण) तथा अर्को राष्ट्रको बलाबल अनुमान नभएकोले आफ्नो शक्ति वृद्धि हुञ्जेलका लागि आसन वा द्वैधीभावका नीतिहरू लिनुपर्छ । कौटलीय अर्थशास्त्र,  अनुवादक पण्डित गङ्गाप्रसाद शास्त्री, (दिल्ली ःचतुरसेन गुप्त, महाभारत कार्यालय, वि.सं. १९९७) ७.१.६४ ।

[११]कौटिल्यका अनुसार आफू बलियो भएमा विग्रह गर्नु पर्छ– कौटिलीय अर्थशास्त्रम्, अनुवादक वाचस्पति गैरोला, (वाराणसी : चौखम्बा विद्याभवन, सन् २००९), चाणक्य सूत्र ५५, पृ. ७७७ ।

**औषधोपयोगविण्मूत्रविसर्जनकस्नानदन्तधावनमैथुनोपभोगदैवतपूजापि रहस्येन ॥३७॥**[१२]

औषधि सेवन, मलमूत्रविसर्जन, स्नान, दन्तधावन, मैथुन, देवपूजन अरूले थाहा नपाउने गरी एकान्तमा गर्नुपर्छ ।

**वृथा धर्मध्वजिनं न विश्वसेत् ॥३८॥**

धर्मको स्वाङ् पार्नेहरूको विश्वास गर्नुहुँदैन ।

**निन्देन्न च ॥३९॥**

उनीहरूको निन्दा पनि गर्नुहुँदैन ।

**उन्मत्तजडादीन् दृष्ट्वा न हसेच्च ॥४०॥**

पागल र मूर्ख मानिसलाई हेरेर हाँस्नु हुँदैन ।[१३]

**तुल्यशीलवयोभिः क्रीडितव्यं रहस्ये ॥४१॥**

समान शील र उमेर भएकाहरूसँग एकान्तमा खेल्नुपर्छ ।

**गजाश्वक्रीडे व्यक्ते न द्विमूर्तम् ॥४२॥**

हात्ती र घोडाको खेल सार्वजनिक रूपमा गर्नुपर्छ । दुई जनाको बीचमा मात्र यस्तो खेल खेल्नुहुँदैन ।

**दूष्येन्न च स्वजातिजीवत्सु ॥४३॥**

आफ्नो जाति धर्ममा जीवन बिताउनेहरूको निन्दा गर्नुहुँदैन ।

**अर्थेनानुरागेणाभिजन्मनौदार्येण पूर्वैर्भविष्यैरधिकत्वे इच्छा कर्तव्या ॥४४॥**

धनमा, अनुरागमा, कुलीनतामा तथा उदारतामा आफ्ना पुर्खाभन्दा बढी हुने इच्छा गर्नुपर्छ ।

---

[१२]शुक्रनीतिमा यससंग मिल्दो जुल्दो श्लोक छ-

आयुर्वित्तं गृहच्छिद्रं मन्त्रमैथुनभेषजम् ।

दानमानापमानं च नवैतानि सुगोपयेत् ॥

आफ्नो उमेर, आम्दानी, घरको दोष, मन्त्र, मैथुन, औषधि सेवन, दान, अपमान यी नौ कुरा गोप्य राख्नुपर्छ । शुक्रनीति सार, अनुवादक जगदीश्वरानन्द सरस्वती, (सोनीपत, हरियाणाः रामलाल कपूर ट्रष्ट, वि.सं. २०६५), अध्याय ३, श्लोक १२६ ।

[१३]शुक्रनीति ३.२३० मा यससँग मिल्दो जुल्दो उल्लेख पाइन्छ- दुखी, नेत्रहीन, पुड्को र बहिरो माथि कहिल्यै हाँसो गर्नु हुँदैन । बृहस्पति सूत्र, पूर्ववत्, पृ. ३ ।

**पूर्वाचरितं धर्ममनुजीविसख्यममातृज्ञातिसुहृद्बान्धवान् समं पश्येत् ।।४५।।**

परम्परादेखि मानिएका धर्ममा, अनुजीवीहरू प्रति मित्रता, सौताने दाजुभाई मित्र र बन्धुबान्धवमा सम्यक् दृष्टि राख्नुपर्छ ।

**बहिरन्तर्दण्डदानावनुजीविषु ।।४६।।**

सेवकहरूमा बाह्य र आन्तरिक दण्ड तथा पुरस्कारको प्रयोग गर्नुपर्छ ।

**सामभेददानानि मन्त्रिषु ।।४७।।**

मन्त्रीहरूलाई साम, भेद र दान को प्रयोग गर्नुपर्छ ।

**सामभेददानार्थमायपिण्डानि ज्ञातिषु ।।४८।।**

स्वजातिका मानिसहरूलाई साम, भेद, दान, अर्थ आदिको प्रयोग गर्नुपर्छ ।

**अप्रियमपि वचनं शृणुयात् ।।४९।।**

अप्रिय लागेको कुरा पनि कुरा सुन्नुपर्छ ।

**दुर्दिनग्रहवैषम्यत्रिजन्मनक्षत्रे गुरूकार्यप्राप्तौ न च मङ्गलानि सेवेत् ।।५०।।**

दुर्दिनमा, ग्रह लागेको बेला, त्रिजन्म नक्षत्र[१४] मा र गुरूकार्य आइपर्दा मङ्गल विधान गर्नुहुँदैन ।

**एकदेशैकरूपिणीमभिजातां स्त्रियं गमयेत् ॥ ५१ ॥**

आफ्नै देशका कुलीन र रूपवती स्त्रीसँग समागम गर्नुपर्छ ।

**नातिभेदयेन्नातिसामं नातिदानं न स्त्रीषु दण्डो न च मायोपेक्षा कर्तव्या ।।५२।।**

भेद, साम र दानको अतिशय प्रयोग गर्नुहुँदैन । स्त्रीहरूलाई दण्ड, माया, तथा उपेक्षा गर्नुहुँदैन ।

**तासु न बहु वदेच्च ।।५३।।**

तिनीहरूसँग धेरै कुरा गर्नुहुँदैन ।

**ग्रामयाचकस्तुतमागधवन्दिनटनर्तक्युपाध्यायासत्यवादवटुविटवणिजगोपालवेश्याकुनृपेष्वनृताडम्बरं वक्तव्यः।।५४।।**

ग्रामयाचक, स्तुति गर्ने चारण, बन्दी, नट, नर्तकी, तिनीहरूका आचार्य,

---

[१४]थोमसका अनुसार, यहाँ तीनवटा जन्मतिथिको अर्थ हो- आफ्नो, आफ्ना पिताको र पितामहको जन्मतिथि । बृहस्पति सूत्र, उही, पृ. ४ ।

विदूषक, वटुक, सुराकी, व्यापारी, गोठाला, वेश्या, दुष्ट राजा प्रति मिथ्याडम्बर गर्नुपर्छ र आवश्यकतानुसार असत्य बोल्नुपर्छ ।

**संन्यासं नृपवेश्यामन्त्रादोपजीविषं चिरं न सेवेत् ।।५५।।**

संन्यासी, राजा, वेश्या, र झारफुक गर्नेसँग धेरै संसर्ग गर्नुहुँदैन ।

**आत्मप्रभुं सेवेत ।।५६।।**[१५]

आत्मज्ञानीहरूको सङ्गत गर्नुपर्छ ।

**आयत्यादीनति न ।।५७।।**[१६]

धन सम्पत्ति आदिमा अति गर्नुहुँदैन ।

**स्त्रीद्यूतपानसक्तान्न सेवयेत् ।।५८।।**

स्त्री, जुआ, मद्यपानमा आसक्तहरूको सङ्गत गर्नुहुँदैन ।

**पञ्चनाडिका इष्टदेवतापूजाजपादि पञ्चनाडिकायामतीतायामास्थानम् ।।५९।।**

(राजाले) पाँच घडी[१७] इष्ट देवताको पूजा, जप आदि, पाँच घडी पछि भेटघाट ।

**दश नाडिका विधिः पञ्चनाडिका स्नानम् ।।६०।।**

दश घडी गुनासो सुनेर निर्णय गर्ने, पाँच घडी स्नान ।

**त्रिनाडिका भोजनम् ।।६१।।**

तीन घडी भोजन गर्नुपर्छ ।

---

[१५]चाणक्य सूत्रमा भनिएको छ– विनयको मूल वृद्धसेवा हो किनभने वृद्धको सेवाबाट ज्ञान प्राप्त हुन्छ । जो ज्ञानी हुन्छ उसले आफूलाई पनि जित्न सक्छ । कौटिलीय अर्थशास्त्र, उही, पृ. ७७५ ।

[१६]यसको विस्तृत व्याख्या गर्दै कौटिल्यले भनेका छन्– धर्म र अर्थको विरोध नपर्ने गरी कामनाहरू पूरा गर्नुपर्छ । तर सुखरहित जीवनयापन गर्नुहुँदैन । कौटिलीय अर्थशास्त्र, उही, ३.७ ।।

[१७]एक घडी = आधा मुहूर्त = एक घडी = लगभग २४ मिनेट (२४ घण्टा = आठ प्रहर = ३० मुहुर्त = ६० घडी ।)

**पञ्चनाडिका हास्यक्रीडा स्निग्धैः ।।६२।।**

पाँच घडी हास्य, क्रीडा र मनोरञ्जन ।

**द्विनाडिका सन्ध्या ।।६३।।**

दुई घडी सन्ध्या (र कथा श्रवण) ।

**सप्त नाडिका नृत्तादयः ।।६४।।**

सात घडी नृत्य (मनोरञ्जन) आदि ।

**सप्त नाडिका मैथुन भोजनादयः ।।६५।।**

सात घडी भोजन, स्त्री हास-परिहास ।

**सप्त नाडिका सुप्तिः ।।६६।।**

सात घडी शयन ।

**स्वं नियमं कुर्यादप्रमादेन ।।६७।।**[१९]

आफ्नो नियम बेहोशी नगरी गर्नुपर्छ ।[२०]

**अश्वनियामक इव ।।६८।।**

यस कुरामा सारथीले झैं चनाखो हुनुपर्छ ।[२१]

**शिरःकम्पनास्थानेन स्वागतेन शिष्टताम्बूलदानेन ब्राह्मणोत्तमान् ।।६९।।**

उत्तम ब्राह्मणलाई सिर झुकाएर, स्वागत वचनले, शिष्टतापूर्वक पान दिएर स्वागत गर्नुपर्छ ।

**दुर्ब्राह्मणं शिरःकम्पन न सोपायनमपि ।। ७० ।।**

दुष्ट ब्राह्मणले उपहार लिएर आएको भए पनि शिर झुकाएर सम्मान गर्नुहुँदैन ।

---

[१९]राजाको व्यस्त दिनचर्या कौटिलीय अर्थशास्त्र १.१८ तथा शुक्रनीति १.२७६-२८६ मा दिइएको छ । त्यस दिनचर्यामा आय व्यय निरीक्षण, सेनाको निरीक्षण गुप्तचरसंगको गोप्य भेटघाट जस्ता कुरा पनि उल्लेख गरिएको छ ।

[२०]यसरी आफ्नो व्यस्त दिनचर्या विभाजन गर्नु पर्छ ।

[२१]आत्मवान् व्यक्तिका लागि आवश्यक गुण हो आफ्नो संयम प्रति सतर्क रहनु । श्रीमद्भगवद्गीता १७.१६ मा भनिएको छ- आत्मसंयमी हुनका लागि प्रसन्न मानसिक अवस्था, शान्त, मौन र शुद्ध भावको निरन्तर अभ्यास चाहिन्छ ।

कोमलनाथ अधिकारी, कोमलगीता, वाराणसीः यशोदा प्रेस, वि.सं. २०१८, १७.१६ ।

**समानप्रभुं विश्वेश्वरं वा स्वागतेनासनेन शिरःकम्पेन ताम्बूलदानेन हास्यकथया च ॥ ७१ ॥**

समान प्रभुता भएको राजालाई प्रिय वचनले आसनले, सिर झुकाएर, स्मित हास्यसहित स्वागत गर्नुपर्छ ।

**स्मितेन स्वागतेनान्यांस्त्रैवर्णिकान् ॥७२॥**

अन्य ब्राह्मण, क्षत्रिय र वैश्यलाई स्मित हास्यका साथ स्वागत गर्नुपर्छ ।

**ईक्षणस्मितेन स्वागतेन शूद्रान् ॥७३॥**

दृष्टिपात, स्मित हास्य वा मधुर वचनले शूद्रको स्वागत गर्नुपर्छ ।

**अभीष्टद्रव्यदानेन बालवृद्धादीन् ॥७४॥**

प्रिय वस्तु दिएर बालक र वृद्धको सेवा गर्नुपर्छ ।

**अन्त्यपाषण्डादीन् वाङ्मात्रेणापि न ॥७५॥**

अन्त्यज र पाखण्डी आदिलाई वाणीले पनि स्वागत गर्नुहुँदैन ।

**कार्यगुरुतयाऽनुगच्छेत् ॥७६॥**

श्रेष्ठ कामहरूको अनुसरण गर्नुपर्छ ।

**अल्पं वदेच्च योगं दद्यात् ॥७७॥**

कम बोल्नुपर्छ । सहयोगी हुनुपर्छ ।

**वर्णिकापरिग्रहंः न कुर्याद्रहस्ये ॥७८॥**

शृङ्गार गरेकी स्त्रीसँग एकान्तमा बस्नु हुँदैन ।

**कर्मकारान् प्रतियोगीनामपि कार्यमविचारयेत् ॥७९॥**

कामदारहरू कार्यरत रहेको समयमा उनका कामको गुणदोष माथि विचार गरिरहनु हुँदैन ।

**स्निग्धैः सह समानं वर्येन्मन्त्रित्वे ॥८०॥**

मन्त्रीमण्डलका सहयोगीहरूसँग स्निग्ध व्यवहार गर्नुपर्छ ।

**अन्त्यजं त्वनन्त्यजजातिनम् ॥८१॥**

अन्त्यजले अनन्त्यज जाति जस्तो आचरण गर्ने छन् (भन्ने आश गर्नुपर्छ) ।

**अन्त्यजानां स्वार्थानिवेदकत्वमाज्ञाकत्व च ॥८२॥**

अन्त्यजहरूले आफ्नो स्वार्थ निवेदन नगरी आज्ञापालन गर्ने छन् (भन्ने आश गर्नु पर्छ) ।

**तन्नातिलालयेत् ॥८३॥**

उनीहरूलाई ज्यादै पुल्पुल्याउनु हुँदैन ।

**न विश्वेच्च ॥८४॥**

बढी विश्वास पनि गर्नुहुँदैन ।

**सर्वं ज्ञात्वा न कुर्यात् ॥८५॥**

सबै जानकारी भए पनि एकाएक कार्य गर्नुहुँदैन ।

**धर्मगुप्तिः गृहयात्रागुप्तिः कार्यगुप्तिः वैरगुप्तिश्च ॥८६॥**

धर्मको गोपनीयता, गृहयात्राको गोपनीयता, कार्यको गोपनीयता, शत्रु तथा शुत्रताको गोपनीयता राख्नुपर्छ ।

**यशोभङ्गे सत्यमपि नेति वदेत् ॥८७॥**

यश भङ्ग भएको कुरा साँचो भए पनि कसैलाई बताउनु हुँदैन ।

**चिकित्सकज्योतिषमन्त्रवादिनः सङ्ग्रहेत् वृत्तशीलसम्पन्नान् ॥८८॥**

सदाचारी चिकित्सक, ज्योतिषी, मन्त्रवाचकको सङ्ग्रह गर्नुपर्छ ।

**सत्यमपि दुःखानर्थसाधनमपि न वदेत् ॥८९॥**

दुख र अनर्थ साधनको सत्यता कसैलाई पनि भन्नु हुँदैन ।

**पञ्चविंशतिवर्षं यावत् क्रीडाविद्यां व्यसनात् कुर्यात् ॥९०॥**

पच्चीस वर्षसम्म विद्या र खेलकुदको अभ्यास गर्नुपर्छ ।

**अत उत्तरमर्थार्जनम् ॥९१॥**

त्यसपछि धन कमाउनुपर्छ ।

**आत्मानमनृणीं कुर्यात् ॥ ९२॥**

ऋणमुक्त हुनुपर्छ ।[२२]

**ऋणवाञ्जायाते त्रिभिः कामक्रोधलोभैः ॥ ९३ ॥**

काम, क्रोध र लोभले मानिस ऋणी बन्छ ।

**शरीरं सर्वदा रक्षेच्च ॥९४॥**

आफ्नो शरीरको सर्वदा रक्षा गर्नुपर्छ ।

---

[२२]महाभारतमा भनिएकोछ- पाँच-छ दिनमा एक छाक खाना सागसित खाएर पनि त्यो मानिस सुखसँग निदाउँछ जसलाई ऋण लागेको छैन र विदेशमा बसेको छ । महाभारत, वनपर्व, (गोरखपुर, गीता प्रेस), वि.सं. २०६०, ३१३.११५ ।

**नित्यकर्म न त्यजेत् ॥९५॥**

नित्य कर्मको त्याग गर्नुहुँदैन ।

**जनघोषे सति क्षुद्रकर्म न कुर्यात् ॥९६॥**

जनघोष (बहुमत) को कदर गर्दै क्षुद्रकर्म त्याग गर्नुपर्छ ।

**नष्टे स्थातव्यम् ॥९७॥**

असफलताले निराश हुनुहुँदैन ।

**दूरपरिहरणीयं गुरूतरमपि तद्राज्यकार्यम् ॥९८॥**

गुरूतर,असजिलो भए पनि राज्यकार्यको भार वहन गरिनै रहनुपर्छ ।

**कुसुमान्तान् दण्डनायकान्नवान्न सेवेत् ॥९९॥**

कुसुमान्त[२३] (मादक पदार्थ सेवन गर्ने ?) दण्डनायकको विश्वास गर्नुहुँदैन ॥

**अल्पहानिः सोढव्या ॥१००॥**

अल्प हानि भए पनि बेहार्नु पर्छ ।[२४]

**यथा मातङ्गचोरव्यालसर्पव्याघ्रकुलं विपिने श्मशाने वसति तस्मात्परमनागसां ज्ञातिवैरं न कर्तव्यम् ॥१०१॥**

हात्ती, चोर, उन्मत्त, सर्प र बाघ यी सबै वनमा वा मसानघाटमा बस्छन् । त्यसैले उनीसँग जातिगत शत्रुता गर्नुहुँदैन ।

**एकामिषश्वानवत् राज्योपप्लवे तद्राज्यक्षेत्रम् ॥१०२॥**

राज्यमा विप्लव भयो भने त्यस क्षेत्रलाई टोक्ने कुकुरलाई त्यागे झैं त्याग्नुपर्छ ।

**नीतिः किल नदीतीरतरूवत् ॥१०३॥**

नीति भनेको नदी किनाराको रूख जस्तै हो ।

**तन्नेहितव्यम् ॥१०४॥**

त्यसैले त्यसको चिन्ता गर्नुहुँदैन ।

---

[२३]थोमस (सन् १९२१, पृ. ६) का अनुसार, कुसुमान्त शब्दले कुन व्यक्ति वा समूहलाई सम्बोधन गरेको हो, त्यो स्पष्ट छैन ।

[२४]यो भनाई सैन्य विज्ञानसंग सम्बन्धित देखिन्छ– सेनाको सानो हानि बेहोरेर पनि मुख्य नायकलाई बचाउनुपर्छ ।

**भूतद्रोहिणः कुसुमान्तादयः ॥१०५॥**
कुसुमान्त आदि सबै प्राणीका द्रोही हुन्छन् ।
**यशोवीर्यायुः श्रीरतिकुसुमान्तसेवा ॥१०६॥**
यश, वीर्य, आयु, श्री आदि कुसुमान्त सेवाले नष्ट हुनजान्छन् ।
**कामक्रोधमदमात्सर्यपैशुन्यादीन्न कार्येत् ॥१०७॥**
काम, क्रोध, मद, मात्सर्य, पिशुनता आदि गर्नुहुँदैन ।
**अरिः शुभशीलो मित्रम् ॥१०८॥**
असल चरित्र भएको शत्रु पनि मित्र सरह हुन्छ ।
**सुहृदशुभशीलः शत्रुः ॥१०९॥**
खराब चरित्र भएको मित्र पनि शत्रु हुन्छ ।
**चन्द्रादित्ययोरेकरूचित्वाच्छत्रुत्वम् ॥११०॥**
सूर्य र चन्द्रमा बीचमा एउटै प्रकाश भएकोले शत्रुता हुन्छ ।
**यदिचेन्नस्थितिस्तयोः ॥१११॥**
त्यसो नभए दुवै सँगै बस्ने थिए ।
**ज्ञातिषु यत्र वैरं तत्कुलद्वयमामूलं नश्यति ॥११२॥**
जहाँ स्वजातिमा शत्रुता हुन्छ, त्यो कुल जरैदेखि नाश हुन जान्छ ।
**यः शास्त्रं दण्डनीतिं परित्यजत्यनर्थकः शलभा इव वह्निं प्रविशत्यज्ञानात् ॥११३॥**
जसले दण्डनीति अनुरूप व्यवहार गर्दैन त्यो बत्तीमा पुतली जानाजान परेर नष्ट भए झैँ नष्ट हुन जान्छ ।[२५]
**इत्याह भगवानाचार्यः सुरेन्द्रगुरूः ॥११४॥**
यो कुरा देवगुरू, बृहस्पतिले भन्नुहुन्छ ।
इति बार्ह स्पत्यसूत्रे प्रथ मोऽध्यायः॥
बृहस्पति सूत्रमा पहिलो अध्याय समाप्त ।

---

[२५]सूत्र १०३, १०४ र ११३ ले अर्थशास्त्र तथा धर्मशास्त्रको सापेक्षिक सम्बन्धलाई सङ्केत गरेको छ । यस सम्बन्धको व्याख्या गर्दै बोशेले भनेका छन्– 'कौटिल्यको विचारमा राज्य धर्मभन्दा ठूलो छ, उनी आफू ब्राह्मण भएर पनि ब्राह्मण वर्गको उच्चता स्वीकार गरेका छैनन्... उनले धर्म सम्प्रदाय, प्रचलन, परम्परा आदिलाई त्यस बेलासम्म स्वतन्त्रता दिएका छन् जबसम्म राज्य शक्तिसंग त्यसको विवाद हुँदैन । उनले वर्ण र धर्मको तुलनामा राज्यको शक्ति र राजाको श्रेष्ठतालाई ह्रास हुन दिएका छैनन् ।' बोशे, रोजर, द फर्स्ट ग्रेट पोलिटिकल रीयलिस्टः कौटिल्य एन्ड हिज अर्थशास्त्र, (लेनहम : लेक्सिंगटन बुक्स, सन् २००२), पृ.३० ।

द्वितीयोऽध्यायः

# राजकर्तव्य

**गुणवतो राज्यम् ।।१।।**[१]

गुणवान मानिसले राज्यको भोग गर्छ ।

**विद्यागुणोऽर्थगुणः सहायगुणाश्च ।।२।।**

विद्या, धन र सहायक यी तीन गुणले राज्यसञ्चालन हुन्छ ।

**स्वकुलरञ्जनं च चारित्ररक्षणम् ।।३।।**

आफ्नो र आफ्ना कुलको रक्षा गर्नु नै आफ्नो चरित्रको सुरक्षा हो ।

**कृषिगोरक्षवाणिज्यानि ।।४।।**[२]

कृषि, गाईपालन, र वाणिज्य (नै वार्ता हो) ।[३]

**सर्वथा लौकायतिकमेव शास्त्रमर्थसाधनकाले ।।५।।**

अर्थोपार्जनका समयमा लोकायत शास्त्र असाध्यै उपयोगी छ ।[४]

---

[१]यस सूत्रको अर्को अर्थ हुन्छ सार्वभौमसत्ता राज्यको प्रमुख गुण हो ।

[२]वार्ता शब्द वृत्तिबाट बनेको छ । जसको अर्थ हुन्छ सामाजिक मानिसका जीवनको व्यावसायिक क्रियाकलाप । काशीप्रसाद जयसवाल, हिन्दु पोलिटि बंगलोर, (द बंगलोर प्रिन्टंग एन्ड पब्लिशिंग कम्पनी), पृ. ५ ।

[३]दण्डनीतिले गर्दा शान्ति सुव्यवस्था भएको राज्यमा वार्ता, पशुपालन, वाणिज्य) को आधारमा सबैको जीविका सुचारू रहन्छ । त्रयीले विद्या संरक्षण भएर मानिसहरूमा सभ्यता र संस्कार हुन्छ । महाभारत, शान्तिपर्व, (गोरखपुर : गीताप्रेस, वि.सं. २०६०), ६८.४१ । कौटिलीय अर्थशास्त्रमा पनि यी तीन क्षेत्र नै अर्थव्यवस्थाका आधार बताइएको छ कृषि पशुपाल्ये वाणिज्या च वार्ता । कौटिलीय अर्थशास्त्र, भो. १-३, अनुवादक आर पी काङ्ले, (बनारस : मोतीलाल बनारसी दास, सन् २००३), १.२.१ ।

[४]कौटिलीय अर्थशास्त्र १.२.६ मा लोकायत, साङ्ख्य, र योग तीनवटै विधालाई आन्वीक्षिकी अन्तर्गत राखिएको छ- साङ्ख्य योगो लोकायतं चेत्वान्वीक्षिकी । काङ्ले (पृ. ६) का अनुसार आन्वीक्षिकीको अर्थ तर्क विद्या हो । साङ्ख्य र योग जस्तो प्राचीनतम दर्शनसंग लोकायतलाई स्थान दिनु एक विशेष घटना हो । उनको विचारमा कौटिल्यले भनेको लोकायत एक यस्तो दार्शनिक सिद्धान्त हुनुपर्छ जसमा निश्चित विधिले कार्यकारण सम्बन्ध स्थापना गरिएको थियो । कौटिलीय अर्थशास्त्र, उही, पृ. ६ फुटनोट) । तर अहिले लोकायत दर्शनको स्वतन्त्र ग्रन्थ पाईंदैन ।

**कापालिकमेव कामसाधने ॥६॥**

काम साधनाका लागि कापालिक[५] उपयुक्त छ ।

**आर्हतं धर्मे ॥७॥**

धर्म साधनका लागि आर्हत्[६] (जैन मत) उपयोगी छ ।

**लौकायतिकमसेनार्थं क्षिप्रं नश्यति तत् ॥८॥**

लोकायत मार्ग सेनाका लागि प्रयोग भएन भने शीघ्र नष्ट हुन जान्छ ।

**कापालिकार्हतबौद्धाश्च ॥९॥**

यही कुरा कापालिक, आर्हत र बौद्धका लागि लागू हुन्छ ।

**एतेषु तिष्ठन् शलभवह्निवत् ॥१०॥**

यी चारको आश्रय लिनेहरू पुतली बत्तीमा परेर नष्ट भए जस्तै नष्ट हुन्छन् ।

**फलानि श्रोत्रसलिलकल्पानि ॥ ११ ॥**

यिनको परिणाम कानमा परेको पानी जस्तै कष्टदायक हुन्छ ।[७]

**अविद्यायुक्तः पुरूषार्थं साधयितुं धर्मयुक्ते यदिच्छति तदा लौकायतिकाभिधान पाषण्डी ॥ १२ ॥**

अविद्यायुक्त मानिसले जब पुरूषार्थका लागि धार्मिक सरहको इच्छा गर्छ, त्यसलाई लोकायत नामको पाखण्डी[८] भनिन्छ ।

**यदा चण्डाल उदारसुरामांसादिकामेच्छुस्तदा कापालिकाभिधानः पाषण्डी**

---

[५]शैव सम्प्रदाय अन्तर्गतको वामाचारी उपसम्प्रदायलाई कापालिक भनिन्छ । यसको विकास नाथ सम्प्रदाय वा बौद्ध वज्रयानबाट भएको मानिन्छ । विकीपिडीया, अक्टुबर सन् २०२० ।

[६]अर्हत् शब्द जैन र बौद्ध दुवै मत सम्प्रदायमा प्रचलित हुन्छ तर यहाँ बौद्ध शब्द पनि उल्लेख भएकोले यो जैन मतका लागि भनिएको हो ।

[७]थोमसको अनुवाद यस प्रकार छ– 'यिनका उपलब्धि कानको पानी जस्तै निरर्थक हो ।' बृहस्पति सूत्र, सम्पादक, एफ डब्लु थोमस, (लाहौर : द पंजाब संस्कृत बुक डिपो, लाहौर), सन् १९२१, पृ. ९ । उनले कानको पानीलाई आकाशको फल संग तुलना गरेका छन् । तर यस अनुवादले सूत्रको अर्थ स्पष्ट हुँदैन ।

[८]वेद नमान्नेलाई पाखण्डी भनिन्छ ।

।।१३।।

जुन चाण्डालले प्रशस्त मांस र मदिराको आकाङ्कक्षा गर्छ, त्यसलाई कापालिक नामको पाखण्डी भनिन्छ ।

**यदा सन्ध्योपासनाद्यग्निहोत्रादि परित्यज्याहिंसाधर्मेच्छुः तदा क्षपणकपाषण्डी ।।१४।।**

जुन मानिसले सन्ध्या, उपासना, अग्निहोत्र (हवन) आदि छोडेर अहिंसा धर्म पालनको इच्छा गर्छ, त्यसलाई क्षपणक[९] नाम गरेको पाखण्डी भनिन्छ ।

**यदा वेदोक्तकर्म ज्ञानं च सर्वेश्वरं शिवं विष्णुं श्रियमपि परित्यज्य सर्वं शून्यमिति वदति तदा बौद्धाभिधानपाषण्डी ।।१५।।**

जुन मानिसले वेदोक्त कर्म र ज्ञान तथा सर्वेश्वर शिव, विष्णु, देवीको त्याग गरेर सबै शून्य हो भन्न थाल्छ त्यसलाई बौद्ध नामको पाखण्डी भनिन्छ ।

**वृथा धर्मं वदत्यर्थसाधनं लौकायतिकः पिण्डादयश्चोर इति च ।।१६।।**

चोरको पिण्डदान गरे जस्तै अर्थ साधनमा धर्म व्यर्थ छ ।[१०]

**सर्वमर्थार्थं करोत्यग्निहोत्रसन्ध्याजपादीन् ।।१७।।**

उसले अग्निहोत्र, सन्ध्या, जप आदि सबै अर्थका लागि गर्छ ।[११]

**स्वदोषं गूहितं कामार्थ्यं वेदं पठति ।।१८।।**

आफ्नो दोष लुकाउन वेद पाठ गर्छ ।

**अग्निहोत्रादिन् करोति ।।१९।।**

---

[९]बौद्ध र जैन दुवै साधुलाई यस शब्दको प्रयोग हुन्छ । संस्कृत हिन्दी शब्दकोश, वामन शिवराव आप्टे, (दिल्ली : कमल प्रकाशन) ।

[१०]थोमसका अनुसार, पिण्डको अर्थ यहाँ श्राद्ध पिण्ड हो । त्यसैले बार्हस्पत्य सम्प्रदायमा पनि लोकायत जस्तै पिण्डलाई उपहास गरिएको अनुमान गर्न सकिन्छ । बृहस्पति सूत्र, उही, पृ. १० । यसलाई सूत्रको वैकल्पिक अर्थको रूपमा स्वीकार गर्न सकिन्छ ।

[११]दयानन्द सरस्वतीका अनुसार- अग्निहोत्र, तीन वेद, तीन दण्ड र भस्मधारणको कामलाई केही पुरूषार्थहीन चार्वाक मतानुयायीहरूले जीविकाको आधार बनाएका छन् । दयानन्द सरस्वती, सत्यार्थ प्रकाश, (दिल्ली : आर्ष साहित्य प्रचार ट्रष्ट, सन् २०१३), पृ. ३२७ ।

अग्निहोत्र आदि गर्छ ।

**सुरापानार्थं महिलामेहनार्थं करोति ॥२०॥**

सुरापान गर्ने तथा महिलाहरूसंग मैथुन गर्ने उसले यो सब गर्छ ।[१२]

**विष्ण्वादयः सुरापानिन इति कापालिकाः ॥२१॥**

कापालिकहरूले विष्णु आदिलाई सुरापान गर्ने भन्छन् ।

**धर्मार्थं मलपिण्डधारणाद्धर्मं वदति क्षपणकः शिवादय इति वदति क्षपणकः ॥२२॥**

अघोरपन्थीले धर्मका लागि मलपिण्ड[१३] धारण गरेको पनि धर्मका लागि हो । उनीहरूको विचारमा शिव आदिले जुन मुण्डमाला धारण गरेका छन्, त्यसै गरी यो पनि एक धार्मिक कृत्य हो ।

**परापवादर्थं वेदशास्त्रधर्मादीन् पठति ॥२३॥**

अरूको खण्डन गर्नका लागि त्यस (अघोरपन्थी) ले वेद आदि धर्मशास्त्र अध्ययन गर्छ ।

**सर्वान्निन्दति ॥२४॥**

सबैको आलोचना गर्छ ।

**महेश्वरविष्ण्वादीनपि ॥२५॥**

महादेव, विष्णु आदिको निन्दा गर्छ ।

**सोऽप्यशनार्थं धर्मं वदति ॥२६॥**

उसले जे भन्छ आफ्नो पेट भर्नका लागि भन्छ ।

**वदनार्थं परान् स्तौति स बौद्धः ॥२७॥**

---

[१२]कापालिकहरूले प्रयोग गर्ने माँस, मदिरा, मत्स्य, मुद्रा र मैथुनलाई सङ्केत गरिएको हुनसक्छ । तन्त्रानुयायीहरूले यसको साङ्केतिक अर्थ लिन्छन्- मांस अर्थात् मांसपिण्डयुक्त यो शरीर, मदिरा भनेको नशा हो जुन ईश्वरीय ध्यान गर्नेले प्राप्त गर्छ, मत्स्य भनेको सक्रियता, मुद्रा भनेको साधनाको पद्धति तथा मैथुनको अर्थ हो सिर्जना । तन्त्रविधिको मान्यता के छ भने अन्तरमा एक नयाँ सृष्टि निर्माण हुनुपर्छ ।

[१३]थोमसको अनुवाद अनुसार, क्षपणकले धर्मका लागि मलपिण्ड धारण गर्छन् । उनले बाटोका कीरा बढार्न प्रयोग गर्ने कुचोलाई मलपिण्ड बताएका छन् । बृहस्पति सूत्र, उही, पृ. ११ । तर मलको अर्थ फोहर भएकोले मलपिण्डको उचित अर्थ अघोरपन्थीले धारण गर्ने नरमुण्ड आदि कुरालाई संकेत गरिएको हो भन्ने बुझिन्छ ।

पेटका लागि जसले अरूको स्तुति गर्छ त्यो बौद्ध हो ।

**लौकायतिकोमृतोभवत्यर्थकामधर्ममोक्षविहीनो नारकी च ।।२८।।**

लोकायतिकलाई मृत्यु पश्चात् अर्थ, काम, धर्म र मोक्ष केही प्राप्त हुँदैन, नरकको वास हुन्छ ।

**कुले च तत्कुलं तत्पुत्रपौत्रान्तरे विनश्यति ।।२९।।**

त्यसको कुल पनि पुत्र, पौत्र पछि नाश हुनजान्छ ।

**कापाली स्वग्रामगृहस्वजनैः परित्यक्तः सर्वलोकनिन्दितो नारकी भवति ।।३०।।**

कापालिक स्वजन र स्वग्रामबाट परित्यक्त र सर्वलोकबाट निन्दित हुन्छ, नरकगामी हुन्छ ।

**तस्मिन्काल एव कुलं विनश्यति ।।३१।।**

त्यहीबेला कुल नष्ट हुनजान्छ ।

**क्षपणकः स्वकुलग्रामवासिभिर्निन्दितो भवति त्रिकुलं विनश्यति ।।३२।।**

क्षपणक आफ्नो कुल र ग्रामबाट निन्दित हुन्छ । उसको तीन पुस्ताको नाश हुनजान्छ ।

**बौद्धसंचितं कुलं पुत्रपौत्रकाले वा विनश्यति सुदुष्टो नारकी ।।३३।।**

बौद्धद्वारा पालित कुल पुत्र-पौत्रकालमा नष्ट हुनजान्छ । अनि त्यो दुष्ट नरकगामी हुन्छ ।

**एवं पाषण्डिसंपर्कं मनसाऽपि न कुर्यात् ।।३४।।**

यस्ता पाखण्डीहरूसँग मनले पनि सम्पर्क नगरोस् ।

**सुव्यवस्थितमन्त्रेण परच्छिद्रज्ञानिना धार्मिकेण राज्यं परिपालयितुं न शक्यते ।।३५।।**

मन्त्र प्रयोगमा कुशल, अर्काको दुर्गुण जान्ने धार्मिक व्यक्तिले पनि राज्यको पालन गर्न सक्दैन ।

**ऐश्वर्यमदमत्तेन सलोभमानिना संचितं विनश्यति ।। ३६ ।।**

ऐश्वर्यमद भएको, लोभी र अभिमानी मानिसद्वारा संचित राज्य पनि नष्ट हुन जान्छ ।

**कार्यं निश्चित्य विषयाननुभवति यः स उत्तममर्थं साधयति ॥३७॥**

जसले आफ्ना साधन निश्चित गरेर विषयहरूको अनुभव गर्छ उसले उत्तम अर्थ प्राप्त गर्छ ।

**चेष्टया कार्य ज्ञानी अर्थपर इति धर्मवानिति च लोकैर्यथा न ज्ञायते तथा कर्तव्यम् ॥३८॥**

चेष्टाले नै काम जान्ने हुनुपर्छ । कस्तो व्यवहार गर्नुपर्छ भने मानिसहरू राजालाई धर्मवान् नठानुन् ।

**ईश्वर इव चन्द्रादित्याविव ॥३९॥**

ईश्वर, चन्द्रमा र सूर्य जस्तै निस्वार्थ प्रजाको सेवा गर्नुपर्छ ।[१४]

**स्वामिचित्तानुवृत्तिभिर्मत्यैक्यकारकर्मैव मन्त्रम् ॥४०॥**

स्वामीका मनोरथ अनुसार विभिन्न मत भएका मानिसहरूबीच मतैक्य स्थापित गर्नु नै मन्त्रणा गर्नु हो ।

**मन्त्रिणा स्वामिनोऽभियतमुत्सृज्य कार्यं वक्तव्यम् ॥४१॥**

सल्लाहकारले स्वामीको मन पर्ने मात्र होइन मन नपर्ने उपाय पनि बताउनुपर्छ ।

**नीतेःफलंधर्मार्थकामावाप्तिः ॥४२॥**

नीतिको फल धर्म, अर्थ र कामको प्राप्ति हो ।

**धर्मेण कामार्थौ परीक्ष्यौ ॥ ४३ ॥**

धर्मले काम र अर्थको परीक्षा गर्नुपर्छ ।[१५]

---

[१४]बृहस्पतिका अनुसार-पापीहरूलाई नाश गर्दा अग्नि, प्रजाको रेखदेख र संरक्षण गर्दा सूर्य, अशुद्धाचारी मानिसहरूको नाश गर्दा मृत्यु, अधार्मिकलाई दण्ड र धर्मात्माहरू माथि अनुग्रह गर्दा यमराज, तथा हितैषीलाई खुशी भएर धन दिंदा राजाले कुबेरको स्वरूप लिन्छ । महाभारत, शान्तिपर्व, पूवृवत्, ६८.४१-४७ ।

शुक्रका अनुसार, सूर्य जस्तो अधर्मको अन्धकार नाशक तथा धर्मको प्रकाश प्रदाता तथा चन्द्रमा जस्तो लोकरञ्जनकर्ता हुनु राजाको गुण हो । शुक्रनीति सार, अनुवादक जगदीश्वरानन्द सरस्वती, (सोनीपत, हरियाणा : रामलाल कपूर ट्रष्ट, वि.सं. २०६५), १.६३,६४, ७३-७४ । मनुका अनुसार, इन्द्र जस्तो ऐश्वर्ययुक्त, वायु समान सर्वत्रगमनशील, यम जस्तै पक्षपातरहित न्यायाधीश, सूर्य समान न्याय, धर्म, र विद्याको प्रकाशक, अन्धकार नाशक, अग्नि समान दुष्टहरूलाई भस्म गर्ने, चन्द्रमा समान आनन्द दिने, कुबेर समान धनको मालिक हुनु राजाको गुण हो । मनुस्मृति अनुवादक गणेशदत्त पाठक, (वाराणसी ठाकुर, कसेलर, सन् १९९१), ७.४ ।

[१५]यसबाट बृहस्पतिले धर्मलाई उच्च महत्त्व दिएका छन् भन्न सकिन्छ ।

**धर्मं धर्मेण ॥४४॥**

धर्मले धर्मको परीक्षा गर्नुपर्छ ।

**अर्थमर्थेन ॥४५॥**

अर्थले अर्थको परीक्षा गर्नुपर्छ ।

**कामं कामेन ॥४६॥**

कामले कामको परीक्षा गर्नुपर्छ ॥

**मोक्षं मोक्षेण ॥४७॥**

मोक्षले मोक्षको परीक्षा गर्नुपर्छ ।

**गुरूशासनं कार्यमेव विरूद्धं धर्मेणापि पाण्डवविवाह इव, अर्जुनस्य संन्यास इव, व्यासविधवागमनमिव, कर्णोत्पादनमिव राममातृवधामिवेत्यादि ॥४८॥**

धर्मको विरूद्ध भए पनि गुरूको आज्ञा पालन गर्नुपर्छ । जस्तै पाण्डवले विवाहको समयमा[१६], अर्जुनले सन्न्यासको समयमा[१७], व्यासले विधवा गमनको

---

[१६]महाभारत आदिपर्वको स्वयंवर पर्व अनुसार आमा कुन्ती सहित पाण्डवहरू ब्राह्मण वेशमा लुकेर हिंडिरहेका थिए । त्यसबेला बाटोमा भेटिएका ब्राह्मणहरूले द्रौपदी स्वयंवरमा पाञ्चालतिर जान थालेको जानकारी दिए । यो सुनेर उनीहरूले धौम्य ऋषिको आश्रममा पुगेर उक्त स्वयंवरमा विजयी हुने आशीर्वाद मागे । द्रुपदको दरबारमा उनीलाई स्वयंवरमा भाग लिन स्वीकृति दिइयो । अर्जुनले मत्स्यवेध गरेर द्रौपदीलाई पत्नीको रूपमा प्राप्त गरे । अत्यन्त प्रसन्न पाण्डवहरूले आमालाई नयाँ कुरा ल्याएको खुशखबरी बाहिरबाट सुनाए । घरभित्र बसेकी आमा कुन्तीले सबै दाजुभाईलाई बाँड भनेर अह्राइन् । यसरी अकस्मात् द्रौपदी पाँच पतिकी पत्नी बन्न पुगिन् । महाभारत, उही, आदिपर्व, अध्याय १९७ ।

[१७]महाभारत आदिपर्वको वनवास पर्व अनुसार, द्रौपदीसँग पाँच पाण्डवको विवाह पश्चात् महर्षि नारदको निर्देशन अनुसार उनीहरूले के नियम बनाएका थिए भने प्रत्येक भाई क्रमले एक वर्ष द्रौपदीका साथमा दरबारमा एक्लै रहने छन् । अन्य दाजुभाई अन्यत्र आफ्नो काम गर्ने छन् । आफ्नो समय बाहेकका समयमा कुनै पाण्डव यदि महलमा पुग्यो भने उसले १२ वर्ष वनवास जानु पर्ने छ । युधिष्ठिर र द्रौपदी महलमा सँगै निवास गर्ने पहिलो वर्षमा एउटा किसान-दस्युहरूले गाई लुटेर लगे, भन्दै रूँदै अर्जुनकहाँ आइपुग्यो । अर्जुनका धनुष-बाण भित्र महलमा थिए । धनुष बाण निकालेर गाई उद्धार गरी किसानलाई बुझाए पछि उनी १२ वर्षको स्वनिर्वासनमा हिंडे । यस समयमा उनले अनेक उपलब्धि प्राप्त गरे । सोही समयमा उनको विवाह सुभद्रासँग भएको हो । पछि सुभद्राबाट पाण्डवहरूको वंश परम्परा थामियो । महाभारत, उही, आदिपर्व अध्याय २११-२१८ ।

समयमा[१८], कुन्तीले कर्ण जन्मको समयमा[१९], परशुरामले मातृवधको समयमा[२०] गरेका थिए ।

**नीतिवियुक्तः पुत्र इव शत्रुः ॥४९॥**

नीतिका विरूद्धको पुत्र पनि शत्रुवत् हुन्छ ।

**बालं दुष्टं साहसिकमज्ञातशास्त्रंमन्त्रे न प्रवेशयेत् ॥५०॥**

बालक, दुष्ट, दुस्साहसी, शास्त्र ज्ञानरहितलाई मन्त्रणामा समावेश गर्नु हुँदैन ।

**मूढा दुराचारास्तीक्ष्णा आत्मबुद्धयः क्षिप्रक्रुद्धा बाला मन्त्रयोग्या न ॥५१॥**

मूढ, दुराचारी, हिंसक, विचारहीन, छिटो रिसाउने, आफूलाई बुद्धिमान् ठान्ने र केटाकेटी बुद्धि भएका पनि  मन्त्रणायोग्य हुँदैनन् ।

**सर्वरत्नान्यपि दीयन्तां स्वकार्यजीवयशोरक्षणे ॥५२॥**

सारा रत्न दिएर भए पनि आफ्नो जीवन र प्रतिष्ठा रक्षा गर्नुपर्छ ।

**मन्त्रकाले न कोपयेत् ॥५३॥**

मन्त्रणा गर्ने समयमा रिसाउनुहुँदैन ।

**धर्मप्रधानं पुरूषार्थानाम् ॥५४॥**

सबै पुरूषार्थहरूमा धर्म नै मुख्य हो ।

**अधर्मेण भुज्यमानं सुखमसुहृत् स्थितिर्बिर्धनम् ॥५५॥**

अधर्मले आर्जन गरेको सुखले भलो गर्दैन ।

---

[१८]महाभारत आदि पर्व अनुसार, भीष्मका भाई विचित्रवीर्य निस्सन्तान मरेकोले व्यासले माता सत्यवतीको आज्ञानुसार विधवाहरू- अम्बिका र अम्बालिकाबाट धृतराष्ट्र र पाण्डु जन्माएका हुन् । महाभारत, उही, आदिपर्व, अध्याय १०५ ।

[१९]महाभारत आदि पर्व अनुसार, कुन्तीले ऋषि दुर्वासाको आशीर्वादबाट देवतालाई सशरीर बोलाउन सकिने एक विशेष मन्त्र प्राप्त गरेकी थिइन् । यस मन्त्रको  परीक्षण गर्दा कर्णको जन्म भएको हो । पाण्डु सन्तान जन्माउन असमर्थ भएकोले पछि सोही  मन्त्रको उपयोग गरेर कुन्तीबाट युधिष्ठिर, भीम र अर्जुन तीन सन्तान तथा माद्रीबाट दुई जुम्ल्याहा सन्तान नकुल र सहदेव भएका थिए । महाभारत, उही, अध्याय १२१-१२३ ॥

[२०]परशुरामको पितृभक्ति, बहादुरी तथा क्रोध पुराणहरूमा निकै प्रसिद्ध छ । उनले पिता जमदग्निको आज्ञा शिरोपर गरेर माताको शिरच्छेदन गरीदिएका थिए । परशुरामको चरित्र वर्णन रामायण, महाभारत, विष्णुपुराण, ब्रह्माण्डपुराण आदि ग्रन्थहरूमा छरिएको पाइन्छ ।

**अपथ्यभोजनो मृत्युप्रीतिकर इव ॥५६॥**

अपथ्य भोजन गर्नु भनेको मृत्युको प्यारो हुनु हो ।[२१]

**सत्यव्रतः शास्त्रेषु निष्ठितः पुरूषः सागरमपि शोषयेत् ॥५७॥**

जो व्यक्ति सत्यव्रती हुन्छ, उसले सागर पनि सुकाइदिन सक्छ ।

**ऋुद्धो यदि हतपौरूषास्त्रस्ता भवन्ति ॥५८॥**

किनभने त्यो ऋुद्ध भयो भने उसका अगाडि पुरूषार्थहीन मानिस तर्सिन्छन् ।

**एक एव बहुन् दुर्जनो नाशयति ॥५९॥**

एक दुर्जनले अनेकौँ मानिसको नाश गरिदिन सक्छ ।

**पौरूषे निष्ठितो देवो ॥६०॥**

जुन राजामा देवत्व हुन्छ, त्यसमा पुरूषार्थ प्रतिष्ठित हुन्छ ।[२२]

**यस्य स्वदाररतिः यस्यात्मदमने शक्तिसतेन सदृशो न ॥६१॥**

जुन मानिसले आफ्नी पत्नीलाई मात्र प्रेम गर्छ र आत्मसंयम राख्छ, त्यो अनुपम छ ।

**सज्जनो न भयाद् व्यतिवर्तते ॥६२॥**

सज्जन मानिस भयको कारणले विचलित हुँदैन ।

**तस्मिन् काले हितमवक्तव्यमवाक्यज्ञैः सुहृद्भिः ॥६३॥**

त्यस समयमा अवाक्यज्ञ मित्रहरूद्वारा हितकर वचन बोल्नु हुँदैन ।

---

[२१]राजाको व्यक्तिगत स्वास्थ्य र सुरक्षा सम्बन्धमा कौटिल्यले अर्थशास्त्रमा विस्तृत चर्चा गरेका छन् । उदाहरणका लागि विष परेको तरकारी बेरङ्ग र विकृत हुन्छ । भोजनको स्वाद र गन्ध पनि फरक हुन्छ । राजाले खानु अघि पहिला पक्षी र भान्सेलाई दिएर अनि राजाले भोजन गर्नु पर्छ । खाना चाख्ने मानिस पनि हुनु पर्छ । खाना दिने मानिसको मनोविज्ञानले पनि विषका कुरा अनुमान गर्न सकिन्छ । राजालाई स्नान गराउने, कसरत गराउने सबैबाट सुरक्षाका व्यवस्था बारे विस्तृत वर्णन गरिएको छ । कौटिलीय अर्थशास्त्र अधिकरण एक अध्याय २१ ।

[२२]शुक्रका अनुसार, धर्ममा तत्पर रहने राजालाई देवांश भनिन्छ । शुक्रनीति सार, (सोनीपत, हरियाणा : रामलाल कपूर ट्रष्ट, वि.सं. २०६५), १.७० ।

**उत्सिक्तहृदयं धर्मेचलितगौरवमजितात्मानं शासितुं नोत्सहेत ॥६४॥**
निर्दयी, धर्मपथमा नहिँड्ने, आत्म नियन्त्रणहीनले शासन गर्ने जाँगर गर्नुहुँदैन ।
**दारूणकर्मभिः श्रान्तमज्ञाननिद्रया सुप्तं धर्मवाक्यानिलैः शीतैर्बालिशं प्रबोधयेत् ॥६५॥**
कठोर कर्मले श्रान्त, अज्ञाननिद्रामा सुप्त मूर्खलाई धर्मवाक्यरूपी शीतल वायुले ज्ञान दिनुपर्छ ।
**दुर्जनमध्ये सूर्यवत् प्रकाशयते सुजनः ॥६६॥**
दुर्जनहरूको बीचमा सज्जन मानिस सूर्य झैँ प्रकाशित हुन्छ ।
**अधर्मव्यवस्थितान्न्यायवृतेन वारयेत् ॥६७॥**
अधर्ममा लागेका मानिसलाई न्याय आचरणले नियन्त्रण गर्नुपर्छ ।
**अधर्मं नार्जयेत् ॥६८॥**
अधर्मको आर्जन गर्नुहुँदैन ।
**अकीर्तिं नार्जयेत् ॥६९॥**
अपयश हुने काम गर्नुहुँदैन ।
**नमारयेत् ॥७०॥**
कसैको हत्या गर्नुहुँदैन ।
**वोलाः निवार्यतां धर्मपाठाङ्कुशेन गजा इव ॥७१॥**
हात्तीलाई अङ्कुशले नियन्त्रण गरे जस्तै कुमार्गगामीलाई नियन्त्रणमा राख्नुपर्छ ।
**गुरूवचनमलङ्घनीयं नयानुगतं चेत् ॥७२॥**
नीति अनुरूपका गुरूवचनको उल्लङ्घन गर्नुहुँदैन ।
**गुरूमपि नीतिवियुक्तं निरासयेत् ॥७३॥**
नीतिविरूद्ध भएमा गुरूलाई पनि त्याग गर्नुपर्छ ।
**इत्येतान् गुरूराहेति ॥७४॥**
यी कुराहरू गुरूले भन्नुहुन्छ ।
इति बार्हस्पत्य सूत्रे द्वितीयोऽध्यायः ॥
बृहस्पति सूत्रमा दोस्रो अध्याय समाप्त ।

तृतीयोऽध्यायः

# मन्त्रदेशकाल

**जितक्लेशस्य पौरूषम् ॥१॥**[१]

क्लेशलाई जित्न सक्नेले पुरूषार्थ गर्न सक्छ ।

**देशान्तरवासेन जितक्लेशो भवति ॥२॥**

देशान्तर वास गर्नेले पनि दुःखमा विजय प्राप्त गर्छ ।

**सर्वबलकालदेशसामप्रकृतिसहायामवयसां ज्ञानं कार्यम् ॥३॥**

सारा शक्ति काल, देश, स्तुति प्रजा र सहायकको ज्ञान प्राप्त गर्नुपर्छ ।

**उपवासादिसहिष्णुत्वं च ॥४॥**

भोक-तिर्खा सहन गर्नुपर्छ ।

**सुगन्धवासान् कोशान् कुर्यात् ॥५॥**

कोठाहरू स्वच्छ र सुगन्धित राख्नुपर्छ ।

**बहुवादं मधुरमेव कुर्यात् ॥६॥**

धेरै बोले पनि मधुर बोल्नु पर्छ ।[२]

---

[१]यस सूत्रलाई चाणक्य प्रणीत सूत्रसँग तुलना गर्न सकिन्छ– सुखको मूल धर्म हो भने धर्मको मूल अर्थहो । अनि अर्थको मूल्य राज्य हो तर राज्यको मूल इन्द्रिय जय हो । कौटिलीय अर्थशास्त्रम्, अनुवादक वाचस्पति गैरोला, (वाराणसी : चौखम्बा विद्याभवन,सन् २००९), पृ. ७७५ ।

[२]बृहस्पतिका अनुसार, जुन मानिसले निधारमा गाँठो पार्दै गमक्क परेर बस्छ, त्यसलाई कसैले मनपराउँदैनन् । सबैको प्रिय हुने र संसारमा यश प्राप्त गर्नसक्ने तथा सारा जगत्लाई सुखदायक एक मात्र उपाय हो सान्त्वनापूर्ण वचन । यो एक यस्तो कुरा हो जसको आचरण गर्ने मानिलाई सबले मनपराउँछन् । जसले मुसक्क हाँसेर आफैंले कुरा सुरू गर्छ ऊसँग सबै प्रसन्न रहन्छन् । मधुर वचन बोल्ने मानिसले अरूको केही वस्तु लिएर पनि उसलाई वशमा पार्छ । कसैलाई दण्ड दिने इच्छा गर्नेले पनि ऊसंग मधुर वचन बोल्नु पर्छ । सबैलाई आफ्नो वशमा राख्ने कुरामा सान्त्वनापूर्ण, मधुर तथा स्नेहपूर्ण वचनभन्दा उत्कृष्ट अर्को केही साधन छैन । महाभारत शान्ति पर्व (गोरखपुर : गीताप्रेस, वि.सं. २०६०), अध्याय ८४.३-१०।

**शमबुद्धीन् मणीन् सर्वान् सदाराधयेत् ॥७॥**

सबै शम बुद्धिका श्रेष्ठ मानिसहरूलाई सम्मान गर्नुपर्छ ।

**नवानि मन्त्राणि विद्यात् ॥८॥**

नयाँ मन्त्रको ज्ञान प्राप्त गर्नुपर्छ ।

**त्रिविधानि शाक्ता वैष्णवा शैवानि तत् प्रभिन्नानि ॥९॥**

शाक्त, वैष्णव, शैव यी तीनका भिन्न भिन्न मन्त्र हुन्छन् ।

**मोक्षपुर्या द्वारं त्रयं शाक्ता वैष्णवाः शैवाः ॥१०॥**

मोक्ष पुरीका ढोका तीनवटा छन्- शाक्त, वैष्णव, शैव ।

**पोतयानमार्गवच्छाक्तम् ॥११॥**

पानी जहाजको जस्तो मार्ग शाक्त हो ।

**महापथवद् वैष्णवम् ॥१२॥**

महापथ जस्तो वैष्णव हो ।

**केवलप्रधानिकम शैवमश्वरथयानवत् ॥१३॥**[३]

केवल एक तत्त्वको प्रधानता भएको शैव अश्वरथ जस्तो हो ।

**लौकायतिकक्षपणकबौद्धादि बहुशारर्दूलदुष्टमृगाकीर्णशून्याटवीगुहामार्गवत् ॥१४॥**

लोकायत, क्षपणक, बौद्ध आदि मत बाघ, र हिंस्रक प्राणीले भरिएको सुनसान जंगलको सुरूङ मार्ग जस्तो हो ।

**एतान् निरूप्यैकमाश्रयेत् ॥१५॥**

यी सबै मार्गको राम्ररी निरूपण गरेर मात्र कुनै एक मार्गको आश्रय लिनु पर्छ ।

**ज्योतिर्नाथस्थितं सदा निरूपयेत् ॥१६॥**

ज्योतिनाथ (परमात्मा) मा स्थित प्रकाशलाई सदा निरूपण गर्नुपर्छ ।

**चातुर्वर्ण्यं रक्षेच्च ॥१७॥**

चार वर्णको रक्षा गर्नुपर्छ ।

**औषधानि सेवेत् च ॥१८॥**

औषधिको सेवन गर्नुपर्छ ।

---

[३]सर्वदर्शन सङ्ग्रह अध्याय ६ अनुसार, प्रधान मत भनेको शैव हो । बृहस्पति सूत्र, सम्पादक एफ डब्लु थोमस, (लाहौर : द पंजाब संस्कृत बुक डिपो, सन् १९२१), पृ. १५ ।

**बलवर्णतेजोमदबुद्धिशौर्यदया वर्धनानि दोषधातुशमानि ॥१९॥**

बल, वर्ण, तेज, रूपरङ्ग, शक्ति, आत्मसम्मान, बुद्धि, शौर्य, र दयालाई यी औषधिले बढाउँछन् । दोष र धातुलाई शमन गर्छन् ।

**दानमानालङ्कारविद्याभिः सिद्धिं लभेत् ॥२०॥**

दान, मान, अलङ्कार र विद्याद्वारा सिद्धि प्राप्त गर्नुपर्छ ।

**अष्टादश तीर्थानि निरूपयेत् ॥ २२ ॥**

अठाह्र तीर्थको निरूपण गर्नुपर्छ ।

**षट् प्रकृतयस्तीर्थं शत्रुमित्रोदासीनश्च, अन्तःशत्रुरन्तर्मित्रोऽन्तरूदासीन इति तेऽप्यनुजीविसखिसुहृदश्च, भार्यापुत्रबान्धवाश्च ॥ २३ ॥**

तीर्थ[४] भनेको छ प्रकृति,[५] शत्रु, मित्र, उदासीन, अन्तःकरणदेखिको शत्रु, अन्तःकरणदेखिको मित्र, अन्तःकरणदेखिको उदासीन, आश्रित, सहयोगी, मित्र, पत्नी, पुत्र, र नातेदार हुन् ।

---

[४]यहाँ भनिएका तीर्थ अन्य नीतिसार भन्दा फरक छन् । उदाहरणका लागि कौटिल्यले १८ तीर्थ यस प्रकार बताएका छन्– मन्त्री, पुरोहित, सेनापति, युवराज, दौवारिक, अन्तःपुर रक्षक, प्रशास्ता, समाहर्ता, सन्निधाता, प्रदेष्टा, नायक, पौर, व्यावहारिक, कार्मातिक, सभा, दण्डपाल, अन्तपाल, दुर्गपाल । राघवेन्द्र वाजपेयी, बार्हस्पत्य राज्य व्यवस्था, (वाराणसी : चौखम्बा विद्याभवन, वि.सं. २०२३), पृ. ३ ।

पञ्चतन्त्र, तेस्रो तन्त्रमा भने कौटिलीय अर्थशास्त्रमा बताइएका १८ तीर्थलाई शत्रुपक्षका तीर्थका साथै स्वपक्षका १३ तीर्थ यस प्रकार बताइएको छ– रानी, राजमाता, कञ्चुकी, मालाकार, शैयापालक, गुप्तचराध्यक्ष, ज्योतिषी, वैद्य, जलवाहक, ताम्बूलवाहक, आचार्य, अङ्गरक्षक, नर्तकी ।

[५]मनु र कौटिल्यले राज्यका सात प्रकृति अन्तर्गत स्वामीलाई पहिलो प्रकृति बताएका छन्– स्वाम्यमात्यजनपददुर्गकोशदण्डमित्राणि प्रकृतयः ॥ कौटिलीय अर्थशास्त्र, पूर्ववत् पृ ६.१ ॥

सप्तप्रकृतयो ह्येताः समस्तं राज्यमुच्यते ॥ मनुस्मृति अनुवादक गणेशदत्त पाठक, (वाराणसीः ठाकुरप्रसाद कमसेलर, सन् १९९१) ९.२९४ ॥

कामन्दकले भने पृथिवीपति (स्वामी) लाई सातौं प्रकृति बताएका छन्

अमात्यराष्ट्रदुर्गाणि कोषो दण्डश्च पंचमः ।

एताः प्रकृतयस्तज्ज्ञैर्विजिगीषोरूदाहृता ः॥

एताः पञ्च तथा मित्रं सप्तमः पृथिवीपति ः ।

सप्तप्रकृतिकं राज्यमित्युवाच बृहस्पति ॥ कामन्दक ८.४-५ ॥ तर बृहस्पतिले राजालाई प्रकृतिभन्दा माथि राखेर सर्वोच्च स्थान दिएका छन् भन्न सकिन्छ ।

**अन्येऽपि देवालयनृत्तयागभूमि सन्ध्यावापी चतुष्पथ पाषण्डालयापण बालविद्यापाठदेशखलूरीशाली चन्द्रदर्शनाद्युत्सव वेश्यागृह समुद्रतीर यति संनिधि राज्यसन्धि सुराविक्रयस्थान पान्थनिवासश्च ।।२४।।**

अरूले भने १८ तीर्थ यस प्रकार बताएका छन् देवालय, नृत्यशाला, यज्ञभूमि, सन्ध्या, पोखरी, चौबाटो, जुआघर, बजार, बालपाठशाला, कवाज खेल्ने ठाउँ, चन्द्र दर्शन, उत्सव, वेश्या गृह, समुद्रतट, यतिस्थान, सीमाना, मदिरालय र धर्मशाला ।

**शृङ्गारवेषं कुर्यात् ।।२५।।**

सुन्दर वस्त्र धारण गर्नुपर्छ ।

**पुरद्वारे सर्वनिरोधनं कार्य्यम् ।।२६।।**

नगरको प्रवेशद्वारमा सबैलाई निरोध गर्नुपर्छ ।

**सर्वान्न निषेधयेच्च ।।२७।।**

तर सबैलाई भित्र आउनबाट वञ्चित गर्नुहुँदैन ।

**इतिहासपुराणानि मानयेत् ।।२८।।**

इतिहास पुराणको सम्मान गर्नुपर्छ ।[६]

**तत् पाकांश्च ।।२९।।**[७]

यस कुराको प्रदर्शन गर्नुपर्छ ।

---

[६]शुक्रनीति ४.३.५०-५१ अनुसार, इतिहास वा पुरावृत्तमा कुनै एक प्रमुख राजाको चरित्रको आधारमा प्राचीन समयको व्यवहार वर्णन गरिएको हुन्छ । यस परिभाषा अनुसार रामायण र महाभारत इतिहास हुन् । तथा पुराणमा सृष्टि, प्रलय, वंश, मन्वन्तर, तथा वंशहरूको चरित्रको वर्णन गरिएको हुन्छ । शुक्रनीति सार, अनुवादक जगदीश्वरानन्द सरस्वती, (सोनीपत, हरियाणाः रामलाल कपूर ट्रष्ट, वि.सं. २०६५), ४.३.५०-५१ ।

कौटिलीय अर्थशास्त्र अनुसार, पुराण, जीवनी, आख्यायिका, उदाहरण (मीमांसा) धर्मशास्त्र तथा अर्थशास्त्र यी सबै विषय इतिहास हुन् । दोपहर पछि यी विषय श्रवण गर्नुपर्छ । अन्य समयमा आफूले सिकेको ज्ञानको मनन चिन्तन गर्नुपर्छ । कौटिलीय अर्थशास्त्र, भो. २, अनुवादक आर पी काङ्ले, (बनारस : मोतीलाल बनारसी दास, सन् २००६), २.५ ।

[७]यहाँ पाक भनेको शब्द जनपक्ती, लोकपंक्तीको पर्याय हो । जसको अर्थ हुन्छ प्रजालाई शिक्षा दिनु ॥ शतपथ ब्राह्मण ९.५.७.१॥ बृहस्पति सूत्र, उही, पृ. १७ ।

**शाक्तागमान् वैखानसागमान् सांख्यान् शैवांश्च मानयेत् ॥३०॥**

अनि शाक्त र वैखानस (वैष्णव) आगम[८], तथा साङ्ख्य, एवं शैव मतको सम्मान गर्नुपर्छ ।

**सर्वानपि स्वाध्यायं कुर्यात् कारयेच्च ॥३१॥**

सबैको स्वाध्याय गर्नु र गराउनुपर्छ ।

**ब्राह्मणं न हन्याद्दोषदुष्टमपि ॥३२॥**

केही दोषी भए पनि ब्राह्मणको हत्या गर्नुहुँदैन ।

**निर्दयस्य दया कर्तव्या ॥३३॥**

निर्दयी माथि पनि दया गर्नुपर्छ ।

**ग्रामणीन् सम्भावयेत् ॥३४॥**

ग्रामणी (ग्राम प्रमुख) को सम्मान गर्नुपर्छ ।

**नगरेन्द्राँश्च ॥३५॥**

नगरप्रमुखको पनि सम्मान गर्नुपर्छ ।

**दुर्बलमपि साम कुर्यात् ॥३६॥**

दुर्बलसंग पनि मीठो वचन बोल्नुपर्छ ।

**दानेन बहु नस्वल्पञ्च ॥३७॥**

अत्यधिक वा अति अल्प दान गर्नुहुँदैन ।

**नोत्तमेषु गुणबाहुल्यक्रमेण ॥३८॥**

अधमलाई गुण क्रमानुसार दिनुपर्छ ।

**अक्षैर्दीव्यात् नैव दीव्याच्च ॥३९॥**

पासा हान्ने जुआ खेल्नुपर्छ तर सधैं खेल्नुहुँदैन ।

**सर्पादीन् हन्यात् ॥४०॥**

सर्प आदि विषालु प्राणी मारोस् ।

**उत्तमान्ना मन्त्रसिद्धान् विद्याबहुलान् द्विजान् मानयेत् ॥४१॥**

उत्तम, अनेक मन्त्र सिद्ध गरेका, विद्याले विभूषित ब्राह्मणको सम्मान गर्नुपर्छ ।

---

[८]वैष्णव सम्प्रदायको त्यो उपसम्प्रदाय जसमा विष्णुका अवतारको व्याख्या गरिन्छ । यस मतका प्रवर्तक विखनस ऋषिको नाममा यसलाई वैखानस भनिन्छ । विकिपीडिया, अक्टुबर सन् २०२० ।

**अन्यराष्ट्रजान् द्विजान् क्षत्रबन्धून् कुमारसामन्तादीनात्मवत् सम्भावयेद् भोजनाच्छादनादिभिः ।।४२।।**

अरू राष्ट्रका ब्राह्मण, क्षत्रिय, राजकुमार, सामन्त इत्यादिलाई आफू जस्तै भोजन, वस्त्र इत्यादिले स्वागत गर्नुपर्छ ।

**शरणागतं सर्वपातकयुक्तमपि रक्षेत् ।।४३।।**

शरणागत भएको पापीलाई पनि सुरक्षा दिनु पर्छ ।

**दुष्टनिग्रहं कुर्यात् ।।४४।।**

दुर्जनलाई दण्डित गर्नुपर्छ ।

**शिष्ट परिपालनञ्च ।।४५।।**

सज्जनको रक्षा गर्नुपर्छ ।

**ग्रामं नगरं देवालयान् च न बाधेत् ।।४६।।**

गाउँ, नगर, र देवालयलाई दुख दिनु हुँदैन ।

**आसवानि सेवयेत्, अति न, मांसानि च ।।४७।।**

आसवको सेवन गर्नुपर्छ तर अति सेवन गर्नु हुँदैन । मांसाहार पनि गर्नुपर्छ ।

**घृणा कार्या ।।४८।।**

घृणा पनि गर्नुपर्छ ।

**बौद्धादयो न ग्राह्या ।।४९।।**

बौद्ध आदिलाई स्वीकार गर्नु हुँदैन ।

**न मत्तकाशिन्यः सेव्याः ।।५०।।**

मादकवस्तुको सेवन गर्नु हुँदैन ।

**पञ्चाशत्कोटियोजना पृथिवी सप्तद्वीपवती च सप्तसमुद्रावृता च ।।५१।।**

पृथिवीको क्षेत्रफल पचास करोड योजन छ । यसमा सात द्वीप छन् । जुन सात समुद्रले घेरिएका छन् ।[९]

---

[९]विष्णुपुराण अनुसार, लवण, इक्षुरस, मदिरा, घृत, क्षीर र पय नाम गरेका सात सागरले सात द्वीप- जम्बु, पलक्ष, कुश, शाल्मली, क्रौंच, शङ्कर, पुष्करलाई घेरेका छन् ।

**कर्मभोगातिभोगदिव्यशृङ्गारसिद्धकैवल्या यति द्वीपाभिधानाः ॥५२॥**
कर्म, भोग, अतिभोग, दिव्य, शृङ्गार, सिद्ध र कैवल्य भनेर यी द्वीपलाई जान ।[10]

**मध्यः कर्मभूमिः तन्मध्ये मेरोराजम्बूः ॥५३॥**
मध्यमा कर्मभूमि छ । त्यसको मध्यमा मेरू र जम्बु छन् ।

**तत्रोत्तरे हिमवान् ॥५४॥**
यसको उत्तरमा हिमालय छ ।[11]

**तस्य दक्षिणे नवसाहस्री भूः ॥५४॥**
त्यसको दक्षिणमा नौ हजार योजनको भूखण्ड छ ।[12]

**तत्र दाक्षिणात्यो भारतः खण्डः ॥**
त्यसको दक्षिणमा भरतखण्ड छ ।

**तत्र साक्षाद्धर्माधर्मफलाः सिध्यन्ति ॥५५॥**
त्यस स्थानमा धर्म, अधर्मको फल जस्ताको तस्तै सिद्ध हुन्छ ।

**तत्र दण्डनीतिः । पूर्वै भारतीयैः पठितव्यः भविष्यैर्वर्तमानैश्च चातुर्वर्णिकैश्च ॥५६॥**
त्यहाँ भारतवर्षमा विगत, वर्तमान र भविष्यका चारै वर्णका मानिसले दण्डनीतिको ज्ञान राख्छन् ।

**दण्डनीत्या भगवान् भानुनृपतिः वायुश्च । सर्वे देवाश्च, जन्तवश्च ॥५७॥**[13]
दण्डनीतिका दृष्टिले राजा भगवान् सूर्य हो, वायु हो, इन्द्र हो । मानिसको रूपमा देवता नै हो ।[14]

---

[10]सात द्वीपका यी नाम अन्यत्र पाईंदैन तर भारतवर्षलाई कर्मभूमि भनेर विष्णु पुराण २.३.२ मा पनि भनिएको छ । बृहस्पति सूत्र, उही, पृ. १९ ।

[11]थोमसका अनुसार, यहाँ उत्तरको अर्थ उत्तरको हिमालय हुनुपर्छ, मेरूभन्दा उत्तर होइन । उही ।

[12]विष्णु पुराण २.३.२ अनुसार पनि यही विवरण छ । उही ।

[13]बृहस्पतिको यो भनाई अध्याय २.३९ मा पनि दिइएको छ ।

[14]मत्स्य पुराणका अनुसार, दण्डनीतिको प्रयोगका लागि विभिन्न देवहरूको अंशबाट राजाको सृष्टि ब्रह्माद्वारा गरिएको हो । जुन बेला ऊ चन्द्रमा जस्तो शान्त हुन्छ मानिसले उसलाई हेरेर आनन्द प्राप्त गर्छन् । शत्रु होस् कि मित्र राजाले सबैलाइ उसको अपराध अनुसार दण्ड दिन्छ, त्यसैले ऊ यमराज पनि हो । जसरी इन्द्रले स्वेच्छाले वर्षा गराउँछन्, राजाले पनि दान पुण्यको वर्षा गर्नुपर्छ । सूर्यले सागरको पानी शोषे जस्तै जनतासंग कर लिनु पर्छ । जसरी वायु सबैतिर विचरण गर्छ राजा पनि आफ्ना गुप्तचरको माध्यमबाट सबैतिर विचरण गर्छ । मत्स्य महापुराण, (गोरखपुर : गीताप्रेस, वि.सं. २०७१), अध्याय २२६ ।

**सहस्रयोजना बदरिकासेत्वन्ता ।।५८।।**

बदरिकाबाट रामसेतु भूखण्ड एक हजार योजन छ ।[१५]

**द्वारकादिपुरूषोत्तमसालग्रामान्ता सप्तशतयोजना ।।५९।।**

द्वारकाबाट पुरूषोत्तम क्षेत्र शालग्राम[१६] क्षेत्रको अन्तसम्मको क्षेत्र सात शय योजन छ ।[१७]

**तत्रापि रैवतकविन्ध्यसह्यकुमारमलयश्रीपर्वतपारियात्राः सप्तकुलाचलाः ।।६०।।**

यस क्षेत्रमा रैवतक, बिन्ध्य, सह्य, कुमार, मलय, श्रीपर्वत र पारिजात गरी सात पर्वत छन् ।

**गङ्गासरस्वतीकालिन्दीगोदावरीकावेरीताम्रपर्णीघृतमाला कुलनद्यश्च ।।६१।।**

अनि गङ्गा, सरस्वती, कालिन्दी, गोदावरी, कावेरी, ताम्रपर्णी, घृतमाला यी कुल नदीहरू छन् ।

**अष्टादश विषयाँश्च ।।६२।।**

अठार देशहरू छन् ।

**अष्टादश सागरा नृपाः ।।६३।।**

अठार राजाले समुद्री देशमा राज गर्छन् ।

**अष्टादश पार्वतीयाः ।।६४।।**

अठार राजाले पर्वतीय देशमा राज गर्छन् ।

**रामसृष्टिश्चत्वारिंशच्छतं दक्षिणोत्तरे आसह्यं द्वादह्यं विश्वामित्रसृष्टिरेकादश ।।६५।।**

रामको सृष्टि उत्तर दक्षिण ४० शय योजन छ भने विश्वामित्रको सृष्टि ११ प्रकारको छ ।[१८]

---

[१५]एक योजन = चारकोस = १२ कि.मी. (लगभग)

[१६]शालग्रामको क्षेत्र गण्डकी नदी हो । दामोदर कुण्डदेखि देवघाटसम्म शालग्राम प्राप्त गर्न सकिन्छ ।

[१७]पुरूषोत्तम क्षेत्र उडीसामा पर्छ । बृहस्पति अर्थसूत्र, उही ।

[१८]विश्वामित्र एक प्रमुख वैदिक ऋषिको नाम हो जसले गायत्री मन्त्र लगायतका अनेक मन्त्र रचना गरेका थिए । उनको महर्षि वशिष्ठसंग ठूलो विवाद परेको थियो । त्यसैले उनले आफ्नो छुट्टै सृष्टि गर्न खोजेका थिए भन्ने कथा पाइन्छ । यस क्रममा त्रिशङ्कुलाई जीवितै स्वर्ग पठाउने प्रयास गरेका थिए । जुन सफल भएन । कथा अनुसार विश्वामित्रले त्रिशङ्कुलाई सशरीर स्वर्ग पठाउन खोज्ने र देवताहरूको प्रभावले त्यो जान नसक्ने भएकोले आज पनि त्रिशङ्कु अधरमा उल्टो भुण्डिएर रहेको विश्वास गरिन्छ ।

**नेपालं चतुःशतं । पूर्वसमुद्रतीरे वरूणतः समुद्रान्तमष्टयोजना ।।६६।।**

नेपाल ४०० योजन छ ।[१९] पूर्व समुद्र किनारमा वरूणदेखि पश्चिम समुद्रसम्म आठ योजनको क्षेत्र छ ।

**पञ्चशतद्वितयमुत्तरलाटं पूर्वलाटश्च ।।६७।।**

उत्तर लाट र पूर्व लाट पाँच शय योजन छ ।[२०]

**काशीपाञ्चालद्वितयमशीतिः केकयसृञ्जयं षष्टिः मात्स्यमागधं शतम् मालवशकुन्तमशीतिः कोशलावन्तिःषष्टिःसैह्य वैदर्भद्वितयं शतद्वितयं वैदेहकौरवं शतम् काम्बोजदशार्णमशीतिः ।।६८।।**

काशी, पाञ्चाल दुवै ८० योजन, केकय, मत्स्य र मगध १०० योजन, मालव र शकुन्त[२१] ८० योजन, कोशल र अवन्ती ६० योजन, सैह्य, विदर्भ दुवै २०० योजन, विदेह र कुरू १०० योजन, काम्बोज र दशार्ण ८० योजन छन् ।

**एते महाविषयाः एते खलु चतुरश्राः ।।६९।।**

यी ठूला देशहरू हुन् । यी सबै चारैतिर फैलिएका छन् ।

**आरट्टबाह्लीकौ दक्षिणोत्तरतः शतमात्रौ पूर्वपश्चाद् द्वादशौ शाकसौराष्ट्रौ चतुरश्रौ चत्वारिंशत् अंगबंगकलिंगाः शतमात्राश्चतुरश्राश्च काश्मीरहूणाम्बष्ठसिन्धवः शतमात्राश्चतुरश्राश्च किरातसौवीरचोलपाण्ड्या उत्तरे दक्षिणे स्थिताः शतान् परं षष्टिमात्राः यादवकाञ्चीविषयंचत्वारिंशच्छतमात्रं एते उपविषया : ।।७०।।**

---

[१९]आजभन्दा २४०० वर्ष पूर्व रचना गरिएको कौटिलीय अर्थशास्त्रभन्दा पनि कैयौं वर्ष अगाडि देखि नै नेपाल एक स्वतन्त्र र सार्वभौम देशको रूपमा प्रतिष्ठापित थियो भन्ने कुराको प्रमाण यस सूत्रबाट प्राप्त हुन्छ ।

[२०]महाभारत भीष्म पर्व ४.३१७-३७८ मा यी राज्यमध्ये केही नाम पाइन्छ- मगध, विदेह, प्राग्ज्योतिषपुर, अङ्ग, बङ्ग, कलिंग, पुण्ड, आन्ध्र, मेकल, उत्कल, शूरसेन, वत्स, कोशल, सिधु, सौवीर, मालव, क्षुद्रक, अन्धक, पञ्चनद, गान्धार, त्रिगर्त, मद्र, काम्बोज, केकय, वाह्लिक, अम्बष्ठ, शिवि, खस, किरात, पुलिन्द, हंसपाद, अवन्ति, महिष्मक, विदर्भ, निषध, कुन्तल, आन्ध्रक, कुक्कुर पाञ्चाल, मत्स्य, कारूष, दशार्ण, काशी, पूर्वी कोशल, पश्चिमी मगध, भोज, अन्धक, वृष्णि, सात्वत, माधव, दशार्ह, आहुक, कुकुर, यादव, केकय, अभिसार, पाण्ड्य, चोल, केरल, र काञ्ची ।

[२१]यहाँ उल्लिखित देशहरू मध्ये शकुन्तको नाम अन्यत्र प्राप्त हुँदैन । बृहस्पति अर्थसूत्र, उही, पृ. १९ ।

दक्षिण देखि उत्तरसम्म १०० योजन तथा पूर्व पश्चिम १२ योजनमा फैलिएका आरट्ट, बाह्लिक छन् । शक र सौराष्ट्र देश चारैतिर ४० योजन फैलिएका छन् । अङ्ग, बङ्ग र कलिङ्ग चारैतिर १०० योजन, काश्मीर, हूण, अम्बष्ठ, सिन्ध देश चारैतिर १०० योजन, किरात, सौवीर, चोल, पाण्ड्य उत्तरदेखि दक्षिणसम्म १६० योजन, तथा यादव[२२] र काञ्ची देश ४० शय योजन फैलिएका साना देशहरू हुन् ।

**सप्तकोङ्कणश्चतुःशतमात्रा द्वादश षडष्टौ च एते अनूपाः ॥ ७१ ॥**

सातवटा कोंकण[२३] प्रदेश ४२६ योजन छन् । तिनीहरूलाई अनूपा भनिन्छ ।

**सह्याद्रौ चत्वारो गिरिविषयाः श्रीपर्वते द्वयं रैवतक एकः विन्ध्ये पञ्च कुमारे एकं महेन्द्रे त्रयं पारियात्रे त्रयम् ॥७२॥**

सह्य पर्वतमा चार पर्वतीय देश छन् । श्रीपर्वतमा दुई, रैवतकमा एक, विन्ध्यमा पाँच, कुमारमा एक, महेन्द्रमा तीन, पारियात्रमा तीन पर्वतीय क्षेत्र छन् ।

**सर्वे दक्षिणोत्तरतः पञ्चाशन्मात्राः पूर्वतः पश्चात् पञ्चयोजनाः समाः ॥७३॥**

दक्षिणदेखि उत्तर ५० योजन र पूर्वदेखि पश्चिम पाँच योजनमा एकनासले छ ।

**म्लेच्छे यवनविषयाः पार्वतीया : ॥७३॥**

म्लेच्छ देशमा यवन राज्य पर्वतीय छन् ।

**ग्रामनगरोद्यानादिभिरलंकृताः पुण्यक्षेत्रादिभिश्च अष्ट वैष्णवक्षेत्राः बदरिकासालग्रामपुरूषोत्तमद्वारकाबिल्वाचलानन्तसिंहश्रीरंगाः ॥७४॥**

ग्राम, नगर, उद्यान तथा अरू कुरा अनि पुण्य क्षेत्र आदिले सुशोभित वैष्णव क्षेत्र आठ वटा छन्- बदरिका, शालग्राम, पुरूषोत्तम, द्वारका, बिल्वाचल, अनन्त, सिंह, श्रीनगर ।[२४]

**अष्टौ शैवाः अविमुक्तक गंगाद्वारशिवक्षेत्ररामेयमुनाशिवसरस्वतीमव्यशार्दूलगज क्षेत्राः ॥७५॥**

---

[२२]यादवहरूको देश देवगिरि मानिएको छ । उही, पृ. २२ ।

[२३]सप्त कोंकणको नाम विष्णु पुराणमा पनि छ । उही ।

[२४]बिल्वाचल अनन्त, सिंह भनेको सम्भवतः बिल्वाद्री र सिंहाचल हो । उही ।

आठ वटा शैव क्षेत्र छन्- अविमुक्तपुरी, गंगाद्वार, शिवक्षेत्र, रामेयमुना शिव-सरस्वती, माया, शार्दूल, र गज क्षेत्र ।[२५]

**शाक्ता अष्टौ च ओघ्घिण जालपूर्णकामकोल्लश्रीशैलकाञ्चीमहेन्द्राः ॥७६॥**

शाक्त क्षेत्र आठवटा छन् । ओघ्घिण[२६], जाल, पूर्ण, काम, कोल्ल, श्रीशैल, काञ्ची, र महेन्द्र ।

**एते महाक्षेत्रा सर्वसिद्धिकराश्च बन्द्याश्च ॥७७॥**

यिनी महाक्षेत्र सर्व सिद्धिकर क्षेत्र हुन् । त्यसैले पूजा योग्य छन् ।

**बिन्ध्ये नित्यं वसति दुर्गा भद्रकाली च ॥७८॥**

बिन्ध्यमा नित्य दुर्गा भद्रकाली वास गर्छन् ।

**कुमारे वसति नित्यं ॥७९॥**

कुमार गिरिमा सधैं कुमार कार्तिकेयको बसोबास छ ।

**सह्ये गणपतिः ॥८०॥**

सह्य पर्वतमा गणपति वास गर्छन् ।

**रैवतके शास्ता ॥८१॥**

रैवतक पर्वतमा शास्ता[२७] (शासनका देव, बृहस्पति) निवास गर्छन् ।

**महेन्द्रे गरूडः ॥८२॥**

महेन्द्र गिरिमा गरूड निवास गर्छन् ।

**पारियात्रे क्षेत्रपालः ॥८३॥**

पारिजात पर्वतमा क्षेत्रपाल निवास गर्छन् ।

**कर्मभूमौ भारते मनुष्यैर्बहवो देवाः ॥८४॥**

कर्मभूमि भारतमा मानिसका साथ अनेक देवताहरू पनि छन् ।

**सुरासुरयक्षराक्षसभूतप्रेतविनायककूश्माण्डा विकृताननाः निरूद्धा भारवेषाः सौम्यभैरवा योगिन्यश्च नागाश्च मानवैः सह रूपरमा असंख्याताश्चरन्ति मानवैः कृतपालनाश्च ॥८५॥**

---

[२५]अविमुक्तपुरी वाराणसीको तथा मायापुरी हरिद्वारको पौराणिक नाम हो । उही, पृ. २३ ।

[२६]थोमसका अनुसार, ओघ्घिण सम्भवतः उज्जैनको प्राचीन नाम हो । उही ।

[२७]थोमसका अनुसार, यहाँ शास्ता भनेर आचार्य बृहस्पतिलाई सम्बोधन गरिएको हो । उही, पृ. २४ ।

यस भूमिमा सुर, असुर, यक्ष, राक्षस, भूत, प्रेत, विनायक, कूष्माण्ड, नाग, विकृत मुखका, बिग्रेको शरीरका, बडेमानका, सौम्य भैरव, योगिनी, र मनोरम रूपका असङ्ख्य प्राणी निवास गर्छन् ।

**तस्मिन्नमृतमयाः औषधाः सन्ति ॥८६॥**

त्यस देशमा अनेक प्रकारका अमृतमय औषधि पाइन्छन् ।

**अत्र युगसंख्या कृतत्रेताद्वापरतिष्याश्च ॥८७॥**[२८]

यहाँ चार युग हुन्छन्- सत्य, त्रेता, द्वापर र कलि ।

**कृते ज्ञानिनः दण्डनीतिकोविदाः ॥८८॥**

सत्य युगमा प्राणीहरू ज्ञान र दण्डनीतिका विद्वान्[२९] हुन्छन् ।

**त्रेतायां कर्मिणः नीतिविशारदाः ॥८९॥**

त्रेता युगमा मानिस कर्मनिष्ठ र नीतिविशारद हुन्छन् ।

**द्वापरे तान्त्रिकानुसारा घनारसाश्च । नीतिकोविदाश्च ॥९०॥**

द्वापर युगमा मानिस नियम र व्यवस्था अनुसार आचरण गर्ने र आनन्द लिने हुन्छन् । उनीहरू नीतिज्ञ पनि हुन्छन् ।

**तिष्ये पादे ज्ञानकर्म धना दण्डनीतिकोविदा नराः तदुत्तरं विरूद्धधर्मवर्णवेषा दण्डनीतिवर्जिताः पश्यन्ति प्रजा अनृतवादतत्पराश्च ॥९१॥**[३०]

---

[२८]बार्हस्पत्य स्मृति व्यवहार काण्ड १.१,२ अनुसार सृष्टिको सुरूमा कृतयुग आदर्श मानवीय सम्बन्धको युग थियो । भीष्मको विचार पनि यसै प्रकारको छ । वाजपेयी,उही पृ. १५-१६ ।

[२९]मनुका अनुसार, दण्ड नै न्यायकर्ता, शासक, तथा आश्रम र वर्णधर्म रक्षक भएकोले दण्डकर्ता शासक सुतेका प्रजाहरूमा जागा बस्छ, त्यसैले बुद्धिमान मानिसहरूले दण्डलाई नै धर्म भन्दछन् ॥ मनुस्मृति ७.१८ ॥

[३०]स्पष्टतः बृहस्पतिको संकेत काल गणनाको (क्यालेन्डर) दृष्टिकोण होइन । यो शासन व्यवस्थामा दण्डनीतिदेखि दण्डहीनता सम्मको संक्रमणकालीन समय हो ।

कलियुगमा मानिसहरूले ज्ञान र कर्मलाई महत्त्व दिन्छन् । दण्ड नीतिमा कुशल हुन्छन् तर त्यस पछि उनीहरू विरूद्ध धर्म, वर्ण, वेशभूषा तर्फ आकर्षित हुन्छन् । दण्ड नीतिरहित भई मिथ्यावाद (ढाँट-छल) मा तत्पर हुन जान्छन् ।[३१]

**इत्याह आचार्यः ॥९२॥**

आचार्यले यस्तो भन्नुहुन्छ ।

इति बार्हस्पत्यसूत्रे तृतीयोऽध्यायः ॥

बृहस्पति सूत्रमा तेस्रो अध्याय समाप्त ।

---

[३१]यी सूत्रहरूका अनुसार सत्य युगपछि अशान्तिको लामो संक्रमण भयो । सत्य युग पश्चात् धर्मको क्रमशः त्रेता, द्वापर, र कलियुगको हानि हुनथाल्यो । त्रेतामा एक पद अधर्म र तीन पद धर्म, द्वापरमा दुई पद अधर्म र र दुई पद धर्म तथा कलिमा तीन पद अधर्म र एक पद धर्म हुन गयो । अर्थात् विरूद्ध धर्म अर्थात् मत्सर-द्वेषमा निरन्तर वृद्धि हन गयो । यस अन्यायपूर्ण परिस्थितिलाई कौटिलीय अर्थशास्त्र १.४ मा मात्स्य न्यायको रूपमा परिभाषित गरिएको छ । मात्स्य न्याय भनेको त्यो अवस्था जब ठूलो माछो (बलियो) ले सानो माछो (निर्धो) लाई बाँच्न दिन्न । यही त्यो तिष्य युग हो जब समाजमा अन्याय फैलिन्छ, दुष्ट मानिसहरू को रजगज हुन्छ, समयमा पानी पर्दैन, अन्न उत्पादनमा कमी आउँछ । पत्नी माथि पतिको र परिवारमा पिताको कुनै अधिकार रहंदैन । तर दण्डधर भएको अवस्थामा दुर्बल पनि बलियो जत्तिकै सुरक्षित हुन जान्छ ।

बौद्ध ग्रन्थ दीग्घनिकायमा पनि समाजमा अराजकता भएकोले दण्डहीनता अन्त गर्नका लागि महासम्मतिद्वारा राजाको नियुक्ति गरिएको बताइएको छ । (वाजपेयी, उही, पृ. १६) आधुनिक समयमा हब्सले यस्तै विचार व्यक्त गरेका छन् । यस अनुसार, राज्यको आवश्यकता भनेको युद्धको अवस्था हो । यदि एउटा सर्वाधिक बलियो शक्ति (लेबियाथन) रहन्छ भने मानव समाजले आर्थिक र व्यापारिक उन्नति गर्न सक्छि तर यस्तो शक्ति हुँदैन भने प्रत्येक व्यक्ति अर्कोसंग भयभीत रहनु पर्छ । यस युद्धको अवस्थाले गर्दा जताततै डर, हिंसा, र मृत्यु भई मानिसको जीवन छोटो, एक्लो, निर्धन, असभ्य, र निकृष्ट हुन पुग्छ । रोजर बोशे, द फर्स्ट ग्रेट पोलिटिकल रीयलिस्ट : कौटिल्य एन्ड हिज अर्थशास्त्र, लेनहम : लेक्सिंगटन बुक्स, सन् २००२, पृ. ३६-३७ ।

चतुर्थोऽध्यायः

# शुभाशुभ

**ब्राह्मे मुहुर्त उत्थानम् ॥१॥**

ब्रह्ममुहूर्तमा जाग्नुपर्छ ।[1]

**धर्ममर्थञ्च चिन्तयेत् ॥२॥**

धर्म र अर्थबारे चिन्तन गर्नुपर्छ ।[2]

**कुक्कुटशब्दं शुभं ॥३॥**

कुखुराको शब्द शुभ हुन्छ ।

**गजादिदर्शनञ्च ॥४॥**

हात्ती आदिको दर्शन पनि (शुभ हुन्छ) ।

**गजशब्दमङ्गलस्तुतिवेदपाठनञ्च ॥५॥**

हात्तीको शब्द,[3] मंगल स्तुति र वेद पाठ श्रवण पनि (शुभ हुन्छ) ।

**देवतापुण्यकथा च ॥६॥**

देवताको पुण्यकथा पनि शुभ हुन्छ ।

**राजन्यस्मरणञ्च ॥७॥**

राजाहरूको स्मरण पनि शुभ हुन्छ ।

---

[1]सूर्योदयभन्दा दुई घन्टा पूर्व बिहान ३.४० बजे देखि ५.०० बजे सम्मको समयलाई ब्रह्ममुहुर्त मानिएको छ । यस समयमा उठनुलाई स्वास्थ्य र साधना दुवै दृष्टिले उत्तम मानिएको छ । भैषज्यसार ९३ का अनुसार, ब्राह्म मुहर्तमा जाग्ने मानिसले पुरूष सौन्दर्यं, लक्ष्मी, स्वास्थ्य, आयु आदि वस्तुलाई कमलफूल प्राप्त गरे झैं प्राप्त गर्छ । विकिपीडिया, अक्टुबर २०२० ।

[2]मनुस्मृति ४.९२ का अनुसार ब्रा्हममुहुर्तमा जाग्नुपर्छ । त्यसपछि धर्म र अर्थबारे चिन्तन गर्नुपर्छ । शरीरमा कुनै क्लेश छ भने त्यसको निराकरण गर्नुपर्छ ।

[3]ग्रीक इतिहासकारहरूका अनुसार हिन्दु राजालाई बिहान हात्तीले प्रणाम गरेको प्रसंग उल्लेख गरेका छन् । इलियन ९ .टि. २२ ॥ बृहस्पति सूत्र, एक डब्लु थोमस, (लाहौर, द पंजाब संस्कृत बुर दियो, लाहौर, सन् १९२१), पृ. २५ ।

**नेत्राञ्जनञ्च ॥८॥**

आँखामा अञ्जन लगाउनुपर्छ ।

**आदर्श दर्शनञ्च ॥९॥**

ऐनामा अनुहार हेर्नुपर्छ ।

**अलङ्कारयेत् ॥१०॥**

राम्रा वस्त्राभूषण धारण गर्नुपर्छ ।

**ताम्बूलचर्वणं च ॥११॥**

पान खानुपर्छ ।

**कर्पूरचन्दनागरूधूपञ्च ॥१२॥**

कपूर, चन्दन, अगुरू (को सुगन्ध) शरीरमा लगाउनुपर्छ ।

**शाङ्खकाहलविषाणाच्छिन्नवेणुवीणातन्त्री मृदङ्गपणवाः तूर्यघोपाश्च ॥१४॥**

शंख, ढोल,नर्सिंगा, बाँसुरी, वीणा, सितार, मृदंग,पणवको मधुर स्वर तथा तुरहीको ध्वनि सुन्नुपर्छ ।

**दिव्यप्रमदादर्शनं च ॥१५॥**

दिव्य स्त्रीहरूको दर्शन गर्नुपर्छ ।

**मागधभिन्नषड्जं च जातिस्वरं च ॥१६॥**

चारणहरूले बजाएको संगीत स्वर तथा आफ्ना कुटुम्बीजनको स्वर पनि शुभ हुन्छ ।

**सर्पिषि सितपुष्पाणि मन्त्रतृप्तो वह्निः शतार्चिर्विष्णुलिङ्गधूमयुक्तो भवति ॥१७॥**

नौनी, सेता फूल, मन्त्र सहित हवन कुण्डमा गरिएको आहुतिद्वारा उत्पन्न धुवाँ तथा विष्णुधर्मी धूम युक्त अग्नि पनि शुभ चिन्ह हो ।

**तदशुभं गवां संदर्शनं गृध्रसंदर्शनं च सन्ध्याज्वलनं च विरूद्धशिवादर्शनं च ॥१८॥**

साँड देखिनु, गिद्ध, सन्ध्याकालको अग्नि, स्याल रोएको ध्वनि अशुभ मानिन्छ ।

**क्रव्यादमृगाणां शब्दो ग्रामपुरद्वारे वा श्रूयते ॥१९॥**

मांसाहारी जनावर गाउँ वा शहरको मूल ढोकामा कराउनु अशुभ हुन्छ ।

**देवताप्रतिमास्वेदश्च यस्मिन् दृश्यते तत्र प्रायश्चित्तमन्यत्र यानमेव प्रतिकारो नास्ति ।।२०।।**

देवप्रतिमाबाट पसिना आयो भने प्रायश्चित्तस्वरूप अर्को स्थानमा स्थानान्तरित हुनुपर्छ ।[४]

**अवश्यनिरूपणीयान्येतानि कर्माणि ।।२१।।**

यी कुराहरू अवश्य नै ध्यानमा राख्नुपर्छ ।

**मन्त्रमूलो विजयः ।।२२।।**

विजयको मूल भनेको गोप्य मन्त्रणा हो ।

**त्रिविधाः पुरूषाः उत्तमाधममध्यमाः ।।२३।।**

मानिस तीन प्रकारका हुन्छन् उत्तम, मध्यम, अधम ।

**मन्त्रेऽपि ।।२४।।**

मन्त्रमा पनि यी तीन भेद हुन्छन् ।

**बन्धुभिर्बान्धवैर्हितैर्बहुश्रुतैर्धीरैः सह यत् कर्मारभते तदुत्तमम् ।।२५।।**

अनेक बन्धुबान्धव, शुभचिन्तक, विद्वान् र बुद्धिमानका साथ जुन काम प्रारम्भ गरिन्छ, त्यो उत्तम हुन्छ ।

**धर्मद्विविधे गुरौ भक्तिश्च ।।२६।।**

धर्मको बारेमा द्विविधा उत्पन्न भएमा गुरूको शरणमा जानुपर्छ ।

**अर्थपरैः सहमन्त्रयित्वा य आरभते स उत्तमः ।।२७।।**

अर्थशास्त्रीहरूसँग मन्त्रणा गरेर जसले कार्य आरम्भ गर्छ त्यो उत्तम हो ।

**गुणदोषागमं निश्चित्य मौर्ख्यबाहुल्याद य आरभते सोऽधमः ।।२८।।**

गुण र दोष जानिसकेपछि पनि मूर्खतापूर्ण तरिकाले जसले काम गर्न खोज्छ, त्यो अधम हो ।

**ऐकमत्यैन दण्डनीति नेत्रेण धीरैर्मन्त्रिभिर्यो मन्त्रः स उत्तमः ।।२९।।**

---

[४]थोमसले मिल्टन रचित जोर्जमा पनि मूर्तिबाट पसिना निस्केको चर्चा गरिएको बताएका छन्-

And the chill marble seems to sweat

While each peculiar power forgoes his worried seat. George 1.480 बृहस्पति सूत्र, पूर्ववत्, पृ. २६ ।

दण्डनीतिका दृष्टिले त्यो मन्त्रणा उत्तम हुन्छ जुन दण्डनीतिका दृष्टिले धीरमन्त्रीहरूद्वारा सर्वसम्मतिका साथ गरिएको हुन्छ ।

**पूर्वं बहुबुद्धयः पश्चादेकमतयो भवन्ति यत्र स मध्यमः ॥३०॥**

सुरूमा मतभिन्नता भए पनि अन्त्यमा सबैको सामान्य मत मिल्छ भने त्यो मध्यमकोटिको मन्त्रणा हुन्छ ।

**यत्र कलहंभर्त्सनं च एकस्य धर्म एकस्यार्थे स्त्रीबालवृद्धैः सह एकस्य रूदितमेकस्य क्रोधो यस्मिन् सोऽधमः ॥३१॥**

जुन मन्त्रणा गर्दा झगडा हुन्छ, कसैले धर्मको र कसैले अर्थको कुरा गर्छ, स्त्री, बालबालिका र वृद्धमा कसैको रूदन र कसैको क्रोध सुनिन्छ, यस्तो अवस्थामा गरिएको मन्त्रणा निकृष्ट हुन्छ ।

**पूर्वं स्वामिना कार्यनिवेदनम् ॥३२॥**

सबभन्दा पहिले स्वामीलाई निवेदन गर्नुपर्छ ।

**पुनर्वचसा कर्मणा मनसाञ्जलिनो दण्डप्रणामेन यथागुरूत्वं स्वामिनमभिवन्दयेत् ॥३३॥**

त्यसपछि मन वचन र क्रियाले दण्डवत गर्दै स्वामी र वरिष्ठताको क्रममा सबैलाई अभिनन्दन गर्नुपर्छ ।

**वृद्धो वैश्रवणो वाचस्पतिर्वा यस्यान्नं नाभुञ्जते तं वन्देत् ॥३४॥**

वयोवृद्ध, कुबेर अथवा वाचस्पतिले पनि जसको अन्न खान्छन्, उसैको गुणगान गर्छन् ।

**यत्पुनर्यथाक्रममेकैकस्य मतं श्रोतव्यम् ॥३५॥**

यसपछि अन्यको मत पनि क्रमशः वरिष्ठताको आधारमा सुन्नुपर्छ ।

**स्वामिनं प्रसाद्य कार्यं कल्पयतिव्यम् ॥३६॥**

स्वामी प्रसन्न भए पछि मात्र कार्य निश्चय गर्नुपर्छ ।

**पूर्वं स्वामिगुणं संकीर्त्य स्वामिदोषं परदोषं च मध्यस्थदोषं च मन्त्रयित्वा पुनः स्वामिगुणसंस्थापनं कुर्यात् ॥३७॥**

सुरूमा स्वामीका गुणको संकीर्तन गरे पछि स्वामीका दोष, शत्रुका दोष र तटस्थका दोषमाथि विचार गरेर स्वामीका राम्रा गुण स्थापना गराउनुपर्छ ।

**पुनः कार्याण्युपायानि निरूप्य स्वामिनं प्रसाद्य कार्यं कल्पयितव्यम् ॥३८॥**

अनि गर्नसकिने उपाय निरूपण गर्दै स्वामीको प्रसन्नतालाई ध्यानमा राखी

कार्य निश्चय गर्नुपर्छ ।

**प्रमत्तेष्वभियुक्तेषु दैवोपहतेषु च न सिध्यन्ति विक्रमाः ॥३९॥**

प्रमादग्रस्त, अभियोगग्रस्त, तथा अभागीले गरेको काम सफल हुँदैन ।

**अप्रमत्ते धर्मज्ञं जितेन्द्रियं विजिगीषु बलिषु जातकोपं दुराधर्षं प्रतिविक्रमो न कार्यः ॥४०॥**

सावधान, धर्मज्ञ, जितेन्द्रिय, महत्त्वाकाङ्क्षी, बलवान् बलियासँग शत्रुता गर्नेउपर पराक्रम देखाउनुहुँदैन ।

**शास्त्रवित् कथं कार्यं न प्रजानातीति न वदेत् ॥४१॥**

शास्त्रवित् भएर पनि किन जान्दैन ? यस्तो भन्नुहुँदैन ।

**बलिष्ठान् शत्रुन् कामादीन् ये जयन्ति ते सर्वान् अरीन् जयन्ति ॥४२॥**

काम आदि बलिया शत्रुलाई जसले जित्यो उसले सबैलाई जित्न सक्छन् ।

**पूर्वमुपकारं न कार्येत्, उपकारं नियतं कुर्याच्च ॥४३॥**

अर्काले उपकार गरिदिओस् भन्ने चाहना राख्नुहुन्न । सधैं अरूको उपकार गर्नुपर्छ ।

**नाभाविव्यसनं पूर्वं ज्ञात्वा व्यसनप्रतीकारं कार्यम् ॥४४॥**

आउन सक्ने व्यसनलाई राम्ररी बुझेर प्रतिकारका लागि तयार रहनुपर्छ ।

**इति गुरूराह ॥४५॥**

गुरूले यस्तो भन्नुहुन्छ ।

इति बार्हस्पत्यसूत्रे चतुर्थोऽध्यायः॥

बृहस्पति सूत्रमा चौथो अध्याय समाप्त ।

पञ्चमोऽध्यायः

# उपाय

**चत्वार उपायाः ॥१॥**

चार उपायहरू छन् ।[१]

**त्रयश्च मायोपेक्षा वधश्च ॥३॥**

यसबाहेक अरू तीन उपायहरू पनि छन्- माया[२], उपेक्षा[३], र वध ।

**सूरीषु साम शङ्कितेषु सामभेदौ लुब्धेषु सामदानभेदाः कष्टेषु[४] सामभेददानमायोपेक्षावधाः ॥७॥**

विद्वान्सँग साम[५], संदिग्धसँग साम र भेद, लोभीहरूसँग साम, दान र भेद,

---

[१]शत्रुलाई नियन्त्रण गर्ने चार उपायहरू हुन्छन्- साम, दान, भेद, दण्ड । यसमध्ये साम र दानलाई नरम नीति र भेद र दण्डलाई कठोर नीति भनिन्छ ।

[२]शत्रुलाई भ्रममा पारेर विनाश गर्ने उपाय माया हो । इन्द्रजाल, मन्त्र प्रयोग, लट्ठयाउने औषधि र विषको प्रयोग यस अन्तर्गत पर्दछन् । तर बृहस्पतिले मायाको बारेमा यसरी भनेका छन्, विश्वस्त गुप्तचर लगाएर शत्रु राज्यमा अनेक छल, परस्पर वैर विरोध सिर्जना गर्नु पर्छ । छद्म वेषमा गुप्तचर डुलाइरहनु पर्छ तर आफ्नो यशको रक्षाका लागि आफ्नो तर्फबाट चोरी वा गोप्य हत्या गर्नु हुँदैन । महाभारत, (गोरखपुर : गीताप्रेस, वि.सं. २०६०), शान्ति पर्व, १०३.४१ ॥

[३]उपेक्षाको अर्थ हुन्छ बेवास्ता गर्नु वा घृणा गर्नु । कामन्दकका अनुसार, उपकारी व्यक्ति प्रति सामान्यतः उपेक्षा गरिँदैन तथापि कहिले काहीँ त्यस्ता प्रति पनि आँखा चिम्लिन्छ वा मौन बसिन्छ भने त्यो उपेक्षा हो । उपेक्षा पनि तीन प्रकारको हुन्छ अन्यायमा उपेक्षा, व्यसनमा उपेक्षा, तथा युद्ध गर्ने शत्रुको उपेक्षा । कामन्दकीय नीतिसार, १७.४३, (कलकत्ता, सन् १८९६) इन्टरनेट आर्काइव ।

[४]दानको अर्थ हो भूमि, द्रव्य वा अन्य कुनै उपहार दिएर सन्तुष्ट बनाउनु । भेदको अर्थ हो कूटनीतिक उपायले शत्रुको मनमा शङ्का उत्पन्न गर्नु । शत्रुको मनमा आशङ्का उत्पन्न गर्ने कामलाई भेद भनिन्छ । कौटिल्य (२.१०) शत्रुलाई पीडा पुर्‍याउनु, वध गर्नु, वा उसको धनको अपहरण गर्नु यी सबैलाई दण्ड भनेका छन् ॥ तर बृहस्पति सूत्रले वधलाई चार उपायभन्दा पृथक राखेकोले यहाँ भेदको अर्थ पीडा दिनु हो ।

[५]साम भनेको विनम्रतापूर्वक कुराकानी गर्नु वा फकाउनु हो । सामका पाँच उपविभाग छन्- गुण संकीर्तन, सम्बन्धोपाख्यान्, परस्परोपकारसंदर्शन, आयतिप्रदर्शन, र आत्मोपनिधान । ॥ कौटिलीय अर्थशास्त्र, अनुवादक वाणस्पति गैरोला (वाराणासी : चोखम्बा विद्या भवन, सन् २००९) २.१० ॥

र खराब मानिसहरूसँग साम, दान, भेदका, अतिरिक्त माया, उपेक्षा र वधको नीति पनि लिनु पर्छ ।[६]

**साम पूर्वं प्रयोक्तव्यम् ॥८॥**

सबभन्दा पहिले साम नीति नै प्रयोग गर्नुपर्छ ।[७]

**मनसोऽभिप्रायं वाचः प्रीतिकर्म च ॥८॥**

मनबाट अभिप्राय, बोली र प्रीतिले काम सिद्ध गर्नु पर्छ ।

**ज्ञातीनां ज्ञातयो व्यसने हृष्यन्ति ॥१०॥**

स्वजातिका मानिस अर्काको दुर्भाग्यमा हर्षित हुन्छन् ।

**ज्ञातिं ज्ञातयः प्रच्छन्नहृदयाः क्रूरा उपद्रवन्ति ॥११॥**

स्वजातिका प्रच्छन्न हृदय मानिसले मनको कुरा लुकाउँछन् र क्रुर उपद्रव मच्चाउँछन् ।

**सर्वभयेषु ज्ञातिभयं घोरम् ॥१२॥**

सबै प्रकारका भयमा जातिभय डरलाग्दो हुन्छ ।

---

[६]बृहस्पतिका अनुसार कलह वा युद्ध गरेर शत्रुलाई वशमा गर्ने प्रयास गर्नु हुँदैन । शत्रु वधको इच्छा राख्ने राजाले पनि क्रोध, भय र हर्षलाई नियन्त्रण गर्नु पर्छ । शत्रुसँग प्रिय वचन मात्र बोल्नु पर्छ । वाद विवाद गर्नु हुँदैन । शत्रुले उपेक्षा गरे पनि हरेस खानु हुँदैन । उचित समयको प्रतिक्षामा बस्नु पर्छ । शत्रुको आदि, मध्य र अन्तको राम्ररी जानकारी लिनु पर्छ । गुप्तचरको प्रयोग गरेर शत्रु सेनामा फूट पार्नु पर्छ । घूसदिएर मानिसहरूलाई आफ्नो बनाउनु पर्छ । औषधिको प्रयोग गर्नु पर्छ । शत्रुले प्रयोग गर्ने माया इन्द्रजालले पनि कष्ट दिन्छ । यी सबैबाट सावधान रहनु पर्छ । अनुकूल अवसरका लागि धैर्यपूर्वक प्रतीक्षा गर्नु पर्छ । आफ्ना मित्रको संख्या र आफ्नो शक्तिमा वृद्धि गर्नु पर्छ । उचित अवसर पाउनासाथ शत्रुको वध गर्नु पर्छ । यदि शत्रु बलवान् छ र समय उसैका लागि अनुकूल छ भने नतमस्तक भइहाल्नु पर्छ तर शत्रु असावधान हुना साथ प्रतिकारका उपाय गर्नु पर्छ । महाभारत, उही, शान्ति पर्व अध्याय १०३.७-३० ।

[७]बृहस्पतिले शत्रुका प्रति सामनीतिको समर्थन गरेका छैनन् । कोमलता र आक्रमण गर्नु यी दुवै उपायबाट टाढा रहनु पर्छ भन्दै गोप्य दण्डनीति उचित ठान्दछन् । उनको विचारमा दण्ड र भेदनीतिको पनि प्रयोग गर्नु पर्छ तर भेदनीतिको प्रयोग पहिले गर्नु पर्छ भन्दै उनले दण्डनीतिलाई अन्तिम विकल्प मानेका छन् । महाभारत, शान्ति पर्व, गोरखपुरः गीता प्रेस, वि.सं. २०६०) १०३.४० ।

**गोषु पयः ब्राह्मणे कोपश्च ॥१३॥**
गाईको दूध भए जस्तै ब्राह्मणभित्र क्रोध रहेको हुन्छ ।
**स्त्रीषु चापलं दूरत्वं ज्ञातिषु सौहृदं पत्रजलबिन्दुवत् ॥१४॥**
त्यसै गरी स्त्रीमा अचपलता र स्वजातिमा सहृदयता पातमा पानीको थोपा जस्तै अस्थायी हुन्छ ।
**हितं गुरूजनवाक्यं शास्त्रचोदितं च ये न शृण्वन्ति कालचोदिताः तस्मात् तान् सुपरिहृत्यान्यत्र वसेत् ॥१५॥**
कालको वशीभूत भएर जसले गुरूजनका र शास्त्रका उपदेश सुन्दैन त्यसलाई त्याग गरेर अन्यत्र जानु पर्छ ।
**लोकविरूद्धं नाचरेत् ॥१६॥**
लोकविरूद्ध कुनै काम गर्नुहुँदैन ।
**मन्त्र विद्यागुह्यपदेषु ग्रहान् बान्धवान् कुशलादन्यत्र न कार्यं व्यसनानि च ॥१७॥**
मन्त्र विद्या र गोपनीय स्थानमा साथ दिने बन्धु बान्धवलाई सुखका दिनमा टाढा राख्नु हुँदैन । व्यसन पनि गर्नुहुँदैन ।
**दुर्जनं परिहृत्य वक्तव्यं विद्यायुक्तोऽपि गुहाहिरिव ॥१८॥**
विद्यायुक्त भइकन पनि कुनै व्यक्ति दुर्जन छ भने त्यसबाट टाढा रहनुपर्छ । त्यो ओडारभित्रको सर्प जस्तै हो ।
**शत्रुपक्षादागतं न विश्वसेत् ॥१९॥**
शत्रुपक्षको कोही मानिस आएको छ भने पनि त्यसको विश्वास गर्नुहुँदैन ।[८]
**गुणतः सङ्गृह्णीयात् भावैः परीक्षयेत् ॥२०॥**
तर त्यो गुणवान् छ भने सङ्ग्रह गर्नु पर्छ । उसका भावहरूको राम्ररी परीक्षण भने गर्नुपर्छ ।
**वीरोऽसारैः सहसा न ज्ञायते, बुद्धिमविज्ञाते सहसा परीक्षयेत् ॥२१॥**
कायर वा बहादुर सहसा चिन्न सकिंदैन । राम्ररी ठम्याउन सकिएन भने तुरून्त परीक्षा गर्नु पर्छ ।

---

[८]चण्डेश्वरले यस भनाईलाई रत्नाकरमा उल्लेख गरेका छन्- अकस्मात् विश्वास गरिहाल्नु हुँदैन यो बृहस्पति शास्त्रको निश्चित मत हो । चण्डेश्वरविरचित राजनीति रत्नाकर, अनुवादक वाचस्पति गैरोला एवं तारिणीश झा, (वाराणसी : चौखम्बा संस्कृत सिरीज, वि.सं २०२६), पृ. १०३ । पञ्चतन्त्रमा पनि बृहस्पतिको नीति अविश्वास भावले काम गर्नु बताइएको छ । विष्णुशर्मा प्रणीतपञ्चतन्त्रम्, (वाराणसी : मोतीलाल बनारसीदास, सन् १९७९), २.४७ ।

**इङ्गितैर्ज्ञातुं शक्यते प्रसन्नो न ॥२२॥**

कोही मानिस प्रसन्न छ वा छैन यो कुरा उसका सङ्केतले चिन्न सकिन्छ ।

**अशङ्कितमति स्वस्थः अकोपनश्च ॥२३॥**

कोही मानिस स्थिरबुद्धि, स्वस्थ र क्रोधरहित छ कि छैन हेर्नासाथ थाहा पाइन्छ ।

**बालादयोऽपि विवृण्वन्ति हितम् ॥२४॥**

आफूलाई हित गर्ने मानिस केटाकेटीहरूले पनि चिन्छन् ।[९]

**स्वकुलस्य विनाशं ज्ञात्वा बुद्धिमाँस्तत्र शत्रुपक्षमपि न युक्तमाश्रयेत् ॥२५॥**

आफ्नो कुलको विनाश नै हुने लागे पनि पनि शत्रुपक्षको आश्रय लिनु हुँदैन ।

**हृदये यथावच्छुभाशुभं पूर्वमुदेति ॥२६॥**

मानिसको मनमा भविष्यमा हुने शुभ-अशुभ यथात् पहिल्यै आइसक्छ ।

**न दुष्टाचारः सर्वत्र कारयेत् ॥२७॥**

दुष्टताको आचरण कहीँ पनि गर्नुहुँदैन ।

**चपला न बहुमान्याः ॥२८॥**

चञ्चल मानिसहरूलाई बढी सम्मान गर्नुहुँदैन ।

**इत्याहाचार्यो बृहस्पतिः ॥२९॥**

आचार्य बृहस्पतिले यसरी भन्नु हुन्छ ।

इति बार्हस्पत्यसूत्रे पञ्चमोऽध्यायः ॥

बृहस्पति सूत्रमा पाँचौं अध्याय समाप्त ।

---

[९]शत्रु र मित्रलाई चिन्ने तरिका बताउँदै बृहस्पतिले भनेका छन्- जुन मानिसले परोक्षमा कसैका दोष मात्र बखान गर्छ, अरूले उसका गुणहरू वर्णन गर्दा चूप लागेर लामो साँस फेर्दै सुनिरहन्छ, ओँठ चलाउँछ, वा टाउको हल्लाएर मात्र बस्छ । अरू ठाउँबाट आउँदा सँगै नबसेर टाढा बस्छ, भोजन गर्दा यसको स्वाद राम्रो छैन भनेर दोष मात्र लगाइरहन्छ, यस्तो भाव लिने मानिसको मनमा दुष्टता छ भनेर बुझ्नु पर्छ । यसको विपरीत जसले दुख आइपर्दा सँगै दुखी हुन्छ, प्रसन्नताका अवसरमा खुशी हुन्छ, त्यो मित्र हो । महाभारत, उही, शान्ति पर्व, १०३.४६-५० ।

षष्ठोऽध्यायः

# नाना प्रकरण

**देशकालयोग्यं कर्म नयानयौ च वेदयेत् ।।१।।**[१]

देश र कालका लागि उचित नीति अनीति जानकारी लिनुपर्छ ।

**विपरीतं न वेदवीर्यदर्पेण ।।२।।**

तर ज्ञान र बलको अहङ्कारले विपरीत आचरण गर्नु हुँदैन ।

**हितानि निरूपयेत् ।।३।।**

हितकारी कामहरूमा ध्यान दिनुपर्छ ।

**नवो मन्त्रिभिर्निरूप्य कार्यते ।।४।।**

नयाँ राजाले मन्त्रीहरूसँग विचारविमर्श गरेर कुनै कार्य गर्नुपर्छ ।

**बुद्धिजीवनैरमात्यैः सह कार्यमकार्यं च निरूपयेत् ।।५।।**

बुद्धिमान् मन्त्रीहरूसंग कार्य र अकार्य निर्धारण गर्नुपर्छ ।[२]

**अहितं विकारं यस्य प्रतिभाति स मन्त्रयोग्यः ।।६।।**[३]

जसमा अहितकर विकार देखिन्छ उसलाई उचित सल्लाह दिनुपर्छ ।

---

[१]कौटिल्यले यसलाई व्याख्या गर्दै भनेका छन् । उन्नति चाहनेले निम्नलिखित कुराहरूमाथि बारम्बार विचार गरिरहनु पर्छ– मेरो लागि उपयुक्त समय कुन हो ? मेरा मित्र को हुन् ? उचित स्थान कुन हो ? मेरो आय कति छ ? व्यय कति छ ? परिस्थिति अनुरूप मेरो शक्ति के कति छ ? चाणक्य नीति, ४.१८ । चाणक्य नीति नेपाली पीडिएफ आकश्वि

[२]जसरी रथ एक चक्काले मात्र गुड्न सक्दैन, त्यसै गरी राजकाज पनि बिना सहायकहरू चलाउन सकिंदैन । त्यसैले राजाले योग्य मन्त्रीहरूको नियुक्ति गरेर उनीहरूको सुझावलाई ध्यानपूर्वक सुन्नुपर्छ । कौटिलीय अर्थशास्त्र, अनुवादक आर पी काङ्ले, (बनारस : मोतीलाल बनारसी दास, सन् २००६), १.७.९ ॥

[३]थोमसका अनुसार, विकारम्को स्थानमा 'अपि कार्यम्' उल्लेख पनि पाइन्छ । बृहस्पति सूत्र, सम्पादक एफ डब्लु थोमस, (लाहौर : द पंजाब संस्कृत बुक डिपो,सन् १९२१), पृ. ३१ ।

**अर्थमार्जयेत् ॥७॥**

अर्थ आर्जन गर्नुपर्छ ।[४]

**यस्यार्थराशिरस्ति तस्य मित्राणि धर्मश्च विद्या च गुणविक्रमो च बुद्धिश्च ॥८॥**

जो सँग अर्थराशि छ उसका मित्र, धर्म, विद्या गुण, योग्यता र बुद्धि सबै हुन्छन् ।

**अधनेनार्थमार्जयितुं न शक्यते गजोऽगजनेव ॥९॥**[५]

हात्तीले हात्ती समाते जस्तै धनले धन आर्जन गर्छ, धनरहितले अर्थ आर्जन गर्न सक्दैन ।

**धनमूलं जगत् ॥१०॥**

जगत्को मूल धन हो ।

---

[४]यस सम्बन्धमा शुक्रनीतिमा भनिएको छ– उत्तम विद्या, समुचित सेवा, पराक्रम, खेती, ब्याज लगाएर, व्यापार गरेर, धनवान् हुने प्रयास गर्नुपर्छ । धनवान् मानिसका दोष पनि गुणमा रूपान्तरित हुन्छन् भने निर्धनका गुण पनि दोष हुन जान्छन् । निर्धनको सबैले निन्दा गर्छन् । त्यसैले प्राण संकटमा पारेर भए पनि धन आर्जन गर्नुपर्छ । शुक्रनीति सार, अनुवादक जगदीश्वरानन्द सरस्वती, सोनीपत, (हरियाणा : रामलाल कपूर ट्रष्ट, वि.सं. २०६५), ३. १७८–१८१ ।

[५]कौटिल्यको भनाईपनि यसैसंग मिल्छ–

नाधनाः प्राप्नुवन्त्वर्थान्नरा यत्न शतैरपि ।

अर्थैरर्थाः प्रबध्यन्ते गजाः प्रति गजैरिव ॥

धन नभएका मानिसहरूले सयौं यत्नले पनि स्वार्थ सिद्ध गर्न सक्दैन । हात्तीलाई हात्तीले बाँधे जस्तै अर्थले अर्थलाई बाूध्छ । कौटिलीय अर्थशास्त्र, पूर्ववत्, ९.४.२७ ।

**सर्वाणि तत्र सन्ति ॥११॥**

जहाँ धन छ, त्यहाँ सबथोक छ ।[७]

**निर्धनो मृतश्चण्डालश्च ॥१२॥**

धनरहित मानिस मृततुल्य चाण्डालसरह छ ।[८]

**एवं धर्ममूलं च विद्यामार्जयेत् ॥१३॥**

त्यसैले धर्मको मूल अर्थ र विद्याको आर्जन गर्नुपर्छ ।

**विद्यामूलं जगत् ॥१४॥**

जगत्को मूल विद्या हो ।

**विद्या पुनः सर्वम् ॥१५॥**

विद्याले सबथोक प्राप्त हुन्छ ।

**इत्याह गुरूः ॥१६॥**

यो कुरा गुरूले फेरि दोहार्याएर भन्नुहुन्छ ।

इति बार्हस्पत्यसूत्रे षष्ठोऽध्याय ः ॥

बृहस्पति सूत्रमा छैठौं अध्याय समाप्त ।

---

[७]यससंग मिल्दो जुल्दो भनाई अन्यत्र पनि पाइन्छ । उदाहरणका लागि चाणक्य सूत्रमा भनिएको छ–

अर्थमूलौ हि धर्मकामौ ॥९१॥ अर्थले नै धर्म र कामका लक्ष्य प्राप्त हुन्छन् । चाणक्य सूत्र, कौटिलीय अर्थशास्त्र उही पृष्ठ ७७९ ।

[८]यस संग मिल्दो शुक्रको श्लोक निम्नलिखित छ–

कुटुम्बभरणार्थेषु यत्नवान्न भवेच्च यः ।

तस्य सर्वगुणैः किन्तु जीवन्नेव मृतश्च सः ॥

जसले आफ्ना कुटुम्बको भरण पोषण गर्न सक्दैन त्यो सर्वगुण सम्पन्न भए तापनि जिउँदै मरे बराबर हो । शुक्रनीति सार, पूर्ववत्, ३. १२३ ।

# उपसंहार

कौटिलीय अर्थशास्त्र मात्र होइन पञ्चतन्त्र, कामन्दकीय नीतिसार, राजनीति रत्नाकर, नीति वाक्यामृत, राजनीति प्रकाश र वीर मित्रोदय लगायतका ग्रन्थहरूमा जुन प्रामाणिकताका साथ बृहस्पतिको नाम उल्लेख गरिएको छ त्यसबाट प्राचीन नीतिकारहरूलाई बृहस्पतिका विचार कुनै न कुनै रूपमा उपलब्ध थिए भन्ने स्पष्ट हुन्छ । तर आज मूल बार्हस्पत्य अर्थशास्त्र ग्रन्थ उपलब्ध छैन । त्यसैले बार्हस्पत्य चिन्तनको अध्ययन निर्धारित गर्न केही मान्यताहरू गर्नु पर्दछ । बार्हस्पत्य भनेको बृहस्पतिका प्रत्यक्ष र अप्रत्यक्ष शिष्यहरूको परम्परालाई जनाउँछ । बार्हस्पत्यको रचयिता एक जना मात्र होइन भन्ने कुरा पनि स्वीकार गर्ने पर्छ । तर त्यस विचारको प्रारम्भकर्ता बृहस्पति नै थिए भन्ने कुरालाई ध्यानमा राख्नु पर्छ । बृहस्पतिलाई गुरू शब्दको सम्बोधनले उनलाई गुरू शिष्य परम्पराका प्रवर्तक पनि मान्नु पर्दछ । यसको अनुकरण पछि ग्रीक शिष्य परम्पराले गरेको देखिन्छ । दर्शन शास्त्रीय अध्ययनका लागि स्थापित गुरूकुलहरू मध्ये प्लेटोको गुरूकुल नै सर्वाधिक पुरानो हो । यसको ५० वर्ष पछि स्थापित एरिस्टोटलको गुरूकुल बढी प्रसिद्ध छ ।

आचार्य बृहस्पतिका वाणीको प्रभाव वेद, स्मृति, धर्मशास्त्र तथा अर्थशास्त्र सबैतिर देख्न सकिन्छ । ब्रह्माले स्थापित गरेको चतुर्वर्गको अवधारणालाई राज्य व्यवस्थामा प्रयोग गर्ने आधार प्रदान गर्दै बृहस्पतिले त्यसबाट अर्थ र धर्ममा विभाजन गरेको कुरा वात्स्यायनले पुष्टि गरेका छन् । कौटिलीय अर्थशास्त्रमा यस कुरालाई समर्थन गर्दै उनलाई अर्थशास्त्रका प्रारम्भकर्तामध्ये एक बताइएको छ । पञ्चतन्त्रमा पनि बृहस्पतिको नीति अविश्वास भावले काम गर्नु बताइएको छ ।

महाभारतमा उपलब्ध इन्द्र बृहस्पति संवाद, बृहस्पति वसुमना संवाद, र बृहस्पति युधिष्ठिर संवादले पनि राज्य सञ्चालन सम्बन्धी उनका विचारको

गहनता स्पष्ट हुन्छ । राज्यलाई सातवटा अंग– पृथिवीपति, जनपद, दुर्ग, अमात्य, बल, कोष, र मित्र को एक संयन्त्रको रूपमा उनले गरेको व्याख्या सर्वत्र स्वीकार्य छ । कोषको उल्लेख गरे तापनि त्यस कोषको स्थापना, सञ्चालन, नियमनका उनका विचार यस सूत्रमा पाईंदैनन् । राजकीय कोश सम्बन्धी उनका विचार जान्न मनुस्मृति, शुक्रनीति, कौटिलीय अर्थशास्त्र तथा कौणपदन्त भीष्मका विचारहरूको सहारा लिनु पर्दछ । किनभने यी ग्रन्थ पैतामह तन्त्रको परम्परामा रचिएका तथा बार्हस्पत्य सम्प्रदायसँग केही मात्रामा भए पनि प्रभावित भएका ग्रन्थ हुन् । जसको स्वीकारोक्ति कौटिल्यले प्रारम्भमा गरेका छन् ।

बृहस्पतिले दण्डनीतिलाई सर्वाधिक महत्त्व दिएको उदाहरण महाभारतमा छ । जहाँ उनले दण्डनीति नभएमा कृषि, पशुपालन, वाणिज्य असुरक्षित हुने कुरा बताउँदै के भनेका छन् भने मानिसहरूको जीवनको आधार भनेको वार्ता (कृषि, गोरक्ष, र वाणिज्य) हो । बृहस्पति स्मृतिमा अराजक राज्यव्यवस्थाको वर्णन गर्दा बृहस्पतिले भनेका छन्, जुन राज्यमा कृषि, पशुपालन, पण्य व्यापारका क्रियाकलापको अभाव हुन्छ, त्यो देश अराजक हुन्छ । त्यसैले उनको विचारमा कुनै देशको अर्थव्यवस्था त्यहाँको दण्डनीतिमा निर्भर गर्छ । मानिसको सुख समृद्धिका लागि समुचित राज्यव्यवस्थाले कुबेरको स्वरूप धारण गर्दछ । यसरी दण्डनीतिलाई कृतयुगको निर्माण गर्ने प्रमुख साधनको रूपमा उनले लिएका छन् ।

वर्तमानमा उपलब्ध बृहस्पति सूत्र अत्यन्तै सङ्क्षिप्त छ । यसमा बृहस्पतिका वृहद् विचार उपलब्ध छैनन् । तर यसको स्वरूपका आधारमा यो कुनै प्राचीन ग्रन्थबाट लिइएको सानो भाग हुनसक्ने अनुमान धेरै जनाको छ । मूल बार्हस्पत्य ग्रन्थ हराए पनि उनका विचारहरू अनेक ग्रन्थमा उपलब्ध छन् । यी सबै ग्रन्थमा उपलब्ध सामग्रीका आधारमा बृहस्पतिका विचारहरूको अध्ययन गर्दा उनका विचारको एक वृहद् रूपरेखा आज पनि प्राप्त गर्न सकिन्छ ।

# सन्दर्भ सूची


*अग्नि पुराण,* गोरखपुर : गीताप्रेस गोरखपुर, वि.सं. २०६५ ।

अग्रवाल, कमलेश, *कौटिल्य अर्थशास्त्र एवं शुक्रनीति की राज्य व्यवस्थाएँ,* नई दिल्ली : राधा पब्लिकेशन्स, सन् १९९७ ।

अधिकारी, कोमलनाथ, *कोमलगीता*, वाराणासीः यशोदा प्रेस, वि.सं. २०१८ ।

*अमरकोश,* कुलचन्द गौतम (सम्पा.), वाराणसी : पं. बालकृष्णचार्य, यशोदा पुस्तकालय, मिति उल्लेख नभएको ।

आचार्य बृहस्पति और उनका नीतिसार, *कल्याण, नीति सार अङ्क,* अङ्क ७०, संशोधित अङ्क, गोरखपुर : गीताप्रेस, वि.सं. २०६४ ।

आप्टे, वामन शिवराम, उमा प्रसाद पाण्डेय (सम्पा.), *संस्कृत-हिन्दी शब्दकोश,* नई दिल्ली : कमल प्रकाशन, मिति उल्लेख नभएको ।

*ईशादि नौ उपनिषद्,* गोरखपुरः गीताप्रेस गोरखपुर, वि.सं. २०६४ ।

*कौटलीय अर्थशास्त्र,* अनुवादक पण्डित गङ्गाप्रसाद शास्त्री, दिल्ली ःचतुरसेन गुप्त, महाभारत कार्यालय, वि.सं. १९९७ ।

*कामन्दकीय नीतिसार,* (१८९६), अनुवादक मन्मथनाथदत्त, कलकत्ता, पी.डी.एफ. इन्टरनेट आर्काइव ।

*कौटिल्यको अर्थशास्त्र (कौटिलीये अर्थशास्त्रे),* अनुवादक केशवराज अर्याल तथा सम्पादक सोमनाथ शर्मा, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं.२०२४ ।

*कौटिलीय अर्थशास्त्र,* अनुवादक आर पी काङ्ले, बनारस : मोतीलाल बनारसी दास, सन् २००६ ।

*कौटिलीय अर्थशास्त्रम्,* अनुवादक वाचस्पति गैरोला, वाराणसी : चौखम्बा विद्याभवन, सन् २००९ ।

*कौटिलीया अर्थशास्त्र,* आर श्यामशास्त्री, मैसूर प्रिन्टिंग एन्ड पब्लिशिंग हाउस, सन् १९६७, अक्टोबर २१, सन् २००७ मा प्राप्त।

गौड, रामदास, *हिन्दुत्त्व,* काशी : शिवप्रसाद गुप्त, वि.सं. १९९५ ।

*चाणक्य नीति,* https://webstock.in/001-Epics/Chanakya-Niti-Nepali/001-Chanakya-Niti-Nepali.pdf

*चण्डेश्वरविरचित राजनीति रत्नाकर,* अनु. वाचस्पति गैरोला एवं तारिणीश झा, वाराणसी : चौखम्बा संस्कृत सिरीज, वि.सं २०२६ ।

जायसवाल, के पी, *हिन्दु पोलिटी,* (फिफ्थ एडिशन), बेंगलोर : द बेंगलोर प्रिन्टिंग एन्ड पब्लिशिंग कम्पनी लिमिटेड, सन् १९७८।

झवाली, बाबुराम, *दस जना पूर्वीय अर्थशास्त्री,* काठमाडौं : विद्यार्थी प्रकाशन, वि.सं. २०७४, 978-9937-699-34-1

झवाली, बाबुराम, *कौटिल्य र शुक्रको राजनैतिक अर्थशास्त्र,* रूपन्देहीः ज्ञानज्योति प्रकाशन, वि.सं. २०७१ ।

झवाली, बाबुराम, *इकोनोमिक्स अफ् कौटिल्य,* शुक्र एन्ड बृहस्पति, रूपन्देहीः ज्ञानज्योति प्रकाशन, सन् २०१२, ISBN978-9937-2-7362

झवाली, बाबुराम, *पूर्वीय अर्थशास्त्र- प्राचीनतम तथ्य, नवीनतम जानकारी,* रूपन्देही : ज्ञानज्योति प्रकाशन, वि.सं. २०६९ ISBN 978-9937-2-7362

झवाली, बाबुराम, कौटिलीय अर्थशास्त्र एवं पैतामह तन्त्रको संक्षिप्त परिचय, *मिर्मिरे,* वर्ष ४०, अंक ३, पूर्णांक ३१०, काठमाडौं : नेपाल राष्ट्र बैंक, वि.सं. २०६८ ।

झवाली, बाबुराम, *बार्हस्पत्य अर्थसूत्र एन्ड कौटिलीय अर्थशास्त्र, विथ स्पेशल रिफरेन्स टु नेपाल,* रूपन्देही : ज्ञानज्योति प्रकाशन, सन् २०१० ।

त्रिपाठी, मुकुन्दपति, *बार्हपत्य नीति सारावली, कल्याण, नीति सार अङ्क,* अङ्क ७०, संशोधित अङ्क, गोरखपुर : गीताप्रेस, वि.सं. २०६४ ।

दयानन्द सरस्वती, *सत्यार्थ प्रकाश,* दिल्ली : आर्ष साहित्य प्रचार ट्रष्ट, सन् २०१३ ।

*नारद-स्मृति,* राम कुमार वर्मा शास्त्री (अनु.), मेरठ : डायनेमिक पब्लिकेशन्स, मिति नभएको ।

पन्थी, टीकाराम, (वि.सं. २०६५), *सांस्कृतिक संवीक्षण,* रूपन्देही : विश्व हिन्दु महासंघ ।

पाठक, रितेश, *बृहस्पति के नीति सूत्रोंका समीक्षात्मक अध्ययन,* बीरबहादुर सिंह पूर्वांचल विश्वविद्यालय जौनपुरमा प्रस्तुत पी एच डी शोध ग्रन्थ, सन् २०११ ।

प्राचीन अर्थशास्त्रीय चिन्तन, ने विकीपिडिया, अक्टुबर 19 सन् 2020

*बृहस्पति सूत्र,* एफ डब्लु थोमस (सम्पा.), लाहौर : द पंजाब संस्कृत बुक डिपो, लाहौर संस्कृत सीरिज, सन् १९२१ (अक्टुबर २१, सन् २०२० मा इन्टरनेटबाट प्राप्त) ।

*बार्हस्पत्यानि नीति सूत्राणि,* https://www.transliteral.org/pages/z111004110750/view, अक्टुबर २१, सन् २०२० ।

बोशे, रोजर, *द फर्स्ट ग्रेट पोलिटिकल रीयलिस्ट : कौटिल्य एन्ड हिज अर्थशास्त्र,* लेनहम : लेक्सिंगटन बुक्स, सन् २००२ ।

*भविष्य पुराण,* गोरखपुर : गीताप्रेस गोरखपुर, वि.सं. २०६५ ।

*मत्स्य महापुराण,* गोरखपुर : गीताप्रेस, वि.सं. २०७१ ।

मनुस्मृति, अनुवादक गणेशदत्त पाठक, वाराणसीः ठाकुरप्रसाद, बुकसेलर, सन् १९९१ ।

*महाभारत,* अनुवादक रामनारायण दत्त शास्त्री, गोरखपुर : गीताप्रेस, वि.सं. २०६० ।

मार्शल, अल्फ्रेड, *प्रिन्सिपल्स अफ् इकोनोमिक्स,* लन्दन : म्याकमिलन, सन् १९४९ ।

वाजपेयी, राघवेन्द्र, *बार्हस्पत्य राज्य व्यवस्था,* वाराणसी : चौखम्बा विद्याभवन, वि.सं. २०२३ ।

*विष्णुशर्माप्रणीतपञ्चतन्त्रम्,* व्याख्याकार श्यामाचरण पाण्डेय, वाराणसी : मोतीलाल बनारसीदास, सन् १९७९ ।

*शुक्रनीति सार,* अनुवादक जगदीश्वरानन्द सरस्वती, सोनीपत, हरियाणा : रामलाल कपूर ट्रष्ट, वि.सं. २०६५ ।

स्मिथ, एडम, *एन इन्क्वाइरी इन्टु द नेचर एन्ड कजेज अफ् द वेल्थ अफ नेशन्स,* न्युयोर्क : मोडर्न लाइब्रेरी, सन् १९३७, अक्टुबर २१, सन् २०१० मा इन्टरनेटबाट प्राप्त ।

# पूर्वीय अर्थशास्त्र सम्बन्धी केही लेखहरू


१. कौटिल्यको अर्थशास्त्र र मार्क्सको पूँजी, हाम्रो पुरूषार्थ बैशाख असार, गुल्मी, तम्घास : किरण पुस्तकालय ।

२. राजकीय व्यवस्था सञ्चालनमा शब्दको महत्त्व, हाम्रो पुरूषार्थ साउन असोज, २०७६, गुल्मी, तम्घास : किरण पुस्तकालय, २०७६ ।

३. संघीयता र मध्यकालिक नेपालको राजशास्त्र, जनसंघर्ष, बुटवल : मिडिया बुटवल प्रकाशन, भाद्र ३०, २०७६ ।

४. सुशासन र समृद्धि - वर्तमान समस्याको प्राचीन समाधान, दैनिक पत्र, बुटवलः मिडिया बुटवल प्रकाशन, १९ गते बैशाख, २०७६ ।

५. राजकीय वित्त र करारोपणका प्राचीन सिद्धान्तको सान्दर्भिकता विश्लेषण, रिपोर्टर्स क्लब नेपाल, स्मारिका २०७५, बुटवल, रूपन्देही : रिपोर्टर्स क्लब नेपाल, प्रदेश पाँच कार्यालय ।

६. कर राजस्व र यसका प्राचीन सिद्धान्त, उद्योग व्यापार पत्रिका, मंसिर २०७५, पृ. ५-६

७. योगक्षेम- कल्याणकारी राज्यव्यवस्थाको प्राचीनतम सिद्धान्त स्वतन्त्रता अंक ३, २०७५, डेमोक्रेट प्रोफेसर्स एसोसिएशन नेपाल, बुटवल मल्टिपल क्याम्पस, पृ. १७८-१८४

८. सामाजिक कल्याणको कौटिलीय सिद्धान्त, छहारी अंक १, २०१८, नेपाल प्राध्यापक संघ, त्रिभुवन विश्वविद्यालय, बुटवल क्याम्पस, पृ. १-११ ।

९. रामायणको अर्थव्यवस्था, दैनिक पत्र, बुटवल : मिडिया बुटवल प्रकाशन, चैत ११, २०७४ ।

१०. कौटिलीय अर्थशास्त्रमा कृषिव्यवस्था, आर्थिक अभियान दैनिक, १५ कार्तिक, २०७४

११. आर्थिक, सामाजिक र मनोवैज्ञानिक दृष्टिले वर्ण व्यवस्थाको विश्लेषण, हाम्रो पुरूषार्थ, अंक ७४, गुल्मी तम्घास : किरण पुस्तकालय, बैशाख-असार २०७४ ।

१२. कौटलीय अर्थशास्त्र र वेल्थ अफ नेशन्स, आर्थिक अभियान दैनिक, असार ११गते, २०७४ ।

१३. पाश्चात्त्य आर्थिक मोडेलमा देखिएका कमजोरीहरू, अभियान दैनिक, काठमाडौं पाञ्चायन मार्ग थापाथली : न्यू बिजेश एज (प्रा.लि.), माघ ३, २०७३, पृ. ४ ।

१४. निश्रेयस अभ्युत्थानको सामाजिक विज्ञान- गीता, हाम्रो पुरूषार्थ वर्ष ४४ पूर्णांक ७२, कार्तिक पुस २०७३, किरण पुस्तकालय, तम्घास गुल्मी, पृ. ७-१४ ।

१५. धनार्जन र उपयोग- पराशरीय मत, दैनिक पत्र, पुस ३, २०७३, कालिका अंक ३, २०७३ कालिका उच्च मा वि, पृ. ५८-६० ।
१६. समानता, समावेशिता, र कल्याणकारी राज्यका प्राचीन सिद्धान्त, शान्ति सन्देश ३, स्मारिका २०७३, मानव अधिकार तथा शान्ति समाज, १९ औं राष्ट्रिय परिषद् बैठक, बुटवल, पृ. २७-३१ ।
१७. जल प्रकोप, उपनिपात र वातावरण सन्तुलन, दैनिक पत्र साउन १६, २०७३
१८. अर्थवेद, वार्ता र राजनीतिक अर्थशास्त्र, ॐज्ञानज्योति अंक ५७, बुटवलः ॐज्ञानज्योति प्रकाशन समिति, विश्व हिन्दु महासंघ जिल्ला शाखा रूपन्देही, पृ. १३-१५ ।
१९. हाम्रो समाधान मौलिक नीतिबाट, अन्नपूर्ण पोष्ट, असार ८, २०७२, पृ. ८
२०. याज्ञवल्क्य एक सामाजिक दर्शनकार, दैनिक पत्र, जेठ २६, बुटवल मेडिया प्रकाशन, पृ. २
२१. कौटिलीय अर्थशास्त्र र महाभारतमा राजकीय प्रणालीका निर्देशक सिद्धान्त, प्रज्ञा शोधमूलक अर्धवार्षिक, अंक ११० कार्तिक चैत, २०७१, पृ. १०४-१०८
२२. अधिकतम ब्याज दरको पूर्वीय सिद्धान्त, मिर्मिरे, आर्थिक लेख विशेषांक, भदौ असोज, २०७१, अंक ३, काठमाडौं : नेपाल राष्ट्र बैंकं, पृ.१३७-१४० ।
२३. राज्य पुनर्निर्माणका प्राचीन आर्थिक-राजनैतिक आधार, मेचीकाली मंसिर २९, वि.सं. २०७१, बुटवल : मेचीकाली प्रकाशन ।
२४. अर्थशास्त्रमा धार्मिक जनजीवन सम्बन्धी विवेचना, बुटवल टुडे, मंसिर ८ गते, २०७१, बुटवल मेडिया प्रकाशन ।
२५. कौटिलीय अर्थव्यवस्थामा विकास उद्देश्य र त्यसको सान्दर्भिकता, मिर्मिरे वित्तीय चेतना विशेषाङ्क बैशाख जेठ, वि.सं. २०७१, नेपाल राष्ट्र बैंक पृ. ५३-७५ ।
२६. कौटिलीय ग्रन्थ र आजको अर्थशास्त्र, तानेसन क्याम्पस स्मारिका, वि.सं. २०७१, सम्पा. नेत्र न्यौपाने, तानसेन : तानसेन बहुमुखी क्याम्पस, पृ. ४५-५२ ।
२७. शुक्रनीतिका केही आर्थिक श्लोक, दैनिक पत्र, मंसिर ३, २०७०, बुटवल मेडिया प्रकाशन ।
२८. कृषि र पशुपालन नयाँ उन्नतिका लागि एक पुरानो अनुभव, दैनिक पत्र, असार २८, २०७०, बुटवल मेडिया प्रकाशन ।
२९. सामाजिक अर्थशास्त्रको पूर्वीय परम्परा, जनसंघर्ष, जेठ १, वि.सं. २०७०, बुटवल मेडिया प्रकाशन ।
३०. अर्थशास्त्र ज्ञाता अर्जुनका आर्थिक विचार, रामापुर उच्च मा.वि.स्वर्ण महोत्सव-२०७०, रामापुर श्री रामापुर उच्च मा.वि., वि.सं. २०७० ।
३१. पूर्वीय आर्थिक दर्शन भनेको के हो ? तिलोत्तमा दैनिक, २०६८ पुस २ गते, बुटवल मेडिया प्रकाशन ।

३२. आचार्य चण्डेश्वर नेपालको अर्थ राजनीतिका विशिष्ट नक्षत्र, नवतिलोत्तमा दैनिक पुस २८,२०६८, बुटवल मेडिया प्रकाशन ।
३३. कौटलीय अर्थशास्त्र एवं पैतामह तन्त्रको संक्षिप्त परिचय, मिर्मिरे आर्थिक विशेषांक असौज, २०६८, पृ. ८५-८७, नेपाल राष्ट्र बैंक ।
३४. अर्थशास्त्र विषयको स्रोत पुनर्विश्लेषण र पुनर्व्याख्या, इन्जा मिशन, बुटवल, वर्ष १, अंक १, असौज २०६८, इन्नोवेटिभ पत्रकार संघ, बुटवल, २०६८, पृ. २६-२९ ।
३५. राज्य सञ्चालन तथा आर्थिक सुशासन-ऋषि चाणक्यका केही व्यावहारिक उपाय, बुटवल टु डे २०६८ भदौ २५, बुटवल मेडिया प्रकाशन ।
३६. प्राचीनकालको प्रशासनिक व्यवस्था, स्मारिका २०६८, त्रिभुवन विश्वविद्यालय कर्मचारी संघ, केन्द्रीय समिति काठमाडौं, २०६८, पृ. ९८-१०४ ।
३६. उपनिषद्मा आर्थिक दर्शन, नवक्षितिज स्मारिका २०६८, न्यू होराइजन इङ्लिस बोर्डिङ्ग स्कुल, बुटवल, वि.सं.२०६८, पृ. ५२-५६ ।
३८. कृषि विकासका नीतिहरू र कृषकहरूको मर्यादित कानूनी स्तर, बैंको न्युज, वर्ष ३५ अंक ८, फागुन २०६७, कृषि विकास बैंकिंग केन्द्रीय कार्यालय , काठमाडौं, २०६७, पृ. १२-१७ ।
३९. कौटिलीय अर्थशास्त्रको आर्थिक शब्दावली, पाठ्यक्रम विकास पत्रिका, वर्ष २४, पूर्णांक ३८, वि.सं. २०६६, पाठ्यक्रम विकास केन्द्र, त्रि.वि.वि. कीर्तिपुर, २०६६, पृ. २२-२९ ।
४०. कौटिल्य र मार्क्स- एक तुलनात्मक विश्लेषण, लुम्बिनी दैनिक, बुटवल : सिद्धार्थ मिडिया प्रकाशन, २०६४ ।
४१. कौटिल्य अर्थशास्त्रमा प्रयुक्त मेथोडोलोजी : तन्त्रयुक्ति, बुटवल टु डे, वि.सं २०६४, ऐ. ।
४२. गणतन्त्रका लागि चाहिने आवश्यक नीति : सन्दर्भ नयाँ समाधान पुरानो, नवतिलोत्तमा ३१ बैशाख, २०६४, ऐ. ।
४३. कौटिल्य कालमा प्राकृतिक विपत्तिहरू समाधान सम्बन्धी व्यवस्था, बुटवल टु डे, असार ३१, वि.सं. २०६३, ऐ. ।
४४. महाभारतकालीन पोलिटिकल इकोनोमी- राजधर्मानुशान, जनसंघर्ष, असार १९, वि.सं. २०६३, ऐ. ।
४५. कौटिल्य र उनको अर्थशास्त्र, इन्द्रधनुष, वर्ष १, अंक १, वि.सं. २०६०, रामनगर, नवलपरासी : राइजिंग स्टार सामुदायिक विकास प्रतिष्ठान, वि.सं. २०६०, पृ. ३२-३४ ।
४६. प्राचीन कालमा बजार व्यवस्था, स्वर्ण जयन्ती स्मारिका, वि.सं. २०६०, बुटवलः उद्योग वाणिज्य संघ, बुटवल, वि.सं. २०६० ।

# परिशिष्ट

१. राज्यको आवश्यकता हुने कारण

*बृहस्पतिरुवाच*

राजमूलो महाप्राज्ञ धर्मो लोकस्य लक्ष्यते ।
प्रज्ञा राजभयादेव न खादन्ति परस्परम् ॥ ८ ॥
राजा ह्येवाखिलं लोकं समुदीर्णं समुत्सुकम् ।
प्रसादयति धर्मेण प्रसाद्य च विराजते ॥ ९ ॥
कथा ह्युनदये राजन् शशिसूर्ययोः ।
अन्धे तमसि मज्जेयुरपश्यन्तः परस्परम् ॥ १० ॥
यथा हयनुवदके मत्स्या निराक्रन्दे विहङ्गमाः ।
विहरेयुर्यथाकामं विहिंसन्तः पुनः पुनः ॥ ११ ॥
विमथ्यातिक्रमेरंका विषह्यापि परस्परम् ।
अभावमतिचरेणैव गच्छेयुर्नात्र संशय ः ॥ १२ ॥
एवमेव विना राज्ञा विनश्येयुरिमाः प्रजाः ।
अन्धे तमसि मज्जेयुरगोपाःपशचो यथा ॥ १३ ॥
रेयुर्बलवन्तोऽपि दर्बलानां परिग्रहान् ।
हन्युर्व्यायच्छमानांश्च यदि राजा न पालयेत् ॥ १४ ॥
ममेदमिति लोकेऽस्मिन् न भवेद् सम्परिग्रह ः ।
विष्वग्लोपःप्रवर्तेत यदि राजा न पालयेत् ॥ १५ ॥
यानं वस्त्रमलङ्कारान् रत्नानि विविधानि च ।
हरेयुः सहसा पापा यदि राजा न पालयेत् ॥ १६ ॥
पतेद् बहुविधं शस्त्रं बहुधा धर्मचारिषु ।
अधर्मः प्रगृहितः स्याद् यदि राजा न पालयेत् ॥ १७ ॥
मातरं पितरं वृद्धमाचार्यमतिथिं गुरूम् ।
क्लिश्नियुरपि हिंस्युर्वा यदि राजा न पालयेत् ॥ १८ ॥

वधबन्धवरिक्लेशो नित्यमर्थवतां भवेत् ।
ममत्वं न विन्देयुर्यदि राजा न पालयेत् ॥ १९ ॥
अन्तश्चाकाल एव स्युर्लोको ऽ यं दस्युसाद् भवेत् ।
पतेयुर्नरकंघोरं यदि राजा न पालयेत् ॥ २० ॥
न योनिदोषो वर्तेत न कृषिर्न वणिक्पथः ।
मज्जेद् धर्मसत्तयी न सायद् यदि राजा न पालयेत् ॥ २१ ॥
न यज्ञाः सम्प्रवर्तेयुर्विधिवत् सवप्तदक्षिणः ।
न विवाहाः समाजो वा यदि राजा न पालयेत् ॥ २२ ॥
न वृषाः सम्प्रवर्तेरन् न मथ्येरंश्च गर्गगराः ।
घोषाः प्रणाशं गच्छेयुर्यदि राजा न पालयेत् ॥ २३ ॥
त्रस्तमुद्विग्नहृदय. हाहाभूतमचेतनम् ।
क्षणेन विनशेत् सर्वं यदि राजा न पालयेत् ॥ २४ ॥
नसंवत्सरसत्राणि तिष्ठेयुरकुतोभयाः ।
विधिवद् दक्षिणावन्ति यदि राजा न पालयेत् ॥ २५ ॥
ब्राह्मणाश्चतुरो वेदान् नाधीयीरंरस्तपस्विन : ।
विद्यास्नाता व्रतस्नाता यदि राजा न पालयेत् ॥ २६ ॥
न लभेद् धर्मसंश्लेषं हतविप्रशतो जनः ।
हर्ता स्वस्थेन्द्रियो गच्छेद् यदि राजा न पालयेत् ॥ २७ ॥
हस्ताद्धसतं परिमुषेद् भिद्येरन् सर्वसेतयः ।
भयार्तं बिद्रवेत् सर्वं यदि राजा न पालयेत् ॥ २८ ॥
अनयाः सम्प्रवर्तेयुर्विधिवर्तेरन् भवेद् वै वर्णसंकर : ।
दुर्भिक्षमाविशेद् राष्टूं यदि राजा न पालयेत् ॥ २९ ॥
विवृत्य हि यथाकामं गृहद्वाराणि शेरते ।
मनुष्या रक्षिता राज्ञासमन्ताद्कुतोभया : ॥ ३० ॥
नाक्रुष्टं सहते कश्चित् कुतो वा हस्तलाघवम् ।
यदि राजा न सम्यग् गां रक्षयत्यपि धार्मिक : ॥ ३१ ॥
स्त्रियश्चापुरूषा मार्गं सर्वालंकारभूषिता : ।

निर्भया : प्रतिपद्यन्ते यदि रक्षति भूमिपः ॥ ३२ ॥
धर्ममेव प्रपद्यन्ते न हिंसति परस्परम् ।
अनुगृह्णन्ति चान्योन्यं यदा रषति भूमिपः ॥ ३३ ॥
यजन्ते च महायत्रैस्त्रयो वर्णाः पृथग्विधै : ।
युक्ताश्चाधीयते विद्यां यदा रक्षति भूमिपः ॥ ३४ ॥
वार्तामूलाह्यंलोकस्त्रय्या वै धार्यते सदा ।
तत् सर्वं वर्तते सम्यग् यदा रक्षति भूमिपः ॥ ३५ ॥
यदा राजा धुरं श्रेष्ठामादाय वहति प्रजाः ।
महता बलयोगेन तदा लोकः प्रसीददति ॥ ३६ ॥
यस्याभावेन भूतानामभावः स्यात् समन्ततः ।
भावे च भावो नित्यं स्यात् कस्त. न प्रतिपूजयेत् ॥ ३७ ॥
तस्य यो वहते भारं सर्वलोकभयावहम् ।
तिष्ठन् प्रियाहिते राज्ञ उभौ राज्ञ उभौ लोकाविमौ जयेत् ॥ ३८ ॥
यस्तस्य पुरूषः पापं मनसाप्यनुचिन्त्येत् ।
असंशयमिह क्लिष्टः प्रेत्यापि नरकं व्रजेत् ॥ ३९ ॥
न हि जात्ववमन्तव्यो मनुष्य इति भूमिपः ।
महती देवता ह्येषा नररूपेण तिष्ठति ॥ ४० ॥
कुरूते पञ्चरूपाणि कालयुक्तानि यः सदा ।
भवत्यग्निस्तथाऽऽदित्यो मृत्युर्वैश्रवणो यमः ॥ ४१ ॥
यदा ह्यासीदतः पापान् दहत्युग्रेण तेजसा ।
मिथ्योपचरितो राजा तदा भवति पावकः ॥ ४२ ॥
यदा पश्यति चारेण सर्वभूतानि भूमिपः ।
क्षेमं च कृत्वा व्रजति तदा भवति भास्करः ॥ ४३ ॥
अशुचींश्च यदा क्रुद्ध क्षिणोति शतशो नरान् ।
समुत्रपौत्रान् सामात्यांस्तदा भवति सोऽन्तकः ॥ ४४ ॥
यदात्वधार्मिकान् सर्वोस्तीक्ष्णैर्दण्डैर्नियच्छति ।
धार्मिककांश्चानुगृह्णाति भवत्यथ यमस्तदा ॥ ४५ ॥

यदा तु धनधाराभिस्तर्पयत्युपकारिणः ।
आच्छिनत्ति च रत्नानि विविधान्यपकारिणाम् ॥ ४६ ॥
श्रियं ददाति कस्मैचित् कस्माच्चिदपकर्षति ।
तदा वैश्रवणो राजा लोके भवति भूमिपः ॥ ४७ ॥
नास्यापवादे स्थातव्यं दक्षेणक्लिष्टकर्मणा ।
धर्म्यमाकाङ्क्षता लोकमीश्वरस्यानसूयता ॥ ४८ ॥
नहि राज्ञः प्रतीपानि कुर्वन् सुखमवाप्नुयात् ।
पुत्रो भ्राता वयस्यो वा यद्यप्यात्मसमो भवेत् ॥ ४९ ॥
कुर्यात् कृष्णगतिः शेषं ज्वलितोऽनिलसारथिः ।
न तु राजाभिपन्नस्य शेषं क्वचन विद्यते ॥ ५० ॥
तस्य सर्वाणि रक्ष्याणि दूरतः परिवर्जयेत् ।
मृत्योरिव जुनगुप्सेत राजस्वमिह बुद्धिमान् ॥ ५१ ॥
नश्यृदभिमृशन् सद्यो मृगः कूटमित्र स्पर्शन् ।
आत्मस्वमिव रषेत् राजस्वमिह बुद्धिमान् ॥ ५२ ॥
महान्तं नरकं घोरमप्रतिष्ठमचेतनम् ।
पतन्ति चिररात्राय राजवित्तापहारिणः ॥ ५३ ॥
राजा भोजो विराट् सम्राट् क्षत्रियो भूपतिर्नृपः ।
य एभिः स्तूयते शब्दैः कस्तं नासर्चतुमर्हति ॥ ५४ ॥
तस्माद् बुभूषिर्नियतो जितात्मा नियतेन्द्रिय : ।
मेधावी स्मृतिमान् दक्षः संश्रयेत महीपतिम् ॥ ५५ ॥
कृतज्ञं प्राज्ञमक्षुद्रं दृढभक्तिं जितेन्द्रियम् ।
धर्मनित्यं स्थितं नीत्यं मन्त्रिर्णं पूज्येन्नृप : ॥ ५६ ॥
दृढभक्तिं कृतप्रज्ञ धर्मज्ञं संयतेन्द्रियम् ।
शूरमक्षुद्रकर्माणं निषिद्धजनमाश्रयेत् ॥ ५७ ॥
राजा प्रगल्भं कुरूते मनुष्यं
राजा कृशं वै कुरूते मनुष्यं ।
राजाभिपन्नस्य कुतः सुखानि

**राजाभ्युपेतं सुखिनं करोति ॥ ५८ ॥**
**राजा प्रजानां प्रथमं शरीरं**
**प्रजाश्च राज्ञोऽप्रतिमं शरीरम् ।**
**राज्ञाविहीना न भवन्ति देशा**
**देशैर्विहीना न नृपा भवन्ति ॥**
**राजा प्रजानां हृदयं गरीयो**
**गतिः प्रतिष्ठा सुखमुत्तमं च ।**
**समाश्रिता लोकमिमं परं च**
**जयन्ति सम्यक् पुरूषा नरेन्द्रः॥ ५९ ॥**
**नराधिपश्चाप्यनुशिष्य मेदिनीं**
**दमेन सत्येन च सौहृदेन ।**
**महद्भिरिष्ट्वा क्रतुभिर्महायशा**
**स्त्रिविष्टपे स्थानमुपैति शाश्वतम् ॥ ६० ॥**

बृहस्पतिले भने– हे महाप्राज्ञ, लोकमा जुन धर्म देखापर्छ, यसको मूल राज्य हो । राजभय नभएमा प्रजाले एक अर्कालाई खाइदिन्छन् । राजाले मर्यादा उल्लङ्घन गर्ने तथा अनुचित भोगमा आसक्त रहनेहरूलाई आफ्नो धर्मानुकूल शासनले प्रसन्न राख्न सक्छ । ऊ आफैं पनि प्रसन्नतापूर्वक रहेर आफ्नो तेजले अरूलाई प्रकाशित गर्छ । हे राजन, जसरी सूर्य र चन्द्रमा उदाएनन् भने सारा प्राणी अन्धकारमा डुब्न जान्छन् । एकले अर्कालाई देख्न सक्दैनन् । जसरी थोरै पानीको सानो पोखरीमा माछाहरूले एक अर्कालाई नाश गर्छन्, जसरी रक्षक नभएको बगैंचामा बलिया चराहरूले कमजोरलाई ठुँग्छन्, त्यसै गरी राजा नभएको देशमा सारा मानिसहरू आपसमा लडाईं झगडा गर्दै गोठालो नभएका गाईको बथानले दुख पाएझैं दुख पाउने छन् ।८–१३।

राज्यले कमजोर मानिसको रक्षा गरेन भने घरपतिहरूको हत्या गरेर बलियाले उनीहरूका छोरी बुहारी लुटेर लैजानेछन् । कसैले पनि घर, स्त्री,

पुत्र, धन केही पनि मेरो हो भनी आफ्नो भन्न सक्ने छैन । पापाचारीहरूले सजिलै वाहन, अस्त्र, आभूषण, रत्न लुटेर लैजाने छन् । धर्मात्मा पुरूषहरूमाथि बारम्बार आक्रमण र अत्याचार हुनेछ । उनीहरूले पनि बाध्य भएर अधर्मको बाटो लिने छन् । दुराचारीहरूले माता, पिता, वृद्ध, आचार्य, अतिथि, र गुरूलाई दुख दिनेछन्, मार्ने छन् । धन मानिसहरू प्रतिदिन बन्धकी बनाइने छन् वा तिनीहरूको हत्या हुनेछ । उनीहरूले आफ्नो धनलाई पनि आफ्नो भन्न सक्ने छैनन् । मानिसहरू अकालमा नै मर्ने छन्, सारा जगत् चोर डाँकुहरूका अधीन हुन जानेछ ।१४-२०।

खेती नष्ट हुनेछ । व्यापार चौपट हुनेछ । धर्म डुब्नेछ । वेद लोप हुनेछ । व्याभिचारको विरोध कसैले गर्न सक्ने छैन । विधिवत् यज्ञको परम्परा हराउनेछ । विवाह आदि सामाजिक कार्य रोकिने छ । पशुपालन अव्यस्थित भई साँडले गाईमा गर्भाधान गर्न सक्ने छैन । दूध दहीको अभाव हुने छ । गोशाला नष्ट हुन जानेछ ।२१-२३।

सारा जगत भयभीत, बेचैन, हाहाकार गरी बस्ने छ । मानिसहरू उत्तिखेरै अचेत हुन जानेछन् । नियमित यज्ञ र आय हस्तान्तरण कार्य हुने छैन । ब्रह्मचर्य व्रत धारण गरेर विद्या आर्जन गरेका तपस्वी र ब्राहमणले वेदको अध्ययन गर्न छोडेर अन्य बाटो लिने छन् ।२४-२६।

चोरले हाकाहाकी घरको मालमत्ता लिएर हिंड्ने छन् । मानिसका हातको सामान पनि खोसेर लैजाने छन् । न्यायको मर्यादा नरहनाले मानिसहरू भयभीत भएर चारैतिर हाहाकार र भागाभाग गर्ने छन् । चारैतिर अन्याय र अत्याचार फैलिने छ । वर्णसंकर सन्तान जन्मने छन् । देशमा अनिकाल भइरहने छ । राज्यद्वारा रक्षित नभएकाले सम्मानित मानिसहरूले गाली गलौज सुनेर बस्नु पर्छ, पिटाइ खानु पर्छ र अपमानित भइरहनु पर्छ ।२७-३०।

राज्यले रक्षा गरिएका मानिस चारै तिरबाट ढुक्क भई ढोका खोलेर निदाउन सक्छन् । गहना लगाएका महिलाहरू एक्लै ढुक्कसंग बाटाहरूमा हिंड्न सक्छन् । राज्यबाट रक्षित मानिसहरूले आआफ्नो कर्तव्य पालन

गर्छन् । कसैले हिंसा गर्दैनन् । सबले एक अर्कासँग मेलमिलाप गरी रहन्छन् । **वर्ण** अनुसार यज्ञ सम्पन्न गर्छन् । विद्यार्थीहरूको पढाई सुचारू हुन्छ ।३१-३४।

सुरक्षाले गर्दा शान्ति भएको राज्यमा वार्ता (कृषि, पशुपालन, वाणिज्य) को आधारमा सबैको जीविका सुचारू रहन्छ । त्रयीले विद्या संरक्षण भएर मानिसहरूमा सभ्यता र संस्कार हुन्छ । सैन्य व्यवस्थाका आधारमा आन्तरिक र बाह्य सुरक्षा गरेर समाजलाई ढुक्क राख्नु पर्छ । जसको कारणले समाजको अस्तितत्व सुरक्षित छ, त्यसको समुचित सम्मान गर्नु पर्छ । जुन राजाले प्रजाको हित साधन गर्दै सर्वलोक भयावह शासन भार वहन गर्छ उसले यस लोक र परलोक दुवैमा सम्मान पाउँछ । जसले मनले पनि यस्ता (दण्डधर) राजाको अनिष्ट चिन्तन गर्छ उसले यस लोक र परलोक दुवैमा कष्ट भोग्छ । यो पनि मान्छे हो भन्ठानेर राजाको अवहेलना गर्नु हुँदैन । ऊ मानिसको रूपमा देवता नै हो ।३५-४०।

राजाले चोर, डाँकु, र पापीहरूलाई भस्म गर्दा अग्निको रूप लिन्छ । गुप्तचरको सहायताले समस्त प्रजाको रेखदेख गर्दा सूर्यको रूप लिन्छ । जब ऊ कुपित भएर अशुद्धाचारी मानिस र उसको वंशनाश गर्छ, त्यस बेला ऊ मृत्युरूप हुन्छ । अधार्मिकलाई दण्ड र धर्मात्माहरू माथि अनुग्रह गर्दा यमराज स्वरूप हुन्छ । राज्यविरोधीको धन हरण गर्दै राज्य हितैषीलाई खुशी भएर धन दिंदा तथा ऊ कुबेर स्वरूप बन्छ । ४१-४७। समस्त काममा निपुण, काम सजिलो गरी टुङ्गो लगाउने, दोष दृष्टिरहित मानिसले देशको शासक राजाको निन्दा गर्नु हुँदैन । राजाको विपरीत आचरण गर्ने मानिस र उसका निकटवर्तीले कहिल्यै सुख पाउँदैनन् ।४८-४९।

राजाले रक्षण गरेका वस्तुहरू लिने इच्छा गर्नु हुँदैन । राजधनको अपहरणको कुरा मनमा ल्याउनु हुँदैन । जसरी मारण मन्त्रको प्रयोग गर्नासाथ हरिण नाश हुन्छ, त्यसै गरी राजाको धनमा हात लगाउने मानिस तत्काल नाश हुन जान्छ । त्यसैले बुद्धिमान मानिसले आफ्नो धनको सुरक्षा गरे झै ॱराजधनको सुरक्षा गर्नु पर्छ । राजाको धन अपहरण गर्नेहरू धेरै

समयका लागि डरलाग्दो नरकमा खस्न जान्छन् । भोज, विराट, सम्राट, क्षत्रिय, भूपति, र नृप नामले राजाको स्तुति गरिन्छ । आफ्नो उन्नतिको कामना गर्ने स्मरणशक्ति युक्त, र कार्यदक्ष मानिसले मन र इन्द्रियलाई संयम राख्दै राजाको आश्रय लिनु पर्छ ।५१-५५।

राजाले पनि कृतज्ञ, विद्वान्, महामना, जितेन्द्रिय, नित्य, धर्म परायण, नीतिज्ञ मन्त्रीको आदर गर्नु पर्छ । उसले युद्ध विशारद, बुद्धिमान, धर्मज्ञ, जितेन्द्रिय, शूरवीर, र श्रेष्ठ कर्म गर्नेलाई सेनापति बनाउनु पर्छ । राजाले मानिसलाई बलियो पनि बनाउँछ भने राजाले नै मानिसलाई निर्बल पनि बनाउँछ । राजाको रोषमा परेको मानिसले सुख पाउँदैन । राजा बिना प्रजा हुन सक्दैन भने प्रजा बिना राजा हुन सक्दैनन् । राजा प्रजाको प्रधान शरीर हो भने प्रजा राजाको अनुपम शरीर हो । सुरक्षित राज्यको आश्रय लिनेहरूले यस लोक र परलोकमा विजय प्राप्त गर्छन् । राजाले पनि इन्द्रिय संयम, सत्य र सौहार्द साथ शासन गरेर ठुल्ठूला यज्ञ अनुष्ठानद्वारा यशभागी भइ स्वर्गलोकमा सनातन स्थान प्राप्त गर्छ ।५६-६०।

**(महाभारत शान्ति पर्व अध्याय ६८)**

२. बृहस्पतिका नीतिहरू : केही छनौट गरिएका श्लोक

**न तत् परस्य संदध्यात् प्रतिकूलं यदात्मनः ।**
**एषद् संक्षेपतो धर्म : कामादन्यः प्रवर्तते ।।महाभारत अनुशासन पर्व.११३.८।।**

जुन कुरा आफुलाई मन पर्दैन, त्यो अरूका प्रति पनि गर्नु हुंदैन । यो नै धर्मको हो । यस बाहेकका व्यवहार कामनामूलक हुन्छन् ।

**सर्वेभवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।**
**सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दःखमाग्भवेत् ।। गरूड पुराण २.३५.५२ ।।**

सबैको मंगल होस् । कसैलाई कुनै दुख नपरोस् । सबैले राम्रै कुरा देखुन् ।

**सद्भिः सङ्गं प्रकुर्वीत सिद्धिकामः सदा नर : ।**
**नासद्भिरिहलोकाय परलोकाय वा हितम् ।। १०८.२।।**

सफलता प्राप्त गर्न इच्छुक मानिसहरूले सत्पुरूषहरूको संगत गर्नु पर्छ । असत्पुरूषको संगतले यसलोकमा पनि कल्याण हुँदैन र परलोकमा पनि ।

**सद्भिरासीत सततं सद्भिः कुर्वीत सङ्गतिम् ।**
**सद्भिर्विवादंमैत्रीं च नासद्भिः किञ्चिदाचरेत् ।।११३.२।।**

सज्जनहरूको संगत निरन्तर गरिरहनु पर्छ । मैत्री होस् कि विवाद सबै सज्जनहरूसंग मात्र गर्नु पर्छ । दुर्जनसंग पनि केही पनि आचरण नगरोस् ।

**विप्राणां भूषणं विद्या पृथिव्या भूषणं नृपः ।**
**नभसो भूषणं चन्द्र : शीलं सर्वस्य भूषणम् ।।११३.१३।।**

विप्रको गहना विद्या हो । पृथ्वीको गहना राजा हो । आकाशको गहना चन्द्रमा हो । शील सबैको गहना हो ।

**तन्मंगलं यत्र मनः प्रसन्नं**
**तज्जीवनं यत्र परस्य सेवा ।**
**तदर्जितं यत्स्वजनेन भुक्तं**
**तद्गर्जितं यत्समरे रिपुणाम् ।। ११५.५४।।**

मङ्गलकारी त्यही हो जसले मन प्रसन्न हुन्छ । जीवन त्यही हो जुन परसेवामा लागेको छ । धनार्जन त्यही हो जुन जसलाई आफ्ना

मानिसहरूसंग बाँडेर उपभोग गरिन्छ । गजृना त्यही हो जुन युद्धभूमिमा शत्रुका अगाडि गरिन्छ ।

**अधमाः कलिमिच्छन्ति सन्धिमिच्छन्ति मध्यमाः ।**
**उत्तमा मानमिच्छन्ति मानो हि महतां धनम् ॥ ११५.११॥**

अधम मानिसहरूले कलह र झगडा रूचाउँछन् । मध्यम कोटिकाले मेलमिलापको इच्छा गर्छन् । तर उत्तम कोटिका मानिसले मानको कामना गर्छन् । उनीहरूका लागि मान नै परम धन हो ।

**वनेऽपि सिंहा च नमन्ति कर्णं**
**बुभुक्षिता नाशनिरीक्षणं च ।**
**धनैर्विहीनाःसकुलेषु जाता**
**न नीचकर्माणि समारभन्ति ॥ ११५.१४॥**

वनको भोका सिंहले पनि कान झुकाएर अरू कसैले दिएको खाने कुरा खान्न । त्यसै गरी धनरहित हुँदा पनि उत्तम कुलका मानिस नीच कार्यमा प्रवृत्त हुँदैनन् ।

**कुले नियोजयेद् भक्तं पुत्रंविद्यासु योजयेत् ।**
**व्यसने योजयेच्छत्रुमिष्टंधर्मे नियोजयेत् ॥११०.१०॥**

भक्तलाई परिवार सेवामा लगाउनु पर्छ । सन्तानलाई विद्याआर्जनमा लगाउनु पर्छ । शत्रुलाई कष्टप्रद काममा लगाउनु पर्छ तथा मित्रहरूलाई धार्मिक काममा लगाउनु पर्छ ।

**कुसुमस्तबकस्येव द्वे गती तु मनस्विनः ।**
**मूर्ध्नि वा सर्वलोकानां शीर्यतः पतितो वने ॥ ११०.१३॥**

मनस्वी मानिसहरूका पुष्प गुच्छा झैं दुई प्रकारका गति हुन्छन् । कि उनीहरू मानिसहरूको सिरमा सुशोभि हुन्छन् कि झरेर एकान्तमा सुक्छन् ।

**आकारैरिङ्गितैर्गत्या चेष्टया भाषितेन व ।**
**नेत्रवक्त्रविकाराभ्यां लक्ष्यतेऽन्तर्गतं मनः॥ १०९.५२॥**

मानिसका मनोभाव आकार, गति, चेष्टा, चिन्ह, वाणी, नेत्र, मुख, का विकारद्वारा हुन्छ । हावभाव मानिसका अन्तरतमका परिचायक हुन् ।

**स जीवति गुणो यस्य धर्मो यस्य स जीवति ।**
**गुणधर्मविहीनो यो निष्फलं तस्य जीवनम् ॥ १०८.७॥**

त्यसलाई नै जीवित व्यक्ति भनिन्छ, जसका गुण-धर्म जीवित छन् । गुणधर्म विहीन मानिसको जीवन निष्फल छ ।

**त्यजेदेकं कुलस्यार्थे ग्रामस्यार्थे कुलंत्यजेत् ।**
**ग्रामं जनपदसयार्थे आत्मार्थे पृथिवीं त्यजेत् ॥ १०९.२॥**

कुलाको रक्षाका लागि व्यक्ति विशेषको रगाउँको रक्षाको लागि कुलको त्याग गर्नु पर्छ । जनपदको रक्षाका लागि गाउँलाई र आत्मकल्याणका लागि संसारको परित्याग गर्नुपर्छ ।

**आपत्सु मित्रं जानीयाद् रणे शूरं रहः शुचिम् ।**
**भार्यां च विभवे क्षीणे दुर्भिक्षे च प्रियातिथिम् ॥१०९.८ ॥**

आपत्कालमा मित्रको, रणभूमिमा बहादुरको, एकान्तमा चरित्रको परीक्षा हुन्छ । धनाभाव हुँदा पत्नी र अनिकालमा अतिथि सत्कारप्रियताको परीक्षा हुन्छ ।

**वृक्षं क्षीणफलं त्यजन्ति विहगाः**
**शुष्कं सरः सारसा**
**निर्दव्यं पुरूषं त्यजन्ति गणिका**
**भ्रष्टं नृपं मन्तित्रणः ।**
**पुष्पं पर्युषितं त्यजन्ति मधुपा**
**दग्धं वनान्तं मृगाः**
**सर्वं कार्यवशाज्जनो हि रमते**
**कस्यासित को वल्लभः ॥ १०९.९॥**

चराले त्यस वृक्षलाई त्याग गर्छन् जसका सबै फल क्षीण भएका हुन्छन् । पोखरी सुक्यो भने सारसले त्यसलाई छोडेर जान्छन् । धन नभएकालाई वेश्याले त्याग गर्छन् । राज्यहीन भएका राजालाई उसका मन्त्रीले त्याग गर्छन् । बासी फूललाई भमराले त्याग गर्छन् । आगो लागेको वनलाई मृगले त्याग गर्छन् । यस संसारमा कोही पनि कसैको प्रियपात्र छैन । केवल स्वार्थ सिद्धिका लागि प्रेमको नाटक गर्छन् ।

**स बन्धुर्यो हिते युक्तः स पिता यस्तु पोषकः ।**
**तन्मित्रं यत्र विश्वासः स देशो यत्र जीवइते ॥ १०८.१५॥**

बन्धु त्यो हो जो हितकारी हुन्छ । पिता त्यो हो जसले भरणपोषण गर्छ । मित्र त्यही हो जसको भर पर्न सकिन्छ । स्वदेश त्यही हो जहाँ आजीविका प्राप्त हुन्छ ।

**अदृष्टपूर्वा बहवः सहायाः**
**सर्वे पदस्थ भवन्ति मित्राः ।**
**अर्थैविहीनस्य पदच्युतस्य**
**भवत्यकाले स्वजनोऽपि शत्रुः ॥ १०९.७ ॥**

उच्च पदमा बसेको मानिसका बिर्सिएका अनेक अज्ञात मित्र पनि प्रकट हुनथाल्छन् । यसको विपरीत अर्थहीन भए पछि आफ्नै चिनजान पनि शत्रु हुनजान्छन् ।

**त्यज दुर्जन संसर्गं भज साधुसमागम् ।**
**कुरू पुण्यमहोरात्रं स्मर नित्यमनित्यताम् ॥ १०८.२६॥**

दुर्जनको संगत नगर । साधुहरूको समागम गर । रात दिन पुण्य गर । प्रतिपल संसारको अनित्यता चिन्तन गर ।

**शनैर्विद्या शनैरर्थाः शनैः पर्वतमारहेत् ।**
**शनै कामं च धर्मं च पञ्चैतानि शनैः शनैः ॥ १०९.४६ ॥**
**उपकारगृहीतेन शत्रुणा शत्रुमुद्धरेत् ।**
**पादलग्नं करस्थेन कण्टकेनैव कण्टकम् ॥ ११०.२ ॥**

उपकारद्वारा वशमा गरेका शत्रुलाई प्रयोग गरेर अर्को शत्रुको उद्धार गर्नु पर्छ । खुट्टामा बिझेको काँडो अर्को काँडाका मद्दतले निकालिन्छ ।

**वाग्यन्त्रहीनसय नरस्य विद्या**
**शस्त्रं यथा कापुरूष हस्ते ।**
**न तुष्टिमुत्पादयते शरीरे**
**अन्धस्य दारा इव दर्शनीयाः ॥ ११०.२॥**

वाणीविहीन मनुष्यको विद्या कायरको हातमा राखिएको शस्त्रसरह निष्फल हुन्छन् । विद्याको प्रभाव त्यसै गरी फलहीन हुन्छ । जस्तो अन्धो मानिसका लागि सुन्दर नारीहरूको शृङ्गार निष्फल छ ।

महाभारत अनुशासन पर्व. ११३.८, गरूडपुराण अध्याय १०८ देखि ११५
**(कल्याण नीतिसार अङ्क पृ. ४४१-४४५ बाट)**

### ३. सत्यार्थ प्रकाशमा राजधर्म

नेपालको प्रजाजन्त्र आन्दोलनका प्रतीक शहीद शुक्रराज शास्त्रीका प्रेरणास्रोत र भारतीय स्वराज्य आन्दोलनका सूत्रधार महर्षि दयानन्द सरस्वतीले सत्यार्थ प्रकाशमा राजशास्त्रका वैदिक परम्पराको व्याख्या गरेका छन् । यो पुस्तक प्रथम पटक सन् १८७५ मा प्रकाशित भएको थियो । लगत्तै यसको नेपाली अनुवाद सन् १८७९मा प्रकाशित भयो । यसका अनुवादक साहित्यकार दिलुसिंह राई हुन् । यसको अध्याय ६ मा उनले ऋग्वेद र अथर्ववेदबाट राजशास्त्रका उदाहरण प्रस्तुत गर्दै भनेका छन्- सुखको प्राप्ति र विज्ञानको वृद्धिका लागि राजा र प्रजाका मानिसहरूले मिलेर राजा प्रजा व्यवहार नियत गर्ने तीन सभा (विद्या सभा, धर्मसभा, र राज्यसभा) गठन गर्नु पर्छ । यसले बनाएका नीतिका आधारमा राज्यका सबै प्रकारका मानिसहरूलाई असल विद्या, स्वतन्त्रता, धर्म, सुशिक्षा र धनले राम्ररी सुशोभित गर्नु पर्छ ।[१] (सत्यार्थ प्रकाश, सन् २०१३, पृ. ११६) यस राजधर्मको नियमलाई तीनवटै सभा तथा सेना सबैले पालन गर्नु पर्छ ।[२] यदि सबैले त्यसको उचित पालन गरेनन् भने स्वछन्द बनेका राजवर्गले प्रजाको नाश गर्नेछ । एक्लो राजा उन्मत्त (निरङ्कुश) बनेर प्रजालाई खानेछ (पीडा दिनेछ) । त्यसैले राज्यमा कुनै निकाय पनि पूर्ण स्वतन्त्र हुनु हुँदैन । मांसाहारी बलियो पशुले कमजोरलाई मारेर खाए जस्तै स्वछन्द राजाले प्रजाको नाश गरीदिन्छ ।[३] (उही, पृ. ११७)

शासकको योग्यताका बारेमा उनले भनेका छन्- समुदायका लागि ऐश्वर्यकर्ता, शुत्रसंग निडरता साथ भिड्ने, राजाहरूमा सर्वोपरि स्थान बनाउन सक्ने, अत्यन्त योग्य र प्रशंसनीय गुण कर्म भएको, सत्कारयोग्य,

---

[१]त्रीणि राजाना विदथे पुरूणि परि विश्वानि भूषथः सदांसि ॥ ऋग्वेद ३.३८.६ ॥

[२]तं सभा च समितश्च सेना च ॥१॥ अथर्व १५.२.९.२॥
सभ्य सभां मे पाहि ये च सभ्याः सभासद् : ॥ अथर्व १९.७.५५.६॥

[३]राष्ट्रमेव विश्या हन्ति तस्माद्राष्ट्री विशं घातुकः ॥ विशमेव राष्ट्रायाद्यां करोति तस्माद्राष्ट्री विशमत्ति न पुष्टं पशुं मन्यत इति ॥१॥ शतपथ. १३.२.३ ॥

शरण लिने योग्य, सबैबाट सम्मानित मानिसलाई सभाको सभापति राजा बनाउनु पर्छ ।[४] (उही, पृ. ११७) प्रजाले सहमति गरेर सर्वत्र पक्षपातरहित पूर्ण विद्या विनययुक्त सबका मित्र सभापति राजालाई सर्वाधीश मानेर सारा भूगोललाई शत्रुरहित बनाउनु पर्छ । यस्तो चक्रवर्ती राजाले ठुल्ठूला विद्वान्हरू भएको सभा बनाउनु पर्छ । राज्यको पालन पोषण गर्दै राज्यलाई परम ऐश्वर्ययुक्त र धनसम्पत्तिल परिपूर्ण बनाउनु पर्छ ।[५] (हे राजपुरूष), तिमीहरूका आयुध शतघ्नी (तोप), भुशुण्डी (बन्दूक) धनुष, बाण, तरवार आदि शस्त्र शत्रुहरू पराजित गर्ने, रोक्ने काममा दृढ र प्रशंसित भइजाउन् । तिम्रो सेना प्रशंसनीय होस् र तिमी विजयी भइ जाउ । तर जो निन्दित अन्यायपूर्ण काममा लिप्त छ त्यस्तालाई यी सबै कुरा नहोस् ।[६]

विद्वान्हरूको सभा विद्यासभाधिकारी, धार्मिक विद्वान्को सभा धर्मसभाधिकारी, असल सत्पुरूषलाई राजभाका सभासद्, उनीहरूमा सर्वोत्तम गुण, कर्म, स्वभाव भएका महान् पुरूषलाई राजसभाको स्वामी रूपमा स्वीकार गरेर सबै प्रकारको उन्नति गरून् । तीनवटै सभाको सम्मति लिएर राजनीतिका उत्तम नियमका आधीन सबैले व्यवहार गर्दै सबैको हितकारक काम गर्ने सल्लाह गर्नु पर्छ । सबैको हित हुने काममा परतन्त्र, र धर्मयुक्त (प्रत्येकको स्वकर्तव्य) काम पूरा गर्ने काममा सबै स्वतन्त्र हुनुपर्छ । (उही, पृ. ११८) राजधर्मको व्याख्या गर्दै उनले भनेका छन्– राजकीय काम कारवाहीमा शङ्का भएका चारवेद, मनुस्मृति, शुक्रनीति, महाभारत आदिका आधारमा निश्चय गर्नुपर्छ । तर उनले पौरस्त्य राजशास्त्रका अन्य ग्रन्थ कोटिलीय अर्थशास्त्र, कामन्दकी इत्यादिको उल्लेख भने गरेका छैनन् । यसबाट उनीलाई ती ग्रन्थहरू उपलब्ध नभएको बुझ्न सकिन्छ ।

[४]इन्द्रो जयाति न पराजयाता अधिराजो राजसु राजयातै ।
चर्कृत्य ईड्यो वन्द्यश्चोपसद्यो नमस्यो भवेह ॥ अथर्व ६.१०.९८.१॥

[५]इमं देवाऽअसपत्नँ् सुवध्यं महते क्षत्राय महते ज्यैष्ठ्याय महते जानराज्यायेन्द्रियाय ॥१॥ यजु ९.४० ॥

[६]स्थिरा वः सन्त्वायुधा पराणुदे वीलू उत प्रतिष्कभे ।
युष्याकमस्तु तविषी पनीयसी मा मर्त्यस्य मायिनः ॥ ऋग्वेद १.३९.२ ॥

# लेखकका पूर्वप्रकाशित पुस्तकहरूबारे केही टिप्पणी

- आधा जिस्ता' कृति पढ्दा उहाँको जीवन शैली पूर्वीय मूल्य मान्यतामा रमाए झैं लाग्छ । यो कृति पठनीय र संग्रहणीय रहेको छ । भाषा शैली सरल र शिष्ट छ । साथै बौद्धिक, नैतिकतावादी र प्रेरणादायी छ ।
**- गङ्गा अभिलाषी,**
*हाम्रो पुरुषार्थ अंक ८३,* किरण पुस्तकालय गुल्मी
(लेखकको आधा जिस्ता लेख संकलनबारे)

- 'आधा जिस्ता' पुस्तकका लेखहरू ज्ञानवर्द्धक, सरूचिपूर्ण र पठनीय छन् । लेखक अर्थशास्त्रका प्राध्यापक भए पनि उनमा अन्तर्विषयक ज्ञान छ भन्ने स्पष्ट हुन्छ । कुनै पनि विषयलाई एउटा दृष्टिले मात्र नहेरेर अनेक दृष्टिले हेर्ने चेत यसमा पाइन्छ । प्रस्तुत पुस्तक अध्ययनरत विद्यार्थी, स्वतन्त्र पाठक, पत्रकार, समाज सुधारक जो कोहीलाई पनि उत्तिकै महत्वपूर्ण छ ।
**- राजु भूसाल,**
*मेचीकाली दैनिक,* श्रावण २५, २०७६, (लेखकको आधा जिस्ता संकलनबारे)

- पूर्वीय अर्थशास्त्रकै जगबाट पाश्चात्य अर्थशास्त्र विकसित भएको हो । यस वास्तविक तथ्यलाई आधुनिक पिँढीले बिर्सेको वास्तविक यथार्थलाई बाबुराम ज्ञवालीले अत्यन्त सारगर्भित रूपमा प्रस्तुत गर्नुभएको छ । अर्थशास्त्र विषयको अध्ययन र अनुसन्धानका लागि प्रस्तुत कृति निकै उपयोगी रहेको छ ।
- *हाम्रो पुरुषार्थ* ४१ (१), कार्तिक पुस २०७०, भानु विशेषाङ्क, प्रकाशक किरण पुस्तकालय, तम्घास, गुल्मी, **पूर्वीय अर्थशास्त्र : प्राचीनतम तथ्य, नवीनतम जानकारी पुस्तक**को समीक्षा

- यस पुस्ककमा अर्थशास्त्री डा. बाबुराम ज्ञवालीले यी दसजना अर्थशास्त्रीहरूको विषयमा मात्र लेखेका छैनन्, उनले विभिन्न कृतिहरूमा पाश्चात्य जगतमा विकसित भएका आर्थिक मूल्यहरू र पूर्वीय जगतमा विकसित भएका आर्थिक मूल्यहरूको तुलनात्मक अध्ययन अनुसन्धान पनि गरेका छन् ।
**ऋषि आजाद,**
*जनसंघर्ष पुस २, २०७४* **(दस जना पूर्वीय आर्थिक चिन्तक पुस्तकबारे)**

- पूर्वीय अर्थशास्त्र विषयमा विद्यावारिधि गरेका अर्थशास्त्र विषयका प्राध्यापक डा. बाबुराम ज्ञवालीले बाह्रवटा निबन्धहरूको संग्रह आधा जिस्ता नाम गरेको साहित्यिक कृति प्रकाशित गर्नु भएको छ... 'वास्तवमा अक्षर पढ्नुभन्दा अक्षरभित्रको

कुरा पढ्नु झनै चुनौतीपूर्ण मानिन्छ । यो कुरा लेखकको कृति पढे पछि अझ स्पष्ट हुन्छ । अझ रमाइलो कुरा त कागजी युग अर्थात् हार्ड कपि को जमाना सम्झना गर्न लेखकले प्रस्तुत संकलनको नाम 'आधा जिस्ता' राखेका छन् ।

**शिव पौड्याल**

बुटवल टु डे, असार २१, शनिवार २०७५ (*आधा जिस्ताबारे*)

- प्राध्यापक डा. बाबुराम ज्ञवालीद्वारा लिखित पूर्वीय आर्थिक दर्शनको ग्रन्थ पढिसकेपछि मलाई यस्तो लागिरहेको छ कि यो एउटा आधुनिकता र प्राचीनता गरी दुबै अर्थशास्त्रको सैद्धान्तिक सागरको वास्तविक गहिराइमा डुबुल्की मार्दै कुशलतासाथ पौडिएर सिर्जना गरिएको कृति हो ।

**– खुम बहादुर बस्नेत,**

*मिर्मिरे* वर्ष ४२, अङ्क २, पूर्णाङ्क ३२१, वि.सं. २०७०,
**पूर्वीय अर्थशास्त्र : प्राचीनतम तथ्य नवीनतम जानकारी** पुस्तकको समीक्षा

- मानव समाज भौतिक रूपमा समृद्ध हुँदै गए तापनि आर्थिक व्यवस्थापनका चुनौती झन् झन् थपिँदै गइरहेका छन् । त्यसैले हरेक युगमा अर्थशास्त्रको अध्ययनलाई निकै महत्त्व दिइएको पाइन्छ । अर्थशास्त्रको उचित व्यवस्थापन बिना कुनै पनि परिवर्तन अग्रगामी हुन सक्दैन । पूर्वीय सभ्यताका सुरूआति दिनका अर्थशास्त्रीय प्रयोगलाई सजिलै बुझ्न सकिने पुस्तक हो पूर्वीय अर्थशास्त्र ... ।

**– माधव गौतम,**

*पाठशाला* वि.सं. २०७०, मंसिर, वर्ष ५, अंक ७,
**पूर्वीय अर्थशास्त्र : प्राचीनतम तथ्य, नवीनतम जानकारी**को समीक्षा

- The book offers a key to open the treasure of oriental economics. It states that ancient economic thoughts were very rich and are still relevant in the present context. Credit does not go to a single stage for building an entire oriental economic system; each and every stage adds a store in making the system prosperous and scientific.

**– बैकुण्ठ पाण्डे,**

*इकोनोमिक जर्नल अफ् डेभलोपमेन्ट इस्युज,*
भोल्युम १५-१६, सन् २०१३, पाटन क्याम्पस

- हिन्दु धर्म, वेदान्त र पूर्वीय दर्शनमा गहिरो रूचि राख्नु हुने डा. ज्ञवालीले आधुनिक अर्थशास्त्रले नसमेटेको र हजारौं वर्षदेखि पूर्वीय समाजमा अस्तित्वमा रहेको दर्शन र प्रयोग भित्र लुकेको अर्थशास्त्रका बारेमा गहन अध्ययन गर्नु भएको छ ।

**- युवराज कँडेल,**

*पाठशाला* मासिक वर्ष २ अङ्क ९, भाद्र आश्विन, वि.सं. २०६९ ।

**प्रा.डा. बाबुराम ज्ञवाली**

त्रिभुवन विश्वविद्यालयबाट अवकाश प्राप्त प्रा. डा. ज्ञवालीलाई ४० वर्षभन्दा बढीको शिक्षण अनुभव छ । उहाँले पूर्वीय अर्थशास्त्रको क्षेत्रमा वि.सं. २०६० देखि निरन्तर शोध अनुसन्धान, निर्देशन, कार्यपत्र प्रस्तुतीकरण तथा शोध पत्रिकाहरू प्रकाशन गर्दै आउनु भएको छ । पूर्वीय अर्थशास्त्रका उहाँका लेखहरू प्रतिष्ठित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । विश्वविद्यालय पाठ्यक्रममा उहाँका पुस्तकहरू सन्दर्भ पुस्तकको रूपमा राखिएका छन् ।

**बृहस्पति सूत्र अर्थात् बार्हस्पत्य राजार्थशास्त्र**

आचार्य बृहस्पतिलाई कौटिलीय अर्थशास्त्रमा प्रमुख अर्थशास्त्र विचारकको रूपमा सम्मान व्यक्त गरिएको छ । नयशास्त्र र नीतिसारका प्रत्येक ग्रन्थमा बृहस्पतिका भनाईहरू उल्लेख गरिएका छन् । बृहस्पतिका प्रत्यक्ष शिष्य र अप्रत्यक्ष शिष्यहरूको लामो परम्परा देखिन्छ । यस परम्परालाई बार्हस्पत्य भनिन्छ । बृहस्पतिको लामो शिष्य परम्परा भए तापनि बृहस्पतिका सबै विचार कुनै एक ग्रन्थमा पाईंदैन । उनका विचार नीति ग्रन्थ, स्मृति ग्रन्थ, महाभारत, पुराणहरूमा छरिएका छन् । उनको नामबाट अर्थसूत्र वा बृहस्पति सूत्र नामको एक सानो ग्रन्थमात्र उपलब्ध छ । त्यसै ग्रन्थका सूत्र तथा तिनीहरूको शोधपूर्ण टिप्पणीसहितको अनुवादको रूपमा यो पुस्तक प्रकाशन गरिएको छ । पूर्वीय अर्थशास्त्रको क्षेत्रमा गहन अध्ययन गर्नेहरूका लागि यो एक सन्दर्भ पुस्तक हुनेछ भन्ने विश्वास गरिएको छ ।





प्रकाशक

**किरण पुस्तकालय**

रेसुङ्गा नगरपालिका-८, चिदीचौर

तम्घास, गुल्मी

नेपाल

२०७६

9 789937 083218